# खोज

# खोज

# खोज

**पहिलो संस्करण**

बि.सं. २०५६ (सन् १९९९)

**छापिएको प्रति**

१०००

**सम्पादक**

राजेन्द्र दाहाल

**लेआउट डिजाइन**

ज्ञानमणि चापागाई

**आवरण डिजाइन**

समिर घिमिरे

**मुद्रक**

सहयोगी प्रेस

त्रिपुरेश्वर, काठमाडौं

**प्रकाशक**

डेनिस अन्तर्राष्ट्रिय विकास सहयोग (DANIDA) को सहयोगमा

नेपाल प्रेस इन्स्टिच्यूट

पोष्ट बक्स नं. ४१२८, त्रिपुरेश्वर, काठमाडौं

फोन: २६४१५५,२६६४१८ फ्याक्स: २६४१५४

E-mail. npiktm@wlink.com.np

यसमा प्रकाशित सामग्री शैक्षिक र गैर नाफामुखी प्रयोजनका लागि

स्रोत उल्लेख गरेर प्रकाशन/वितरण गर्न सकिने छ।

मूल्य रु. २६५

# प्रकाशकीय

नेपाली पत्रकारितामा खोजपूर्ण समाचारहरूको यो सँगालो पत्रकारिताका विद्यार्थी र यो विषयमा अध्ययन गर्न खोज्ने अन्य व्यक्तिहरूका लागि स्रोत सामग्री तयार गर्ने नेपाल प्रेस इन्स्टिच्यूटको एउटा जमर्को हो ।

नेपाली छापामा प्रकाशित भइसकेका यी सामग्रीहरूलाई हामीले नमुनाका रूपमा होइन वर्तमान सञ्चार माध्यमहरूको थप दृष्टिकोण प्रतिविम्बित गर्नसक्ने सामग्रीका रूपमा प्रस्तुत गरेका छौं ।

यो प्रकाशन नेपाल प्रेस इन्स्टिच्यूट र खोज पत्रकारिता केन्द्रको संयुक्त प्रयास हो । यसको तयारीको जिम्मा लिएर खोज पत्रकारिता केन्द्रले नेपाल प्रेस इन्स्टिच्यूटको अभिभारा बाँड्ने जुन सदासयता देखाएको छ, त्यसका लागि हाम खोपकेप्रति कृतज्ञ छौं ।

व्यक्तिगत रूपमा यी सामग्रीहरूको सङ्कलन र विश्लेषणको जिम्मा लिइदिने राजेन्द्र दाहालको सक्रियताबिना यो सङ्कलन यस रूपमा आउनसक्ने थिएन । खोज पत्रकारिता केन्द्र तथा सम्पादन कार्यमा सहयोग गर्ने प्रकाश अधिकारी, धर्मराज दाहाल एवं कम्प्युटर टाइपसेटिङ्ग र साजसज्जामा सहयोग गर्ने ज्ञानमणि चापागाईं विशेष धन्यवादका पात्र हुनुहुन्छ ।

*नेपाल प्रेस इन्स्टिच्यूट*
*त्रिपुरेश्वर, काठमाडौं*

# खोजकै बारेमा

प्रजातन्त्र पुनर्स्थापनापछिको पहिलो दशकमा नेपाली प्रेस गुणात्मक र सङ्ख्यात्मक दुवै दृष्टिबाट विस्तारित एवं उन्नत हुनाथालेको छ । पाठक, दर्शक अथवा स्रोताको रूचि र आवश्यकताले पत्रकारितालाई दिशानिर्देश गर्न थालेको छ । पत्रकार भएपछि अध्ययन र प्रशिक्षणबिना नै आफूलाई सर्वज्ञ ठान्ने सोचाइबाट नयाँ पुस्ताका पत्रकारहरू मुक्त हुँदैछन् । प्रतिस्पर्धात्मक क्षमता भएका युवाहरू पत्रकारिता पेशामा प्रवेश गरेका छन् । मुद्रण वा प्रसारण पत्रकारितामा बढ्दो प्रतिस्पर्धाका कारण पेशागत दक्षता र सृजनशीलता अपरिहार्य बन्दै गएको छ । समष्टिमा, नेपाली प्रेस व्यावसायिक र प्रतिस्पर्धाको चरणमा प्रवेश गरेको छ ।

स्वतन्त्र नेपाली पत्रकारिताको जग बसेको धेरै नभएकोले समयको माग र चुनौति सापना गर्नसक्ने पत्रकारहरूको जमात तयार हुन अझै प्रतीक्षा गर्नुपर्ने छ । पत्रकारिता विषयमा उच्चस्तरीय प्रशिक्षण प्रदान गर्न आवश्यकता अनुसार प्रशिक्षण सामग्री पर्याप्त मात्रामा उपलब्ध छैनन् । यस पेशामा लाग्नेहरूले अनुभवी र स्वाध्यायीहरूको सान्निध्यमा रहेर आफ्नै परिश्रमद्वारा आफूलाई खार्नुपर्ने अवस्था विद्यमान छ ।

यही अवस्थालाई ध्यानमा राखेर युवा पत्रकारहरूलाई अनुसन्धान र खोजपूर्ण पत्रकारितातर्फ आकर्षित गर्न र आवश्यक मद्दत पुऱ्याउन तीन वर्षअघि खोज पत्रकारिता केन्द्र (खो.प.के.) को स्थापना भएको हो । खो.प.के. ले मूलतः दुईवटा लक्ष्य राखेर आफ्नो कार्यक्रम सञ्चालन गर्दै आएको छ । पहिलो, मूल प्रवाह र वैकल्पिक प्रेसले समेट्न नसकेका राष्ट्रिय र सामाजिक महत्त्वका विषयहरूमा गहिराइसम्म पुगेर तथ्यहरू सङ्कलन गरी प्रकाशमा ल्याउने र, दोस्रो यस्तै किसिमका अनुसन्धान, अभ्यास र व्यावहारिक अनुभव हासिल गर्ने अवसर दिएर युवा पत्रकारहरूलाई गहन र खोजपूर्ण पत्रकारिता गर्न दक्ष र सक्षम तुल्याउने । यो लक्ष्यप्राप्तिका निम्ति खो.प.के. ले विगत तीन वर्षमा सैद्धान्तिक पक्षहरू समेट्ने तालिमहरू सञ्चालन गर्नुका साथै खोजवृत्ति र मार्गदर्शनको

माध्यमबाट झण्डै पचासजना युवा पत्रकारहरूलाई खोज पत्रकारितातर्फ आकर्षित गरेको छ । राष्ट्रिय वा सामाजिक महत्त्वका विषयमा वास्तविक खोज गरेर तथ्यपूर्ण लेख तयार पार्न लगाउनु दक्षता वृद्धिका निम्ति खो.प.के.ले अवलम्बन गरेको व्यावहारिक कार्यशैली हो ।

प्रस्तुत पुस्तक उपर्युक्त उद्देश्य अनुरुप २०५३ देखि २०५५ सालसम्म तयार पारिएका तीन दर्जन रिपोर्टहरूमध्येका केही रिपोर्टहरूको सङ्कलन हो । खो.प.के. तथा सम्वद्ध पत्रकारहरूको प्रारम्भिक प्रयास भएका कारण खोजका निम्ति छानिएका विषय र प्रस्तुति दुवै अपेक्षाकृत नरम लाग्न सक्छन् । रिपोर्टहरू छान्दा क्षेत्र वा विषयगत प्रतिनिधित्वलाई मूल आधार बनाइएको छ । यसमा परेका रिपोर्टहरू नै खोज पत्रकारिताका प्रतिनिधि वा नमुना रिपोर्ट हुन् भन्ने होइन । यो सङ्कलन प्रकाशित गर्नुको उद्देश्य नेपालमा खोज वा अनुसन्धानमूलक पत्रकारिताको संस्थागत थालनी हुँदाको अवस्था झल्काउनु मात्र हो । तथापि, पत्रकारिता पेशामा भर्खरै लागेकाहरूलाई यसले केही हदसम्म मार्गदर्शन गराउन सक्छ भन्ने हाम्रो विश्वास छ ।

खोज गर्ने विषयको छनौट, समाचार वा रिपोर्टको खाका निर्माण, सूचना सङ्कलन, विश्लेषण र पुष्ट्याइ गरी एउटा रिपोर्ट तयार पार्न हरेक रिपोर्टरले औसत ४० दिन लगाएका छन् । यसमा परेको एउटा रिपोर्ट सफलतापूर्वक सम्पन्न गरेकाहरूलाई दोस्रोपटक त्यस्तै रिपोर्ट तयार पार्न आधा मात्र समय लागेको थियो । यसबाट खोज विधि सिकाउने र अभ्यास गराउने खो.प.के.को दोस्रो लक्ष्यमा सफलता मिलेको अनुभव गरिएको छ ।

अनुसन्धानमूलक पत्रकारिता फस्टाउन पत्रकारिता र प्रेसको संस्थागत विकास अपरिहार्य हुन्छ । यस्तो पत्रकारिता गर्न पत्रकारहरूले आफ्नो अध्ययन र सुझबुझको दायरा विस्तृत पार्नु पनि उत्तिकै आवश्यक हुन्छ । खो.प.के.को तीन वर्षको अनुभवमा वाटरगेट काण्ड भण्डाफोर गर्ने बब उडवर्ड र कार्ल वर्नस्टाइनजस्ता रिपोर्टर बन्ने हौसला बोकेका पत्रकारहरू नेपालमा अब आउन थालेका छन् । उनीहरूलाई उचित अवसर, प्रशिक्षण र प्रोत्साहन दिएर नेपाली पत्रकारितालाई साँचो अर्थमा व्यावसायिक र वस्तुनिष्ठ तुल्याउन अब सजिलो हुने आशा गर्न सकिन्छ ।

*२०५६ भदौ* **सम्पादक**

# विषय सूची


| | |
|---|---|
| जहाँ विकास पछाडि छ, चर्च अगाडि | १ |
| पशुपतिनाथ : खाँचो छ सुधार र सुव्यवस्थाको | १९ |
| सुनको फुल पार्ने कुखुरी सङ्कटमा | ४१ |
| के गर्दैछन् राज्यविहीन राजाहरू ? | ५७ |
| नेपालगञ्ज धार्मिक कचिङ्गलको बिस्फोटक थलो | ७५ |
| जतातत्तै विषैविष | ९३ |
| न्यायमा अन्याय : अब के गर्ने ? | १०५ |

# जहाँ विकास पछाडि छ, चर्च अगाडि

## धादिङ जिल्लाका सुदूर उत्तरी गाउँहरूमा इसाई धर्मको प्रवेश र विस्तार

**– सुधीर शर्मा**

'धुपीको सिमाना र फलामको तगारो' पार गरेर मात्र धादिङ जिल्लाको उत्तरी हिमाली क्षेत्रमा पुग्न सकिन्छ । झार्लाङ गाउँको पुछारमा रहेको काठको परम्परागत प्रवेशद्वारा 'कानी' लाई स्थानीय बासिन्दाहरू फलामको तगारो भन्छन् र त्यसमाथि रहेको धुपीको बोटले आफ्नो 'तामाङ राज्य' को सिमाना छुट्याएको ठान्छन् । सो 'तामाङ राज्यभित्र तिप्लिङ, सेर्तुङ, झार्लाङ, लापा र रि गरी हालका पाँचवटा गाउँ विकास समितिहरू रहेको विश्वास उनीहरूको छ ।

ती हिमाली गाउँहरुमा जाने बाटो त्यही 'धुपीको सिमाना र फलामे तगारो' भएर जान्छ । दुई दशकअघिसम्म बाहिरीयाहरूलाई त्यहाँ जान प्रतिबन्धसरह थियो । तर, इसाई सुसमाचार भने 'फलामको तगारो' बाट छिरेर ती गाउँहरूसम्म पुगेको छ । केही दशकयता इसाई धर्म अँगाल्ने मानिसहरूको संख्या लगातार

बढिरहेको छ । अचेल त्यहाँका तामाङहरू गुम्बाभन्दा चर्चतिर बढी आकर्षित छन् । युगौंदेखि मानिआएको ल्होसारभन्दा भर्खरै जानेको क्रिसमस धुमधामका साथ मनाउँछन् । गाउँहरूमा गुम्बाभन्दा दुई गुणा बढी चर्चहरू बनिसकेका छन् । पुरानो बौद्ध धर्म छाडेर नयाँ इसाई धर्म ग्रहण गर्नेहरूको संख्या दिनहुँजसो बढ्दैछ ।

तर नयाँ धर्मसँगै कलह पनि भित्रिएको छ । सदरमुकाम धादिङबेंसीबाट दुई दिन पैदल हिंडेपछि पुगिने झार्लाङ गाउँदेखि चिसो हिमाली हावा बहेको महसूस हुन्छ र त्यहींबाट दुइटा भिन्नखाने धार्मिक समुदायबीचको तातो टक्कर पनि शुरु हुन्छ । विश्वको एकमात्र हिन्दू अधिराज्यमा बौद्ध र इसाई धर्मावलम्बीहरूबीचको दुर्लभ द्वन्द्व त्यहाँ देख्न सकिन्छ ।

सोही क्षेत्रबाट संसदमा चुनिएका बुद्धिमान तामाङका अनुसार ती गाउँहरूमा करिब ३० वर्षअघि बुटवल र पोखरा हुँदै इसाई धर्म छिरेको थियो । रि गाउँबाट 'बडुली भारी' बोक्न गएका भरियाहरूले सबैभन्दा पहिला इसाई धर्म ग्रहण गरेका थिए । काठमाडौं–पोखरा र पोखरा–सुनौली राजमार्ग बन्नुअघि बुटवलबाट स्याङ्जा, पोखरा हुँदै गोरखासम्म मालसामान बोक्ने कामलाई धादिङका भरियाहरू बडुली भारी भन्ने गर्थे ।

यसैगरी झार्लाङमा गएको पहिरोबाट विस्थापित तीनसय परिवारहरूलाई २०३२ सालमा कैलाली र कञ्चनपुर लगेर पुनर्वास गराइएको थियो । तिनैमध्येका केही व्यक्तिहरूले त्यही 'ब्प्तिस्मा' लिएर इसाई धर्म ग्रहण गरे । पछि उनीहरूकै माध्यमबाट झार्लाङमा पनि सो धर्मको बीजारोपण भएको कुरा झार्लाङ गाविसका अध्यक्ष दिलबहादुर तामाङ बताउँछन् ।

त्यसपछि बाहिरबाट गएका इसाई धर्म प्रचारकहरूको अथक प्रयत्नले गर्दा छेउछाउका गाउँहरूमा पनि विस्तारै फैलियो । पूर्वमन्त्री बुद्धिमान तामाङ भन्छन्, "रि र झार्लाङमा त पञ्चायतकालमै ९९ प्रतिशत जनता इसाई थिए । २०४६ सालपछिको खुल्ला परिवेशले गर्दा अरू गाउँमा पनि इसाईहरू ह्वात्तै बढे ।"

२०४८ सालको जनगणनाअनुसार धादिङ जिल्लाभरिमा बौद्धमार्गीहरूको संख्या ५५ हजारजति थियो भने इसाईहरू ६ हजारको हाराहारीमा मात्र थिए । तर अहिले केही अपवादबाहेक झार्लाङ, रि र तिप्लिङ गाविसका शतप्रतिशत बासिन्दा इसाई धर्मावलम्बी भइसकेका छन् । यी तीनवटा गाविसको जनसंख्या जोड्दा नै

११ हजार नाघ्छ ।

यसबाहेक दार्खा गाविसमा कुल जनसंख्याको ५० प्रतिशत जति बासिन्दाहरूले इसाई धर्म अँगालेका छन् । गुम्दी, मार्पाक, सत्यदेवी, फूलखर्च र मैदी गाविसमा पनि इसाईहरू प्रभावशाली स्थितिमा छन् । सेर्तुङ र लापा गाविसका इसाई धर्मीहरूलाई चाहिँ बौद्ध धर्ममै फर्काउने प्रयास भएको पनि पाइन्छ । समग्र स्थितिको अध्ययन गर्दा उत्तरी धादिङ 'इसाई साम्राज्य'को नेपाली नमूनाको रूपमा विकसित भइसकेको छ ।

गणेश हिमालको फेदी सोमदाङ (तिप्लिङ) मा सानो झुप्रोमा बस्ने सुब्बा घले इसाई भएको सात वर्ष भयो । उनी भन्छन्, "मैले आमा, पत्नी, दाजुभाइ, दिदी-भिनाजुसहित १४ जनालाई इसाई बनाएँ ।"

इसाई धर्म अँगालेपछि कम्तिमा अर्को एकजनालाई इसाई बनाउनुपर्ने चलन त्यहाँ छ । सो धर्म तीव्र रूपमा विस्तार हुनुको एउटा कारण यो पनि हो । अगुवा इसाई कार्यकर्ताहरू धर्म प्रचार गर्नुलाई 'प्रभूको आदेश' मान्छन् र बाइबलको निम्न अंश (म्याथ्यु १८-२०) सुनाएर आफ्नो कर्तव्य स्पष्ट पार्छन् :

'प्रभू येशू आएर तिनीहरूलाई भन्नुभयो, "मलाई स्वर्ग र पृथ्वीको सबै अधिकार प्राप्त छ । त्यसैले पिता, पुत्र र पवित्र आत्माका नाउँमा सबै राष्ट्रमा गएर शिष्यहरू बनाऊ......।"

त्यहाँ पढ्न जान्ने-नजान्ने प्राय सबैसँग बाइबल भेटिन्छ र त्यसको धेरै अंश धेरै जनालाई कण्ठै छ । साना केटाकेटीसमेत इसाई भजन गाइरहेका भेटिन्छन् । काठमाडौँबाट लगिएका इसाई धर्मसम्बन्धी पुस्तक तथा पत्र-पत्रिकाहरू घरघरमा बाँड्ने गरिन्छ ।

## विपन्न जनजीवन

नेपालविद् स्वीस विद्वान टोनी हेगेनका अनुसार तामाङ जातिको प्राचीन थलो त्रिशुली नदी र बुढी गण्डकीले घेरिएको गणेश हिमालको दक्षिणी पाटो हो । त्यस क्षेत्रअन्तर्गत हाल धादिङ जिल्लाका तिप्लिङ, सेर्तुङ, झार्लाङ, रि, लापा, दार्खा, गुम्दी, मार्पाक, सत्यदेवी, फूलखर्कलगायतका गाउँ विकास समिति (गाविस)हरू पर्छन् । ती गाउँहरूमा बहुसंख्यक बासिन्दा अहिले पनि तामाङहरू नै छन् । पहिलेभन्दा फरक के छ भने आजकल उनीहरूमा धर्म परिवर्तन गर्ने

लहर चलिरहेको छ ।

चीनसँग सिमाना जोडिएको धादिङको सबैभन्दा उत्तरी गाविस तिप्लिङ गणेश हिमालको काखैमा रहेको छ । सदरमुकाम धादिङबेंसीबाट चार दिन हिँडेर मात्र त्यहाँ पुग्न सकिन्छ । रसुवाबाट सोमदाङ हुँदै हिमालचुली काटेर तिप्लिङ पुग्ने वैकल्पिक बाटो पनि छ, तर अत्यधिक हिमपातले गर्दा त्यो बाटो भएर जान कठिन हुन्छ ।

तिप्लिङको दक्षिणपट्टि सेर्तुङ र भार्लाङ गाविस तथा पश्चिमपट्टि आँखु खोलापारिका लापा र रि गाविस पनि उत्तिकै विकट रहेका छन् । पुरानो तामाङ राज्य यिनै पाँचवटा गाउँहरूले बनेको कुरा स्थानीय बासिन्दाहरू बताउँछन् । अहिले पनि सो 'राज्य' भित्रका कुरा प्रशासनले हतपत्ति थाहा पाउँदैन । धादिङ जिल्ला विकास समिति (जिविस) का सभापति खेमप्रसाद लोहनी भन्छन्, "त्यहाँ ठूला-ठूला झगडा पनि उनीहरू आफैँले मिलाउँछन् । मान्छे मारेको घटनासमेत हामीलाई थाहा हुन्न ।"

ती गाउँहरूमा 'विकास' टाढाको कथा भएको छ, दरिद्रता नजिकको साथी भएजस्तो । गाउँलेहरू सामाजिक, आर्थिक, शैक्षिक सबै दृष्टिकोणबाट पिछडिएका छन् । स्थिति यस्तो छ कि वर्षभरिको कृषि उत्पादनले तीन महिना मात्र खान पुग्छ । चामलको कुरा छाडौं, उसिनेको आलु र ढिँडो वर्षभरि सजिलै खान पाउनु त्यहाँका निम्ति सम्पन्नताको सङ्केत हो । प्रकृतिले पनि उनीहरूलाई ठगेको छ । सेर्तुङ गाविसका अध्यक्ष धनबहादुर तामाङ भन्छन्, "यहाँ आलु, कोदो र जौबाहेक अरू कुनै अन्न फल्दैन । त्यही पनि असोजमा छरेको जौ अर्को वर्षको असारमा मात्र बल्लतल्ल पाक्छ ।"

मोटरबाटो नजिक नहुनाले अर्को समस्या छ । नून-तेल किन्न पनि गाउँलेहरू चार दिन हिँडेर धादिङबेंसी बजार झर्नुपर्छ । त्यहाँसम्म जान आउन आठ दिन लाग्छ । एक वर्षमा एक महिनाभन्दा बढी त उनीहरू हिँडेर नै बिताउँछन् ।

त्यस क्षेत्रका मान्छेहरूको निश्चित आयस्रोत खासै केही छैन । धेरैजसोले भरिया काम गरेर पेट पालिरहेका छन् । कसै-कसैले हिमाली भेकमा पाइने चिराइतो, पाँच औंले, जटामसी, नीरमसीजस्ता जडिबूटीहरू सङ्कलन गरेर बेच्ने गरेका छन् भने सेता ढुङ्गा (क्वार्ज) खोज्ने काममा पनि केही मानिसहरू लागेका छन् । ट्रेकिङ्ग गाइडको काम गर्ने र सेनामा जागिर खानेहरू थोरै संख्यामा भेटिन्छन् ।

पढेका र टाठाबाठाहरू कोही गाउँमा बस्दैनन् ।

विद्यालयहरू साह्रै थोरै छन् । शिक्षित जनशक्ति त्योभन्दा थोरै छ । ४३६ घर र २ हजार १ सयजति जनसंख्या भएको तिप्लिङ गाविसमा एकजना कमल तामाङले मात्र एस.एल.सी. परीक्षा पास गरेका छन् । सरकारी तथ्याङ्क अनुसार ३,८९१ जनसंख्या रहेको झार्लाङबाट दुईजना र ३,६२१ जनसंख्या रहेको सुर्तुङबाट १० जनाले एस.एल.सी पास गरेका छन् । यसैगरी लापाका एकजना र रि गाउँका दुईजनाले आई.ए. पास गरेका छन् भने दार्खा गाविसमा बी.ए. पास गर्ने एकजना छन् ।

उत्तरी धादिङका यी गाउँहरू सबै एकैखाले छन् । घरहरू एकनासका छन्- ढुङ्गा र माटोको गारो अनि काठको छाना लगाइएका । जस्ताको छाना लगाइएका घरहरू मुश्किलले भेटिन्छन् । सेर्तुङ गाविसको बोराङ गाउँमा राप्रपा नेता तथा पूर्वमन्त्री बुद्धिमान तामाङको पुर्ख्यौली घर त्यस्तै विरलै भेटिने घरहरूमध्ये पर्दछ । बुद्धिमान तामाङ मन्त्री भए पनि नभए पनि स्थानीय जनताले उनलाई जहिलेसुकै मन्त्री भन्दछन् र अरू गाउँका मान्छेले पूरै सेर्तुङलाई 'मन्त्री गाउँ' भन्ने गरेका छन् ।

'मन्त्री गाउँ'प्रति छेउछाउका अन्य गाउँहरूमा डाहा पनि छ । मन्त्रीले आफ्नो गाउँमा मात्र विकास गरेको गुनासो अरू गाउँका मानिसहरूको छ । नभन्दै मन्त्री गाउँमा पी.सी.ओ. राखिएको छ, प्रहरी चौकी र माध्यमिक विद्यालय पनि छ ।

## इसाई बनाउने औषधी

गरिबी पछौटेपन र कुप्रथाहरूले गर्दा आफ्नो जिल्ला इसाई धर्मका लागि उर्वरभूमि हुन पुगेको निष्कर्ष जिविस सभापति खेमप्रसाद लोहनीले निकालेका छन् । उनको भनाइमा झाँक्री प्रथाको घातक परम्पराले गर्दा इसाई धर्मको प्रभाव विस्तार हुन सजिलो परेको हो ।

तामाङ समाजमा अन्धविश्वासका रूपमा रहेको झाँक्री परम्पराअनुसार कोही व्यक्ति बिरामी हुनेवित्तिकै बेन्वो (झाँक्री) लाई बोलाएर भूतप्रेत हटाउने नाममा चामल, रक्सी, भाले र बोका चढाउनुपर्ने चलन थियो । झाँक्रीले एकै रातमा ५/६ वटा बोका काट्न लगाएको घटना पनि गाउँलेहरू सुनाउँछन् । अन्तमा

धेरैजसो बिरामी मर्थे, बाँच्नेको सम्पत्ति स्वाहा हुन्थ्यो । "झाँक्रीलाई चढाउन ऋणमा ल्याएको बोका एकवर्षभित्र तिर्न नसकेमा दोस्रो वर्षमा दुईवटा बोका तिर्नुपर्ने हुन्छ", तिप्लिङ निवासी पूर्ण तामाङ बताउँछन् ।

झार्लाङ गाविसका अध्यक्ष दिलबहादुर तामाङ झाँक्री प्रथाकै कारण आफू इसाई हुन पुगेको बताउँछन् । उनकै शब्दमा, "वास्तवमा म आफैं पनि झाँक्री थिएँ । मैले सानैदेखि झाँक्री बसेर कैय्यौं ठाउँमा भूतप्रेत भगाउने नाममा बोका र कुखुरा काट्न लगाउँथे । तर म के गर्दैछु, आफैंलाई थाहा हुँदैनथ्यो । पछि मेरी आमा बिरामी हुनुभयो । झाँक्रीले भनेबमोजिम ११ वटा बाख्रा काट्दा पनि आमा निको हुनुभएन । त्यसैबीच एकजनाले प्रभु येशूको प्रार्थना गरेर औषधी दिनुभयो । अनि आमालाई बिसेक भयो । त्यसैबेलादेखि हामी जीवनदान दिने प्रभूको शरणमा गयौं ।"

दिलबहादुरकै नियति भोग्ने मानिसहरू गाउँगाउँमा धेरै छन् । उनीहरूको अज्ञानतालाई इसाई धर्म प्रचारकहरूले उपयोग गरेका छन् । ती प्रचारकहरूले एक हातमा औषधी र अर्को हातमा बाइबल बोकेर चलाखी गरेका छन् । इसाई धर्मको विरोध गर्ने तिप्लिङ गाविसका अध्यक्ष फैसङ घले भन्छन्, "बिरामी औषधीले निको हुन्छ, तर उनीहरू बाइबल पढेकोले बिसेक भएको प्रचार गर्छन् र आफूलाई प्रभु येशूले पठाएको भन्ने गर्छन् । त्यसबाट प्रभावित भएका सोझा गाउँलेहरू इसाई भइहाल्छन् ।"

उत्तरी धादिङमा औषधीको आगमनले झाँक्री प्रथा त विस्थापित भयो नै, साथसाथै पुरानो धर्म पनि बहिष्कृत हुँदैगयो । झाँक्री प्रथालाई प्रोत्साहन दिने परम्परागत बौद्ध धर्मलाई छाडेर गाउँलेहरू 'औषधी लिएर आएको' इसाई धर्म अँगाल्न पुगे । यस किसिमबाट धर्म परिवर्तन गराउनमा सुरुमा काठमाडौंबाट गएका फादर क्यासपर जे. मिलर र डा. पाउल टोमेको महत्त्वपूर्ण भूमिका भएको मानिन्छ ।

क्याप्पस पढ्ने सेर्तुङका थोरै युवामध्येका एक काठमाडौं सरस्वती क्याम्पसमा अध्ययनरत सप्तकुमार घलेले बताएअनुसार त्यस क्षेत्रमा इसाई धर्म प्रचारका 'जड' नै फादर मिलर हुन् । उनले वर्षौंसम्म तिप्लिङमा बसेर सो कार्य सञ्चालन गरेका थिए । नेपाली र तामाङ भाषा समेत राम्ररी बोल्न जान्ने पश्चिमेली मूलका फादर मिलर बेलाबखत अझै त्यहाँ जाने गर्छन् ।

फादर मिलर र डा. टोमेसमेतको सहयोगबाट तिप्लिङमा एउटा हेल्थपोष्ट पनि खोलिएको छ । २०४८ सालतिर स्थापित सो हेल्थपोष्टको सञ्चालन हिमालयन स्वास्थ्य सेवा नामको गैरसरकारी संस्थाले गरिरहेको छ । त्यस संस्थाले इसाई धर्म प्रचार गरेको उजुरी गृह मन्त्रालय र जिल्ला प्रशासन कार्यालयमा परिसकेको छ । तर, संस्थाका संयोजक शरद पराजुली धर्म प्रचारको आरोप सरासर झूठो भएको दावी गर्छन् । मिलरको आग्रहमा डा. टोमेले हेल्थपोष्टलाई केही पैसा र औषधी दिएको कुरा चाहिँ उनले अस्वीकार गरेनन् ।

ललितपुरको सेन्ट जेभियर्स स्कूलमा फादर मिलरको विद्यार्थी रहिसकेका पराजुलीले बताए, "फादर मिलर हामी जानुभन्दा तीन वर्षअघि नै धामी झाँक्रीको अनुसन्धान गर्न भनेर त्यहाँ जाने गरेका रहेछन् ।"

अमेरिकाको अर्नावो विश्वविद्यालयबाट टोम फ्रिकी नामका एक मानवशास्त्री पनि तामाङ जातिको अध्ययन गर्न भनेर धादिङको उत्तरी क्षेत्रमा लामो अवधिसम्म बसेका थिए । भाइनयार्ड, जाउलाखेलमा कार्यरत भारत, मेघालयका इसाई धर्म प्रचारक एच.एस. डान पनि तिप्लिङ बारम्बार जाने गर्छन् । पछिल्लो पटक त्यहाँ पुगेका बखत एक प्रश्नको जवाफमा उनले भने, "म पास्टर हुँ । जहाँ जए पनि प्रभुको प्रचार गर्नु मेरो कर्तव्य हो ।"

रि गाउँमा एक फ्रान्सेली महिलाको आर्थिक सहयोगमा सञ्चालित एउटा संस्था र तिप्लिङस्थित प्याल्दोर हिमाल युवा क्लव इसाई गतिविधिमा प्रत्यक्ष रूपमा सामेल छन् । झार्लाङ गाविसका अध्यक्ष दिलबहादुर तामाङ आफू युनाइटेड मिसन टु नेपाल (यु.एम.एन.) को कर्मचारी पनि रहेको निर्धक्क बताउँछन् । हाल उनले यु.एम.एन. अन्तर्गतको संस्था 'मानव विकास सञ्चार सेवा' सञ्चालन गरिरहेका छन् ।

केही वर्षअघि तिप्लिङमा आगलागीमा परेर जल्नाले हर्क तामाङको शरीर पूरै खुम्चियो । गाउँमै बसेका भए उनी मर्न पनि सक्थे, तर फादर मिलरले उनलाई काठमाडौँ लगेर महिनौँ दिनसम्म उपचार गराए । बिसेक भएर फर्कंदा उनी कट्टर इसाई बनिसकेका थिए । त्यति मात्र होइन, हालै उनलाई बाइबल अध्ययन गर्न चार वर्षका लागि मद्रास पठाएपछि त धेरै युवाहरू त्यस्तै मौका पाउने आशामा मिलरको पछाडि लागेका छन् ।

कुन चाहिं बौद्ध वा हिन्दू संस्थाले नेपालीलाई विदेशमा डाक्टर र इन्जिनियरिङ पढ्न पठाएको छ ? इसाईहरूलाई विदेशमा पढ्न पठाइन्छ । रि गाउँको एकजना केटा अमेरिकामा इसाई धर्ममा डक्टरेट गर्दैछ । कुन चाहिं गैरइसाई धर्मले पैसा दिन्छ ? तर इसाईहरूले मासिक तलव बाँड्दछन्", पूर्वमन्त्री बुद्धिमान तामाङको विश्लेषण यस्तो छ ।

वास्तवमा आर्थिक प्रलोभन र अन्य सहुलियतहरूले गर्दा पनि धर्म परिवर्तनको सिलसिला बढिरहेको छ । सेर्तुङ गाविसका अध्यक्ष धनबहादुर तामाङको सोझो ठम्याइ छ, "हाम्रो गरिबीले नै इसाई धर्म फैलायो ।"

तिप्लिङका अगुवा इसाई कार्यकर्ता हेम तामाङ पैसाका लागि आफूले धर्म परिवर्तन गरेको स्वीकार्छन् । रि गाउँका अर्का इसाई युवा दावा तामाङको भनाइ छ, "गरिब नभएको भए शायद म इसाई हुने थिइनँ । धर्म प्रचारमा लाग्दा अलिअलि पैसा पाइन्छ ।"

केही अगुवा इसाई कार्यकर्ताहरूले त धर्म प्रचारलाई नै जीवनयापनको माध्यम बनाएका छन् । उनीहरूले मासिक तलव पाउने व्यवस्था छ । गुम्बा व्यवस्था तथा विकास समितिमा सदस्य सचिव रहेका सेर्तुङ निवासी मार्का तामाङ ठाडै भन्छन्, "चिठी लेख्न पनि नजान्ने इसाईले महिनाको हजार रुपियाँ तलव पाउँछन् ।"

हरेक चर्चमा रहने पास्टरहरूले चाहिं अरूभन्दा बढी तलव पाउँछन् । उनीहरूको तलव काठमाडौंस्थित सहयोगी चर्च वा संस्थाहरूबाट आउँछ ।

## चर्चका ताँती

काठको छाना भएका परम्परागत घरहरूका बीचमा जस्ताको छाना लगाइएको चिटिक्क परेको घर देख्नेबित्तिकै अनुमान लगाए हुन्छ - त्यो चर्च हो । सदरमुकाम धादिङबेंसीदेखि तिप्लिङसम्म चर्चहरूको ताँती नै छ । रि गाउँमा १९ वटा, झार्लाङमा १७ वटा, तिप्लिङमा १० वटा गर्दै त्यस भेगमा रहेका चर्चहरूको संख्याले सय नाघेको छ । गुम्बाहरू भने धादिङ जिल्लाभरिमा गरेर ४० वटा मात्र अस्तित्वमा छन् ।

हरेक वडामा कम्तिमा एउटा चर्च भेटिन्छ । तिप्लिङस्थित दोङदेनदेवी प्रा.वि.का शिक्षक प्रकाश वाग्लेले आफ्नो अनुभव सुनाए, "यहाँ चर्च दुई रातमा बन्छ, स्कूल बन्न दुई वर्ष लाग्छ ।"

चर्चहरूको निर्माणसँगै थोरै संख्यामा भए पनि गुम्बाहरू नबनेका होइनन् । गाउँको प्रवेशद्वारका रूपमा रहेका 'बौद्ध कानी' हरूको संख्या पनि थपिँदैछन् । तर, भिन्नता के छ भने गुम्बाहरू काठमाडौँस्थित गुम्बा व्यवस्था तथा विकास समितिमार्फत् सरकारी बजेटमा बनिरहेका छन् र चर्चहरू चाहिं गैरसरकारी सम्भवत: विदेशी पैसाबाट खडा भइरहेका छन् । स्थानीय चर्चहरूले पाउने बाहिरी सहायताका बारेमा पास्टर भीममान तामाङले यति मात्र बताए, "चर्च बनाउनका लागि विदेशीहरूले वा काठमाडौंको चर्चले आवश्यक रकम र छानामा लगाउने जस्ता दिन्छन्– हामीले श्रमदान गर्नुपर्छ ।"

धादिङका चर्चहरू कुनै न कुनै ढङ्गबाट काठमाडौंका चर्च वा इसाई संस्थाहरूसँग गाँसिएका छन् । चर्चका अगुवाहरूले बढीभन्दा बढी सहयोग लिनका लागि नयाँनयाँ संस्थाहरूसँग सम्पर्क बढाइरहन्छन् । त्यसका निम्ति नयाँ चर्च खोल्ने र नयाँ मण्डली बनाउने काम त्यहाँ भइरहन्छन् ।

त्यस क्षेत्रका क्याथोलिक सम्प्रदायका इसाईहरू अत्यन्त कम छन् भने प्रोटेस्टेन्टहरू बढिरहेका छन् । प्रोटेस्टेन्टहरू सम्प्रदायभित्र पनि चर्च अफ क्राइस्ट, जीवन मण्डली, बेथलेहम मण्डलीलगायतका थुप्रै खाले समूहहरू क्रियाशील छन् । उनीहरूका आ-आफ्ना अलग-अलग चर्च छन् । आफ्नो समूहमा सकेसम्म धेरै मान्छे थुपार्ने होडबाजी उनीहरूबीच चलिरहन्छ ।

चर्चका पास्टर र स्थानीय धर्म प्रचारकहरूलाई मासिक तलव उपलब्ध गराउनुका अतिरिक्त काठमाडौँका ठूला चर्चहरूले निरन्तर अन्तरक्रिया र तालिम गरिरहन्छन् । २०५४ सल मङ्सिरमा डा. जोन मर्वोकले धादिङका युवाहरूलाई राजधानीको जाउलाखेलमा ल्याएर 'आधारभूत अनुशासन' सम्बन्धी इसाई तालिम दिएका थिए ।

## झाँक्री प्रथाको लोप

इसाई धर्मको विस्तारले उत्तरी धादिङका बासिन्दाको जीवनशैली, सँस्कार र परम्परामा आमूल परिवर्तन ल्याएको छ । अन्धविश्वासले हुर्काएको झाँक्री प्रथा लोप भएको छ । इसाई धर्मको आगमनपछि नै झाँक्री प्रथा हराएको कुरा इसाई विरोधी पनि स्वीकार्छन् । अचेल झाँक्रीहरू खोज्दा पनि नभेटिने बताउँदै स्थानीय गोठान प्रा.वि.का शिक्षक तुलानाथ सापकोटा (हिन्दू) भन्छन्, "अहिले भूतप्रेतको

नाउँमा झाँक्रीहरूलाई बोका चढाउनु पर्दैन । हेल्थपोष्टमा गएर उपचार गर्न पाइन्छ ।"

इसाई गाउँहरूमा अचेल मदिरा सेवन गर्नेहरू एक-दुईजना मात्र भेटिन्छन् । यसअघि ती गाउँहरूमा रक्सीले मातेर झगडा गर्ने घटना दिनहुँजस्तो हुन्थ्यो । "अहिले पहिलेजस्तो छैन । हामी इसाईहरू रक्सी खाँदैनौं" दार्खा गाउँका इसाईधर्मी रेगमान तामाङले बताए ।

वास्तवमा उनीहरूलाई चर्चले कडाइका साथ धार्मिक अनुशासनको पाठ सिकाएको छ । चर्चमा हुने गरेको अर्थ सङ्कलन यसको उदाहरण हो । प्रत्येक चर्चमा आइतबार र बिहीबार संगती (प्रार्थना सभा) हुँदा हरेक सहभागीले आफ्नो गच्छेअनुसारको भेटी चढाउँछन् । यसभन्दा पनि दशांश सङ्कलन प्रक्रिया गजबको छ । दशांशअन्तर्गत प्रत्येक इसाई परिवारले आफ्नो आम्दानीको १० प्रतिशत भाग चर्चलाई बुझाउनु पर्छ । कुखुराका अण्डादेखि भैंसीसम्म जे बेच्दा पनि त्यसबाट हुने आम्दानीको १० प्रतिशत रकम चर्चले पाउँछ । झार्लाङ गाविसका अध्यक्ष दिलबहादुर तामाङ स्पष्ट पार्छन्, "अन्न वा अरू जुनसुकै बस्तु बेच्दा वा काम गर्दा प्राप्त हुने रकमको दशांश चर्चलाई बुझाउनुपर्छ । तर गरिबहरूलाई चाहिं हामी विचार पुऱ्याउँछौं ।"

दशांश वा अन्य स्रोतबाट खडा गरिएको चर्चको कोषको रकम सामूहिक भलाइका लागि खर्च गर्ने गरिएको छ । "कुनै इसाई परिवारको घर पहिरोले बगायो, आगलागीमा पऱ्यो वा यस्तै कुनै दैवीसङ्कटमा र आपतविपत पर्दा सोही कोषबाट सहयोग गरिन्छ" पास्टर भीममान तामाङ बताउँछन् ।

इसाई धर्म अँगाल्नेहरूले ल्होसार र दशैं-तिहारजस्ता चाडपर्वहरूको सट्टा 'क्रिसमस' धुमधामका साथ मनाउँछन् । बौद्ध वा हिन्दू चाडपर्वहरूको अवसरमा इसाईहरू छुट्टै एकत्रित भएर साँस्कृतिक कार्यक्रम गर्ने वा वनभोज जाने गर्छन् । गएको तिहारमा पाँचवटा गाउँका इसाईहरू तिप्लिङमा भेला भएर चार दिनसम्म साँस्कृतिक कार्यक्रम गरेका थिए । पुरानो सँस्कृतिबाट मानसिक रूपमै मुक्ति पाउन उनीहरूले त्यसो गरेको बताइन्छ ।

आजकल कसैकसैको विवाह पनि चर्चबाटै गर्न थालिएको छ । यद्यपि, बच्चा जन्मँदा बच्चाको नाम जुराउन चाहिं लामाहरूलाई नै बोलाउने चलन इसाई

परिवारहरूले पनि छाड्नसकेका छैनन् । उनीहरू अझै पनि मर्दापर्दा गरिने धार्मिक सँस्कार लामाबाटै गराउँछन् ।

## धार्मिक विभाजन

उत्तरी धादिङमा इसाई र गैरइसाई समुदाय स्पष्ट रूपमा छुट्टिएको छ । बरु राजनीतिक रूपमा चाहिं उनीहरू विभाजित छैनन् । त्यस भेकमा राष्ट्रिय प्रजातन्त्र पार्टीको एकछत्र राज छ । उदाहरणका लागि, गएको स्थानीय निर्वाचनमा तिप्लिङ, सेर्तुङ, झार्लाङ, रि र लापा गाविसका अध्यक्ष पदमा क्रमश: फैसङ घले, दिलबहादुर तामाङ, लालबहादुर तामाङ र सिंहबहादुर तामाङ पाँचैजना राप्रपाको तर्फबाट निर्विरोध निर्वाचित भए । यद्यपि, उनीहरूको धार्मिक आस्था फरक-फरक छ । झार्लाङ र रि गाविसका अध्यक्षहरू कट्टर इसाई हुन् भने लापा,तिप्लिङ र सेर्तुङका अध्यक्षहरू बौद्धमार्गी हुन् तर इसाई भोट बिग्रने डरले उनीहरूले पनि इसाईहरूप्रति नरम दृष्टिकोण राख्ने गरेका छन् ।

गजबको संयोग के छ भने, राप्रपा नेता तथा धादिङका सांसद बुद्धिमान तामाङ चाहिँ विश्व हिन्दू महासंघको केन्द्रीय सदस्य रहेका छन् । उनी गाउँमा जाँदा इसाईहरू विरुद्ध सक्रीय रहन्छन् भन्ने आरोप पनि लगाइन्छ । विगत १० वर्षदेखि इसाई धर्म प्रचारमा लागेका झार्लाङ गाविसका अध्यक्ष दिलबहादुर तामाङको प्रतिक्रिया छ, "मन्त्रीज्यूले इसाई धर्म छाड्न दवाव दिनुहुन्छ । तर, प्रभूको काममा राजासँग त डराइन्न, अरूको के कुरा ?"

नेपाल क्रिश्चियन फेलोशिपका महासचिव सिमोन पाण्डेले २०५३ पौष ४ गते काठमाडौंमा एक पत्रकार सम्मेलन गरी सांसद तामाङले धादिङका इसाईहरूलाई सताइरहेको भनी लगाएको आरोप यहाँनेर स्मरणीय छ । सांसद तामाङ आफूमाथिको आरोपलाई अनौठो ठान्दैनन् । उनको भनाइ छ, "मलाई झार्लाङ गाउँदेखिमाथि इसाई विरोधी र त्यहाँभन्दा तल इसाई समर्थक भन्छन् । विपक्षीहरूले यही कुरालाई चुनावी मुद्दा पनि बनाउँछन् । तर यो सबै झूठो हो । म बौद्धमार्गी हुँ । मर्दापर्दा सबै बौद्ध सँस्कारअनुसार गर्छु ।"

उनले अगाडि बताए, "इसाईहरूले कम्युनिस्टलाई भोट हाल्दै हाल्दैनन् । झुक्किनु अलग कुरा हो; नत्र उनीहरूको हेडक्वार्टरले कम्युनिस्टहरूलाई जिताउन चाहँदैन । उनीहरूले काँग्रेसलाई मात्र भोट हाल्छन् । राप्रपा पनि दोस्रो प्राथमिकतामा पर्छ ।"

अर्थात् धादिङको इसाई मतले राजनीतिमा पनि ठूलो महत्त्व राख्छ । हालसम्म राप्रपाको पकडमा रहेको इसाई मत विस्तारै सो पार्टीबाट उम्कने सम्भावना पनि छ । पञ्चलाई भोट दिनु हुँदैन, यिनीहरू इसाईविरोधी हुन् भनेर आफूलाई लाञ्छना लगाइएको कुरा तिप्लिङका अध्यक्ष फैसङ् घले बताउँछन् । गत स्थानीय निर्वाचनमा राप्रपाकै हेम तामाङले विद्रोह गरेर इसाई समुदायको तर्फबाट तिप्लिङ गाविसको उपाध्यक्ष पदमा उम्मेदवारी दिन लागेका थिए तर उनलाई मनोनयन पत्र दर्ता गर्नसमेत दिइएन ।

अर्कोतर्फ, इसाई र बौद्ध समुदायबीचको धार्मिक विभाजनले कट्टरपन्थी धारणालाई बढाउँदै लगेको छ । केही वर्षयता धार्मिक झडपहरू हुनथालेका छन् । चर्च र गुम्बाहरू भत्काउने घटनाहरू दोहोरिएका छन् । दुवैखाले धार्मिक समुदायको उग्र क्रियाकलापले प्रोत्साहन पाएको छ । इसाईहरू बौद्धहरूले ज्यादती गरेको आरोप लगाउँछन् भने बौद्धहरू इसाईहरूले निहुँ खोजेको गुनासो गर्छन् । तिप्लिङ गाविसका उपाध्यक्ष सुन्दर तामाङको आरोप छ, "इसाई केटाहरूले धेरैवटा माने भत्काए, तिप्लिङको ठूलो गाउँको पुराना गुम्बालाई भत्काएर त्यसकै ढुङ्गा र काठबाट त्यहीँ चर्च बनाएका छन् ।"

लिञ्जो गाउँमा दुईसय वर्ष पुरानो बौद्ध माने (छ्योर्तेन) भत्काउने 'बदमासी' पनि भएको छ । ढुङ्गामा कुँदिएका बौद्ध मन्त्रहरू नष्ट पार्ने कार्य पनि भइरहेको छ । विदेशीहरूको इशारामा स्थानीय इसाईहरूले माने र गुम्बा भत्काएर त्यहाँ रहेको बहुमूल्य 'यूँ' र 'सी' माला, श्रीखण्ड; मूर्ति, चाँदी र तामाका पैसाहरू चोरेर लगेको आरोप बौद्धमार्गीहरू लगाउँछन् । इसाईहरूले गुम्बालाई चर्च बनाउन खोजेको बौद्धमार्गीलाई 'शैतान' भनेर गाली गरेको गम्भीर आपत्ति प्रकट गर्छन् ।

उता लापा र बोराङ (सेर्तुङ) का इसाईहरूलाई रातारात धर्म परिवर्तन गर्न वाध्य पारिएको घटनालाई इसाई समुदायले अपमानका रूपमा लिएका छन् । गतसाल लापास्थित दुईवटा चर्चहरू बलपूर्वक भत्काइएको थियो भने धेरै इसाईहरू सिकिस्त हुनेगरी पिटिएका थिए । "चर्च भत्काउने र कुट्ने काम गाविस अध्यक्ष सिंहबहादुर तामाङको नेतृत्वमा भएको थियो" इसाई दिनबहादुर तामाङ बताउँछन् । उनले दावी गर्दै बताए, "अहिले पनि त्यहाँ कसैले म इसाई हुँ भन्न पाउँदैन ।"

लापा गाविसका अध्यक्ष सिंहबहादुर चाहिं इसाईहरूकै क्रियाकलापका कारण चर्च

भत्काउनु परेको स्पष्टीकरण दिन्छन् । उनका अनुसार, प्रहरीको सहयोगबाट चर्च भत्काइएको थियो र प्रहरीसमक्ष सहीछाप गराइ इसाईहरूलाई पुन: बौद्ध धर्ममा फर्काइएको थियो ।

यसअघि २०४४ सालमा रि गाउँमा पनि धार्मिक भिडन्त भएको कुरा स्थानीय बासिन्दाहरू स्मरण गर्छन् । २०४६ सालपछि अरू गाउँमा जस्तै सेर्तुङको बोराङमा पनि इसाई धर्म ग्रहण गर्ने लहर नै चलेको थियो । तर २०४८ सालमा आएर त्यस लहरलाई जवर्जस्ती रोक्ने काम गरियो । गुम्बा व्यवस्था तथा विकास समितिका सदस्य सचिव मार्का तामाङकै शब्दमा, "त्यसबेला बोराङमा दुई सय घर इसाई भइसकेका थिए । हामी पाँच परिवार मात्र बौद्ध थियौं । त्यही भएर मैले आफ्नो सँस्कृति जोगाउन चर्चहरू भत्काएँ, गुम्बाको उत्थान गरें । त्यसैकारण मलाई सरकारले यो समितिको सदस्य सचिवमा मनोनीत गरेको हो ।"

अहिले बोराङमा कसैले पनि खुलेर इसाई हुँ भन्नसक्ने स्थिति छैन । २०४८ सालमा त्यहाँका दुईवटा चर्चहरू ध्वस्त पारिएका थिए । त्यसबाट निस्केका काठ र अन्य सामानहरू स्थानीय मुक्रामदेवी मा.वि. लाई प्रदान गरिएको कुरा सोही विद्यालयका शिक्षक बेनीमाधव ढकालले बताए ।

पाँच वर्षअघि बोराङ गाउँमै इसाई धर्म प्रचारक फादर मिलरलाई राप्रपा नेता बुद्धिमान तामाङ्का भाइले पिटेका थिए । त्यसो त इसाईहरू पनि आफू बलियो भएको ठाउँमा अन्य धर्मावलम्बीहरूमाथि आक्रमण गर्नमा कम छैनन् । उनीहरूले गत दशैंको टीकाको दिन झार्लाङ्का बौद्ध धर्मगुरु रक्चा पेम्बा लामालाई मरणासन्न हुनेगरी पिटेका थिए । यसैगरी केही समयअघि बर्माबाट बौद्ध प्रशिक्षणको सिलसिलामा आएका भिक्षु जटिललाई बौद्ध गुरु भएकै कारण झार्लाङ्मा एक रात बाससमेत नदिएर दु:ख दिने र अपमानित गर्ने कार्य गरिएको थियो ।

## परिवर्तनको नरोकिने लहर

नेपाल अधिराज्यको संविधानले धार्मिक स्वतन्त्रता त दिएको छ, तर कसैले कसैको धर्म परिवर्तन गराउन नपाउने बन्देज पनि लगाएको छ । तैपनि व्यवहारमा चाहिं धर्म परिवर्तन गराउने कार्य भइरहेकै छ । धादिङ्का तत्कालीन प्रमुख जिल्ला अधिकारी जन्मजय रेग्मीले समस्या दर्शाए- "धर्म परिवर्तन गर्नेलाई समात्यो भने धर्म परिवर्तन गर्नेले आफैं राजीखुशीले इसाई भएको हुँ

भनिदिन्छ । अनि कारबाही गर्न मिल्दैन ।"

गतसाल हिउँदमा मैदी गाउँमा इसाई धर्मसम्बन्धी भिडियो देखाइरहेको ठाउँमा प्रहरीले हस्तक्षेप गरी विभिन्न सामानहरू जफत गरेको थियो । धादिङ्का तत्कालीन प्रहरी नायब उपरीक्षक जीवन श्रेष्ठ भन्छन्- "बिनास्वीकृति धर्म प्रचार गरेको कारण हामीले भिडियो जफत गरेका थियौं, तर पछि फर्काइदियौं ।" पञ्चायतकालमा यसैगरी जफत गरिएका इसाई पुस्तक, क्यासेट प्लेयर, गिटार र अन्य बाजागाजाहरू चाहिं धादिङ जिल्ला अदालतमा अझै थन्किरहेका छन् ।

"इसाईहरूले विभिन्न गाउँमा ५० वटा जति घरहरू भाडामा लिएर धर्मप्रचार गरिरहेका छन् । केही विदेशी नागरिक र गैरसरकारी संस्थाहरू पनि यसमा संलग्न छन् । तिनीहरूले कानुन उल्लङ्घन गरेर काम गर्दा पनि कारबाही गर्न सकिएको छैन । केही गऱ्यो भने एम्नेस्टी इन्टरनेशनलहरूले नचाहिँदो हल्ला फिँजाइहाल्छन्" प्रजिअ रेग्मीले प्रशासनको बाध्यता उल्लेख गरे ।

जनप्रतिनिधिहरूमा पनि गैर-इसाई धार बलियो छ । धादिङ जिविसका सभापति खेमप्रसाद लोहनीको निष्कर्ष छ- "इसाई धर्म बढ्यो भने सकारात्मक परिणाम आउँदैन । यो विदेशबाट आयातित धर्म हो, आयातकर्ताहरूको उद्देश्यभित्र दुराशय लुकेको हुनसक्छ । धर्म परिवर्तन गर्नाले मौलिकता पनि हराइरहेको छ ।"

पूर्वमन्त्री बुद्धिमान तामाङ पनि इसाई धर्म बढ्नाले तामाङ समाजको संस्कृति र परम्परामा गम्भीर धक्का पुगेको टिप्पणी गर्छन् । तर त्यसलाई रोक्न सरकारी तवरबाट पहल गर्न नमिल्ने पनि बताउँछन् ।

वास्तवमा उत्तरी धादिङ्का तामाङ गाउँहरूमा कहिल्यै पनि धार्मिक कट्टरता रहेन । उनीहरूले युगौंदेखि मान्दै आएको धर्म पनि विशुद्ध बौद्ध धर्म थिएन । त्यसमा झाँक्रीपन्थको बढी प्रभाव थियो । यस अर्थमा उनीहरू लामापन्थी बौद्ध धर्म मान्ने प्रकृतिपूजक जनजातिका रूपमा रहेका थिए । तर लामापन्थी बौद्ध धर्मले पनि त्यहाँका तामाङहरूलाई पूर्ण रूपमा बाँधन सकेको थिएन । त्यही कुरा बुझेका इसाई धर्म प्रचारकहरू सामाजिक सेवाको आड लिएर त्यहाँ पुगे । गुम्बाका लामा र झाँक्रीहरूको दिक्कलाग्दो व्यवहार खप्दै आएका तामाङहरूले पनि नौलो धर्मको स्वागत गरे, जुन क्रम अझै जारी छ ।

उत्तरी धादिङ्मा झैँ मुलुकका अन्य भागहरूमा इसाई धर्मले जरा गाड्दै गइरहेको छ । यसको देशव्यापी विस्तारबाट धेरैले धेरैखाले खतरा देखेका छन् । जस्तै : इसाईहरूले विदेशी मुलुकको पक्षपोषण गर्छन्, धार्मिक कलह सल्कनसक्छ, नेपालको मौलिकता र अस्तित्व नै खतरामा पर्नसक्छ, आदिआदि । बुद्धिमान तामाङ ठोकुवा गर्दै भन्छन्- "अब नेपालमा इसाई बढ्छन्, अरू सबै धर्म लोप हुन्छ । पचास वर्षपछि नेपाल हिन्दूराष्ट्र नरहेर इसाई राष्ट्र बन्छ ।"

"विदेशी धर्म" ले सयौं वर्ष पुरानो "स्वदेशी धर्म" लाई विस्थापित गर्ला त ? यस प्रश्नको तत्कालै उत्तर पाउन सजिलो छैन । तिप्लिङ्, सेर्तुङ्, झार्लाङ्, लापा र रिजस्ता गाउँहरू पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म अनेक छन्, जहाँ अशिक्षा, गरिबी र पछौटेपनाले स्थायी बास गरेका छन् । यस्ता ठाउँहरूमा सेवा, सहानुभूति र आधुनिक चेतना जगाउने क्रियाकलापहरूले स्वागत पाउनु अस्वाभाविक होइन । इसाई धर्म प्रचारकहरूले यिनै मूलमन्त्रलाई समातेका छन् । सरकारी सहयोग र सहानुभूति पटक्कै नपाएका, विकासको मुख देख्दै नदेखेका धादिङ्का दुर्गम गाउँहरूले उनीहरूबाट स्वास्थ्य र शिक्षाको ज्योति पाएका छन् । मुस्किलले हातमुखसम्म जोरिरहेका त्यस भेगका अति विपन्न जनताप्रतिको दायित्व निर्वाह गर्न राज्य पूर्णतः असमर्थ देखिन्छ । त्यसैले त्यहाँका जनताले गरिबी, पछौटेपन र अव्यवहारिक परम्पराबाट छुट्कारा पाउने आशा लिएर इसाई धर्म अँगालेका छन् । राज्यले जनताप्रतिको दायित्वबोध नगरेसम्म त्यहाँ धर्म परिवर्तनको बढ्दो लहर रोकिने सम्भावना पनि छैन ।

## इसाई सुसमाचारको बढ्दो प्रवाह

इसाई धर्मले देशका कुनाकुनामा कमबेसी प्रभाव विस्तार गरिसकेको छ । पचास वर्षअघि पचासजना मात्र इसाई धर्मावलम्बीहरू रहेको नेपालमा अहिले उनीहरूको संख्या बढेर पाँच लाखजति पुगेको अनुमान गरिन्छ ।

सर्वप्रथम सन् १६६१ मा राजा प्रताप मल्लले टेलिस्कोपलगायतका सामानहरू उपहार पाएको बदलामा दुईजना इसाई पादरीहरूलाई धर्म प्रचार गर्ने छुट दिएको कुरा इतिहासहरूमा उल्लेख छ । तर गोरखाका राजा पृथ्वीनारायण शाहले काठमाडौँ कब्जा गर्नासाथ इसाई धर्ममाथि प्रतिबन्ध लगाएर सम्पूर्ण इसाई धर्म प्रचारकहरूलाई देश निकाला गरे । उनले "व्यापारभित्र बाइबल र बाइबलभित्र बन्दुक" को नीति लिएर अँग्रेजहरू भारतमा भित्रिएको प्रत्यक्ष देखेका थिए ।

त्यसपछि एकैचोटी २००७ सालको परिवर्तनपछि मात्र इसाई धर्म प्रचारकहरू नेपालमा सक्रीय हुनपाए । २००९ सालमा शाही नेपाली सेनाका कर्णेल नरराज शमशेर जबराले इसाई धर्म अँगालेपछि उनको प्रभावबाट काठमाडौंमा धेरैले धर्म परिवर्तन गरे । कर्णेलजस्तो प्रभावशाली पदमा रहेका नरराजले धर्म परिवर्तन गर्दा राजधानीको तत्कालीन कट्टरपन्थी हिन्दू समाजमा ठूलै हलचल मच्चिएको थियो रे ! मध्यस्थ नामक इसाई पत्रिका (जुन १९९७)का अनुसार राणा शासनको अन्त्यपछि नेपालमा इसाई धर्म प्रचार गर्ने उद्देश्य लिएर के अतियाली, जर्ज जोन, चेरियन कुरियन, सी.जी. जर्जलगायतका धर्म प्रचारकहरू रक्सौल, रूपैडिया, नौतनवा आदि सीमावर्ती क्षेत्रमा आएका थिए । आफ्नो नातिलाई रक्सौलस्थित डङ्कन अस्पतालमा उपचार गर्न लागेका बखत कर्णेल नरराज उनीहरूको सम्पर्कमा आए । उनीहरूकै प्रार्थनाबाट नाति निको भएकोबाट प्रभावित भई कर्णेल नरराजले सन् १९५२ नोभेम्बरमा बिहारको मोतिहारीमा 'बप्तिस्मा' लिएर इसाई धर्म ग्रहण गरेका थिए ।

इसाई बुद्धिजीवी इशुजङ्ग कार्कीका अनुसार, कर्णेल नरराजले रक्सौलमा भेटेका ती धर्म प्रचारकहरूलाई पछि काठमाडौं ल्याएका थिए । सन् १९५३ अप्रिलमा काठमाडौंमा खीस्ट शान्ति समाज गठन गरेर काठमाडौंको सबैभन्दा पुरानो मानिने पुतलीसडक चर्च स्थापना गर्नमा उनीहरूले नै अगुवाई गरेका थिए ।

पञ्चायतकालभरि कानूनी अड्चनका कारण धर्म परिवर्तनको सिलसिला सुषुप्त रह्यो । पञ्चायती संविधानअनुसार धर्म परिवर्तन गर्ने र गराउने दुवै दण्डित हुने प्रावधान थियो । त्यसअवधिमा धर्म प्रचारको अभियोगमा धेरै इसाईहरूमाथि मुद्दा चलाइयो, जेल हालियो । बहुदलीय व्यवस्थाको पुनर्स्थापना हुँदा धर्म परिवर्तन गराएवापत करीब ३० जनाले जेल सजाय र दुई सय जतिले मुद्दा खेपिरहेका थिए । २०४७ सालको अन्तरिम सरकारले उनीहरू सबैलाई माफी दियो ।

हालको संविधानमा अर्काको धर्म परिवर्तन गराउन नपाउने प्रावधान रहे तापनि आफ्नो धर्मको स्वतन्त्र अभ्यास गर्ने मौलिक अधिकारको ग्यारेन्टी गरिएको कारण धर्म परिवर्तन गर्ने बाढी नै आएको छ । वास्तवमा २०४६ सालपछि इतिहासमा नै सबभन्दा ठूलो संख्यामा नेपालीहरूले इसाई धर्म अँगालेका छन् ।

इसाई धर्मावलम्बीहरूको संख्या बढाउने एकसूत्रीय लक्ष्य लिएर हाल अनेक चर्च र मिसनरी संस्थाहरू सक्रीय छन् । युनाइटेड मिसनमा स्वयंसेवक भएर आएका

एक अमेरिकी पादरीले सन् २००० सम्ममा नेपालको हरेक गाविसमा कम्तिमा एकएकवटा चर्च स्थापना गर्ने आफूहरूको लक्ष्य रहेको बताए । उनले आफ्नो कामबारे व्याख्या गर्दै भने- "मेरो मुख्य काम गाउँलेहरूलाई चर्च निर्माण गर्न सघाउनु हो ।"

यसबाहेक सामाजिक सेवाको क्षेत्रमा क्रियाशील संस्थाहरू पनि धर्म प्रचारमा संलग्न रहेको भेटिएका छन् । यिनैमध्ये एक आड्रा (एड्भेन्टिस्ट डिजास्टर रिलिफ एजेन्सी) नामक विदेशी संस्था इसाई धर्मको प्रचारमा संलग्न भएको निकै ठूलो सार्वजनिक चर्चा भएको थियो । यसैगरी युनाइटेड मिसन टु नेपाल र इन्टरनेशनल नेपाल फेलोशिपले सरकारसमक्ष धर्म परिवर्तन नगराउने लिखित प्रतिबद्धता जाहेर गरे पनि उनीहरूको एउटा लक्ष्य इसाई धर्म प्रचार गर्नु हो भन्ने कुरा ती संस्थाहरूका क्रियाकलाप र कार्यक्रमबाटै पुष्टि हुन्छ । नेपालमा सर्वप्रथम रोमन क्याथोलिकहरूले इसाई धर्म प्रवेश गराएको इतिहास छ । तर अहिले धर्म प्रचारको काममा प्रोटेस्टेन्ट बढी सक्रीय छन् । उनीहरूका निम्ति नेपाली समाजमा विद्यमान गरिबी, पछौटेपन र जातीय भेदभाव अत्यन्त अनुकूल तत्त्व भइदिएका छन् । जहाँ ती समस्याहरू प्रगाढ छन्, त्यहाँ इसाई सुसमाचार र चर्चहरूको उपस्थिति बाक्लो छ ।

*(भदौ १, २०५५ सालको काठमाडौँ टुडेमा छापिएको ।)*

# पशुपतिनाथ : खाँचो छ सुधार र सुव्यवस्थाको

**– सङ्गीता लामा**

पशुपतिनाथको पूर्वपट्टि बग्ने स्वच्छ बागमती, चारैतिर फैलिएको हरियाली, शान्त वातावरण, सफा घाट, सत्तल, चोक र डबलीहरू आदि सबै अब सम्झनामा मात्र सीमित हुने सङ्केतहरू देखिन थालेका छन् । जतातत्तै थुप्रिएका फोहोरका डङ्गुर र दुर्गन्ध, माग्नेका ताँती, धारा, चर्पी र धर्मशालाको समस्या, मुर्दालाई समेत बागमतीको जलको साटो धाराको पानी चढाउनुपर्ने अवस्था, जीर्ण हुँदै गएका मन्दिर, देवल र पाटीपौवा, गाँजा-चरेस र जाँडरक्सी खानेहरूका हूल तथा होहल्ला देख्दा जो कसैको मनमा पनि पशुपतिनाथको मन्दिरप्रति मानिसहरूको आस्था कम भएको हो वा आयस्ता नभएर यो दुरावस्था हुन गएको हो भन्ने खुल्दुली लाग्नु स्वाभाविक हो । तर धार्मिक र साँस्कृतिक दृष्टिले पशुपतिनाथको महत्तामा कुनै कमी आएको छैन र दर्शन गर्न आउने भक्तजनहरूको सङ्ख्या पनि दिनानुदिन बढिरहेकै छ । जग्गा-जमिन, चल-अचल सम्पत्तिका हिसाबले पशुपतिनाथको मन्दिरलाई नेपालको सबैभन्दा सम्पन्न मानिन्छ । देशमा सङ्कट आइपरेका बेला यहाँका राजाहरूले समेत पशुपतिनाथको ढुकुटीबाट धनसम्पत्ति

निकालेर खाँचो टार्थे भन्ने कुरा इतिहासमा उल्लेख छ । तर पशुपतिनाथको आजको अवस्था दयनीय छ ।

इतिहासका कुरा मात्र होइन अहिले पनि पशुपतिनाथको पूजाआजा र व्यवस्थापन तथा पशुपति क्षेत्रसँग सम्बन्धित अधिराज्यभरिका विभिन्न गुठी कार्यालयहरूमा दर्ता भएका प्रशस्त गुठी जग्गा छन् । पशुपतिनाथ र पशुपति क्षेत्रका देवदेवीको पूजाआजा व्यवस्थापनसँग सम्बन्धित जग्गा पशुपति भण्डार तहबिल, पशुपति अमालकोट कचहरी र जयबागीश्वरी भण्डार तहबिल तीनवटा कार्यालयहरूका अधीनमा पर्दछन् । यी कार्यालय अन्तर्गतका जग्गाको लालपुर्जामा सरकारी कार्यालयको छापको सट्टा त्रिशूल छाप हुने हुनाले तिनलाई त्रिशूलछाप जग्गा भनिन्छ । जग्गाको किनबेच गर्न पनि मिल्ने त्रिशूलछाप जग्गाको तलसिङ्ग वा जग्गाधनी पशुपतिनाथ हुन्छन् भने जग्गा कमाउने वा भोगचलन गर्ने मानिस मोही हुन्छ । यस्ता जग्गाका मोही वा जग्गा भोगचलन गर्नेले पशुपतिनाथको गुठीमा परम्परादेखि तोकिएअनुसार वर्षमा एक रोपनी बराबर सामान्यतः एक मुरी धान वा तोकिऐको कुत बुझाउनु पर्छ ।

पशुपति अमालकोट कचहरीबाट प्राप्त जानकारी अनुसार काठमाडौं उपत्यकामा मात्र पशुपतिनाथको गुठी जग्गा ११४७ रोपनी छ । यसबाहेक यस कार्यालयअन्तर्गतका रै-रकमी वा कर्मचारीहरूको खान्गीको ४०७ रोपनी जग्गा छ । अहिले त्रिभुवन विमानस्थल रहेको ठाउँ पनि अमालकोट कचहरी अन्तर्गत रहेको जग्गा थियो । पशुपति भण्डार तहबिलको अधीनमा पनि प्रशस्त जग्गा भएको देखिन्छ । पशुपति क्षेत्र विकास कोषका पूर्व सदस्य-सचिव गोविन्द टन्डनको पुस्तक 'पशुपति क्षेत्र साँस्कृतिक अध्ययन'अनुसार पशुपति भण्डार तहबिल अन्तर्गत मात्र ६४०-५-२ रोपनी जग्गा छ ।

काठमाडौं गुठी तहसिल कार्यालय त्रिपुरेश्वरबाट प्राप्त जानकारी अनुसार काठमाडौंमा मात्र पशुपति क्षेत्रसँग सम्बन्धित विभिन्न गुठीहरूको हाल कायम भएको जग्गा ३१६६-१५-१-२ रोपनी, ललितपुरमा ४६६-२-० रोपनी र भक्तपुरमा १४६७-९-१ रोपनी छ । यसबाहेक काठमाडौं उपत्यकाभित्रको ८४६-८-३ रोपनी जग्गा रैतानमा परिणत भइसकेको छ । त्यसै कार्यालयबाट प्राप्त सूचनाअनुसार पशुपतिनाथको पूजाआजा निम्ति मूलभट्ट अन्तर्गत रहेका बाह्रवटा गुठीको नाउँमा ६१६-१०-१ रोपनी जग्गा छ ।

# भण्डारी परम्परा

पशुपतिनाथका पालोवाला भण्डारीहरूलाई मल्ल राजा रण मल्लका पालामा बनेपाबाट झिकाइ पशुपतिमा राखिएको हो भन्ने कथन छ । पशुपतिनाथको भण्डारको जिम्मा लिने भएकाले यिनीहरूलाई भण्डारी भनिएको हो । नेवार समुदायको श्रेष्ठ कुलका यी भण्डारीहरू पशुपतिको चार कवलभित्रै बसोबास गरेका र यही चार कवलभित्रै जन्मिएका हुनुपर्दछ । भण्डारीहरूको चार कवल (टोल) लाई दथु, भडिभू, मतमण्डिल र कोफले भनिन्छ । यी चार कवलबाहिर वा अस्पतालमा जन्मिएकाहरू भण्डारी हुने अधिकारबाट बञ्चित हुनुपरेका घटनाहरू पनि छन् ।

भण्डारी आइमाईहरूले जस्तोसुकै जोखिम सहेर पनि घरैमा बच्चा जन्माउने गर्छन् ।

पशुपतिनाथका पुजारी वा भट्टहरू मन्दिरमा पस्नुअघि भँडारीहरूले उनीहरूलाई शिरमाला अर्थात् रुद्राक्षको माला दिनुपर्छ । भण्डारीहरूले शिरमाला नदिएसम्म भट्टहरूले मन्दिरभित्र पस्न नपाउने नियम छ । त्यस्तै भट्टहरू पूजा सकेर मन्दिरबाहिर निस्कने बेलामा पनि पशुपतिनाथमा चढाइएका सुनचाँदी मणिमाणिक्य र पैसा लगे कि भनेर भण्डारीहरूले भट्टहरूको शरीर जाँच गर्ने परम्परागत चलन छ । त्यसैगरी पशुपतिनाथको मन्दिरको माथिल्लो तलामा रहेको तलामा रहेको ढुकुटीमा भट्टहरूलाई जाने अधिकार छैन । त्यहाँ भण्डारीहरूको चार कवलमध्येको दथु कवलका मूल भँडारी मात्र जान पाउँछन् । पशुपतिनाथको धनसम्पत्ति हराएमा भँडारीले नै तिर्नुपर्ने नियम छ । पशुपतिनाथको ढुकुटीको व्यवस्थापन र मन्दिरभित्र बाहिरको सुरक्षाको जिम्मा भण्डारीहरूको हो ।

पशुपतिमा एक महिनामा एक कवलका चारजना भण्डारीहरूको पालो पर्छ । भण्डारीहरूको मुख्य काम कर्तव्य चाहिं पशुपतिनाथको रखवारी गर्ने, दिनदिनै चाहिने चन्दन घोटी तयार पार्ने, मीनपचासमा जङ्गलबाट दाउरा खोजी ल्याउने, पुजारीलाई सहयोग गर्ने, पशुपतिनाथको भित्री ढोका खोल्ने र बन्द गर्ने, गर्भगृह सफा गर्ने, गरगहनाको सुरक्षा गर्ने, मन्दिरभित्र भट्टहरू पस्दा शिरमाला दिने र बाहिर निस्कँदा भट्टहरूको शरीर जाँच गर्ने आदि हुन् ।

परम्परादेखि भँडारी हुने अधिकार पाएका झण्डै एकसय जनाजति सँस्कारित भण्डारीहरू छन् । सँस्कारित भण्डारीका छोरानाति वंशानुगत रूपमा भण्डारी हुन्छन् । उनीहरूको पालो घुमीघुमी आउँछ । एकपटकमा उनीहरूको एक महिनासम्म पालो पर्छ । पशुपतिनाथको मन्दिरको पालोवाला भण्डारी हुनका लागि व्रतबन्ध गर्नुपर्छ । व्रतबन्ध हुनुभन्दा अघि राजा कहाँ गएर दाम राखी स्वीकृति लिएपछि मात्र व्रतबन्ध गरिन्छ । व्रतबन्ध सकिएपछि चार दिन पशुपतिनाथको प्राङ्गणभित्रै बस्नुपर्छ । जन्मिनासाथ भण्डारी बालकले घ्यू, तेल, चामल र खान्गीको सुविधा पाउँछ । यसबाहेक उनीहरूले निश्चित जग्गा पाउँछन् र सो जग्गा बेचबिखन पनि गर्न पाउँछन् ।

यिनै गुठी जग्गाहरूबाट प्राप्त हुने जिन्सी कुत, गुठी संस्थान र व्यक्तिबाट हरेक वर्ष प्राप्त हुने दरबन्दी भोग, भक्तहरूले आफूखुसी चढाएको भेटी, ठेक र भू-बहाल आदि नै पशुपतिनाथको मुख्य आयस्रोत हो । तर पशुपतिनाथ अन्तर्गतका जग्गा व्यवस्थित नभएकोले जग्गाको आयस्ताबाट पशुपतिक्षेत्रको सम्पूर्ण व्यवस्था, सरसफाइ जस्ता काम गर्न सकिने अवस्था छैन । मोहीहरूसँग आयस्ता असुल गर्न गाह्रो भएको छ । जग्गाविवाद दिनदिनै चर्कंदै गएको छ । पशुपति क्षेत्र विकास कोषका सदस्य-सचिव चेतनाथ गौतम भन्छन्- "पशुपतिनाथको कतिपय जग्गाको धनीपुर्जा छैन । कति मोहीले खाइदिएका छन् । ठूलाठूला जग्गाका प्लटहरू टुक्रिँदैछन् । यसबाट पशुपतिमा आउने जिन्सी आयस्ता घटेको छ । यसरी नै जग्गा खण्डित हुँदै जाने हो भने पशुपतिको धार्मिक परम्परा नै रोकिने अवस्था पनि आउन सक्छ ।"

पशुपतिनाथको सबैभन्दा ठूलो आय चाहिं भक्तहरूले लगाउने निजी वा फर्माइसी पूजाबाट आउने रकम र दक्षिणाभेटी नै हो । यसरी दिनदिनै चढाइने दक्षिणा, भेटी, फर्माइसी पूजाबाट उठ्ने रकम र सुनचाँदी पशुपतिनाथको ढुकुटीमा जान्छ र सो रकम पशुपति क्षेत्रको विकासमा खर्च गरिन्छ भनेर भक्तजनहरूले सोच्नु स्वाभाविक हो । तर वास्तविकता के हो भने पशुपतिमा चढाइएका दक्षिणा, भेटी र सुनचाँदीको नगण्य अंश मात्रै पशुपतिनाथको ढुकुटीमा दाखिला हुन्छ र यसरी प्राप्त हुने प्राय: सबै नै रकम पुजारी र भण्डारीहरूको खल्तीमा जान्छ ।

## भट्ट, भण्डारी र भेटी

पशुपतिनाथको पूजाआजा गर्ने चारजना भट्टहरू छन् । तीमध्ये एकजना मूलभट्ट हुन्छन् । त्यसैगरी पशुपतिनाथको मन्दिरमा पालैपालो गरी चारजना भण्डारीहरू बस्दछन् । पशुपतिनाथमा भक्तहरूद्वारा चढाइने भेटी भट्ट र भण्डारीहरूले बाँडीचुडी लिने चलन छ । पशुपतिनाथलाई चढाइने दक्षिणा, भेटी र जिन्सी सामान सबैलाई तीन भाग गरिन्छ । त्यसको एकखण्ड पालो परेका चारजना भण्डारीहरूले र दुई खण्ड चारजना भट्टहरूले पाउँछन् । भट्टहरूका भागमा परेको दुई खण्डलाई पनि फेरि पाँच खण्ड गरी त्यसमध्ये दुई खण्ड मूलभट्टले र तीन खण्ड बाँकी तीनजना भट्टहरूले बाँडेर लिने गर्छन् ।

पहिला असर्फीलाई बहुमूल्य धातु मानी पशुपतिनाथको ढुकुटीमा दाखिला गरिन्थ्यो । तर हिजोआज असर्फी पनि अरू सामान्य मुद्रा सरह भण्डारी तथा भट्टहरूले बाँडेर लिन्छन् । पशुपतिनाथ को मन्दिरमा २०५४ को असोजमा पालो परेका मछिन्द्र राजभण्डारीले यसअघि पनि पशुपतिमा भण्डारी हुने मौका पाइसकेका छन् । भेटी रकम सम्बन्धमा उनी भन्छन्- “मेला पर्व र साउन महिनामा अरूवेलाभन्दा बढी भेटी चढ्छ । साधारणतया एक महिना पालो पर्दा एकजना भण्डारीको भागमा एकडेढ लाख रुपियाँ पर्छ ।”

२०४० सालमा सधैँका लागि भण्डारी पदबाट निष्कासित भएका का.न.पा. वडा नं. ८ का पूर्व वडा अध्यक्ष श्यामकृष्ण भण्डारी भन्छन्- “२०३९ सालमा पालो पर्दा मेरो भागमा डेढलाख रुपियाँ जति परेको थियो । तर पहिलेभन्दा अहिले पशुपतिमा आउने मानिसहरूको संख्या निकै बढेको छ । त्यसैले दक्षिणा भेटीको रकम पनि निश्चय नै बढेको हुनुपर्छ ।”

भेटी सङ्कलनका लागि पशुपतिनाथको मन्दिरभित्रको एउटा कुनोमा सानो कन्तुर झुण्ड्याइएको छ । त्यस कन्तुरमा खस्ने रकम नगण्य हुन्छ । आर्थिक वर्ष २०२२/२३ मा सो कन्तुरमा जम्मा रू. ७२/६५ पैसा र आ.व. २०३५/३६ मा रू. ७२२/१८ खसेको थियो । त्यही कन्तुरमा जम्मा हुने रकम मात्र वास्तवमा पशुपतिनाथको कोषमा सोझै दाखिला हुने गर्दछ । कन्तुरमा खसेको रकमको हिसाब-किताब राख्ने पशुपतिनाथ भण्डार तहबिलमा त्यसपछिका वर्षहरूमा भएको आम्दानीको तथ्याङ्क माग्दा त्यहाँका कर्मचारीले दिन चाहेनन् । कन्तुरमा वर्षभरि जम्मा भएको रकमले सुन किनेर पशुपतिनाथको ढुकुटीमा राख्नुपर्ने

चलन छ । कन्तुरमा खसालिदिनु भनेर भट्ट-भँडारीका हातमा दिएको पैसा वा चढाएको सुन-चाँदीका गरगहना सबै नै पशुपतिनाथको ढुकुटीमा जानुपर्ने हो । तर भक्तहरूले कन्तुरमा खसालिदिनू भनेर दिएको ठूलो रकम र सुन-चाँदी चाहिं भट्ट-भँडारीको इमान्दारीमा भरपर्छ । श्यामकृष्ण भण्डारीको यस सम्बन्धमा यस्तो अनुवभ छ– "कन्तुरमा खसालिदिनू भनेर कसैले सुन वा पैसा दिए पनि त्यो लिने मान्छेको विवेकमा भर पर्छ । चढाउने मान्छे हातमा दिएर गइहाल्छ । पाउनेले थोरै छ भने खसाली दिन्छ, धेरै छ भने जसले पायो उसैले लिन्छ । कसैले यसको खोजिनिती पनि गर्दैनन् र हिसाबकिताब पनि माग्दैनन् ।"

पशुपतिमा प्रत्येक साँझ आरती गर्ने समूह- नित्य आरती परिवारका विजय अग्रवाल नेपालको यति ठूला आराध्यदेवको मन्दिरभित्र एउटा दानपात्रसम्म पनि नभएकोमा अचम्म मान्छन् । भारतका मन्दिर र पशुपतिनाथलाई तुलना गर्दै उनी भन्छन्– "भारतका धेरैजसो मन्दिरहरूभित्र दान गर्ने बाकस राखिएको हुन्छ । दानबाट जम्मा भएको रकम ट्रस्टमा जान्छ र सो रकमबाट ट्रस्टले मन्दिरमा मार्बल लगाउने, सरसफाइ गर्नेदेखि दिएर भक्तजनहरूको सरसुविधा बढाउने आदि सबै काम गर्छ । पशुपतिनाथ मन्दिरभित्र पनि ठाउँठाउँमा दानपात्र राखिएको भए वर्षमा लाखौं रुपियाँ जम्मा हुन्थ्यो होला । त्यही पैसाले पशुपति क्षेत्रको विकास गर्न सकिन्थ्यो ।"

पशुपतिनाथमा चढाइएका सुन, चाँदी, मणिमाणिक्य र तासका कपडा सबै नै पशुपतिनाथको ढुकुटीमा दाखिला गर्ने प्रावधान छ । तर यसमा पनि अनियमितता छ भनेर पशुपति क्षेत्र विकास कोषका पूर्व सदस्य-सचिव गोविन्द टन्डन आफ्नो पुस्तक 'पशुपति क्षेत्रको साँस्कृतिक अध्ययन'मा लेख्छन्– "पशुपतिनाथमा बहुमूल्य वस्तुहरू पनि अधिकांश बिनालगत चढ्ने गरेकाले ढुकुटीमा जानेनजाने पुजारी–भण्डारीको इमान्दारीमा भर पर्छ । डालामा छोपछाप पारेर पुजारी-भण्डारीले आ–आफ्नो भाग लाने विद्यमान परिपाटीले गर्दा त्यसमा के छ भनेर हेर्ने निकाय तथा लगत राखी कसैले पनि सुन, चाँदी जस्ता बहुमूल्य वस्तुहरू चढाउन पाउने रीत नभएकाले व्यवहारमा सत्यता र इमान्दारीले कतिको साथ दिएको छ सोच्नुपर्छ ।"

प्रत्येक महिनाको पूर्णिमापछिको द्वितीयाका दिन पशुपतिनाथको आम्दानी बाँधिन्छ । तर त्यसरी बाँधिने आम्दानीबारे पनि गोविन्द टन्डन आफ्नो पुस्तकमा लेख्छन् "बिना सहीछाप, बिनासाक्षी, पछि सच्याउने, सुन भनी लेखेको ठाउँमा

चाँदी भनी लेख्ने, तौल घटी देखाउने, प्रतिदिन पशुपतिको भोगमा भक्तहरूले चढाउने सामग्रीहरू आम्दानी नबाँधी आफूखुसी पुजारी तथा भण्डार तहबिलका रै-रकमीले हिनामिना पार्ने सामान्य प्रचलन बनेका छन् ।"

पशुपतिका भट्ट, बिसेट र भण्डारीले आ-आफ्नो पद ग्रहण गर्नुअघि 'सुनचाँदी, तामा, पित्तलमा लोभानीपापानी गर्दिन, गरे पञ्चमहापाप लागोस्' भनेर किरिया खानुपर्छ । यस्तो किरिया भण्डारीहरूले व्रतबन्ध गर्ने बेलामा खान्छन् । तर हिजोआज सबैमा लोभानीपापानी बढेकाले भण्डारीहरूमा पनि यसको असर देखिएको अनुभव का.न.पा. वडा नं. ८ का वडा अध्यक्ष नरोत्तम वैद्यको छ । उनको भनाइमा "हिजोआज अधिकांश भट्ट-भण्डारी र बिसेटमा लोभानीपापानी बढेको छ । यस आधुनिक समयमा अब सँस्कृत भाषामा मौखिक किरिया खाएर मात्र हुँदैन । समयको माग अनुसार बुझ्ने भाषामा स्पष्टसँग कागज गराउनु पऱ्यो । ऐननियमले उनीहरूलाई बाँध्नुपऱ्यो ।"

पशुपतिनाथका सुनचाँदी घरमा ल्याउँदिन भनेर किरिया खाएतापनि व्यवहारमा भने त्यसको विपरीत हुने उदाहरण दिँदै आफ्नो नाम उल्लेख गर्न नचाहने पशुपति क्षेत्रकै एकजना समाजसेवी भन्छन्- "मेरो एकजना मन्दिरका भण्डारी साथीले उसको बिहेका लागि गहना बनाउन साथी जान बोलाएपछि म ऊसँगै बाँडाकहाँ गएको थिएँ । त्यहाँ उसले सानो पोको खोल्दा त्यसमा त सबै पशुपतिनाथमा चढाएका सुनका त्रिशूल, डमरु, बेलपत्र र कलश आदि थिए । पशुपतिमा चढाइने सुन चिनिहालिन्छ । त्यो देखेर म छक्क परेँ ।"

पहिला पशुपतिनाथका भट्टहरू मन्दिरभित्र नौ बजे मात्र पस्नेगर्थे तर केही समयअघि देखि उनीहरू आठैबजे मन्दिरभित्र पस्न थालेका छन् । त्यसबाट भण्डारीहरू बेखुशी छन् । उनीहरू यसरी बेखुशी हुनाको कारण चाहिं भट्टहरू मन्दिरमा नपसुन्जेलसम्म भक्तहरूले चढाएका सम्पूर्ण दक्षिणाभेटी भण्डारीहरूले लिन पाउँछन् । तर भट्टहरू मन्दिरमा पसेपछि चाहिं दक्षिणाभेटीमा उनीहरूको पनि भाग लाग्छ ।

## हुकुम प्रमाङ्गी

पशुपतिनाथको मन्दिरमा चढाइने दक्षिणाभेटी भट्ट र भँडारीले बाँडीचुँडी खाने चलन धेरै पुरानो हो । गोविन्द टन्डनको पुस्तक 'पशुपतिक्षेत्रको साँस्कृतिक अध्ययन' अनुसार वि.सं. १८६७ मंसिर कृष्ण रोज १ मा श्री गीर्वाणयुद्ध विक्रम

शाहले पशुपतिनाथका पूजाआजा र व्यवस्थापनका लागि गरिदिएको लालमोहर दक्षिणा भेटीको बाँडफाँड सम्बन्धमा अहिलेसम्म प्राप्त पहिलो लालमोहर हो । उक्त लालमोहरमा भनिएको छ- "भण्डार दाषील गर्न्या रूपियाँको जैसीले लेषी पुजाहारा भट्टका सहीको रसिद लिनु दवाई छपाई कसैले नखानू ।"

उक्त पुस्तकमा उल्लेख भए बमोजिम श्री ५ गीर्वाणयुद्धले पशुपतिनाथको पूजा-आजा र व्यवस्थापनका लागि लालमोहर गरिदिए तापनि बेलाबेलामा पशुपतिनाथमा चढाइने भेटी, गरगहना र भाँडाकुँडालाई लिएर विवाद उठ्ने गर्थ्यो । त्यसैले वि.सं. १९३८ श्रावण शुक्ल द्वादशी सोमबारका दिन तत्कालीन प्रधानमन्त्री रणोद्वीप सिंहले दक्षिणाभेटीका सम्बन्धमा सनद जारी गरे । सो सनद अनुसार साबिक बमोजिम महिना-महिनामा थर, घर र अरू चाहिने मानिस बसी हिसाब-किताब राखी ढुकुटी दाखिल गर्नेजति ढुकुटीमा राख्न लाउने तथा बाहिर राख्ने जति बाहिर राखी त्यसको कचावर खोली एकप्रति त्यसबेलाको हिसाबकिताब राख्ने निकाय कुमारीचोकमा तथा अर्कोप्रति मन्दिरमा राख्ने व्यवस्था गरियो । तर पशुपतिमा चढाइएको सबै दक्षिणाभेटी पशुपतिनाथको ढुकुटीमा राख्ने हो कि पुजारी-भण्डारीले निश्चित रकम बाँडेर लिएपछि बाँकी रहेको रकम राख्ने हो भन्ने कुरा सनदले पनि प्रस्ट पार्न सकेन । त्यसपछि पुजारी भण्डारीहरू पनि आ-आफ्नै तरिकाले बुझ्दै र त्यहीअनुसार चल्दै गए । तर दक्षिणाभेटी सम्बन्धी विवादको भने अन्त्य भएन ।

वि.सं. १९८० मा पशुपतिनाथका द्वारे जग्गनाथ उपाध्यायले तत्कालीन प्रधानमन्त्री चन्द्र शमशेरलाई भट्ट-भँडारीहरूले पशुपतिमा दक्षिणाभेटीको हिसाबकिताब नराखी बाँडीचुँडी खाए भनी उजूर गरे । त्यसपछि पुजारी भट्ट-भँडारीसँग बयान लिइयो । कुनै पनि कागजातमा कतै पनि दक्षिणाभेटी बाँडेर खानू भनेर नलेखिएकाले दक्षिणा थर, घर, गुठी जाँच, हाजिर गोश्वाराका हाकिमहरूलाई बिगोबमोजिम हर्जाना तिर्न लगाउनुपर्ने सिफारिस त्यसबेलाको गुठी बन्दोबस्त अड्डाले गरेको थियो । यसका साथै आइन्दा कौसीतोसाखानाबाट नित्य आउने, दुनियाँदारले चढाउने र विभिन्न पर्वहरूमा चढ्ने दक्षिणाभेटी वि.सं. १९३८ सालको सनद अनुसार नै पशुपतिनाथको ढुकुटीमा जम्मा गर्ने र दक्षिणाभेटीको हिनामिना रोक्न पशुपति गोश्वाराका हाकिम, मूलभट्ट र पशुपतिभण्डार तहविल समेतको सहीछाप गराइ हरेक दिनको हिसाबकिताब राखी गुठी जाँचबाट जाँच्ने र महिनावारी मास्केवारी तत्कालीन कुमारी चोकमा बुझाउने सिफारिस गरेको थियो । त्यस्तै

# पशुपतिनाथको पुजारी परम्परा

बाह्रौं शताब्दीतिर काशीबाट आएका शङ्कराचार्यले दक्षिण भारतका ब्राम्हणहरूलाई पशुपतिनाथमा पुजारी बनाउने परम्पराको थालनी गरेका हुन् भनिन्छ । पशुपतिका यिनै पुजारी ब्राम्हणहरूलाई भट्ट भनिन्छ । यो उनीहरूको जात वा थर होइन । यस शब्दले विद्वान वा पण्डितको अर्थ बोध गराउँछ । इतिहासका विभिन्न कालमा पशुपतिनाथको पुजारी अरू ब्राम्हण र गिरी, पुरी जस्ता सन्यासीहरू पनि हुने गरेका थिए । पशुपतिको दर्शन गर्न विभिन्न ठाउँबाट आएका वा यही भएका सन्न्यासीहरूलाई आवश्यक परेका बेला राजाले जाँचबुझ गरी योग्य भएमा पशुपतिनाथको पुजारी नियुक्त गर्ने चलन थियो । वि.सं. १५३९ देखि १५७७ सम्म काठमाडौंका प्रथम राजा रत्नमल्लले सन्यासीहरूद्वारा नै पशुपतिको पूजाआजा गर्ने चलन चलाएका थिए । रत्न मल्लदेखि जयप्रकाश मल्लको पालासम्म सातजना सन्न्यासी पुजारीहरूले पशुपतिनाथको पुजारीको काम गरेको कुरा इतिहासबाट थाहा हुन्छ । ती थिए- भैरवानन्द, नित्यानन्द, ज्ञानानन्द, विमलानन्द, राघवानन्द, कपिलानन्द । जयप्रकाश मल्लको पालादेखि पशुपतिनाथमा फेरि भट्टहरूद्वारा नै पूजाआजा गर्ने चलन चलाइयो र यो परम्परा अहिलेसम्म पनि कायमै छ । पशुपतिका पुजारी हुन पाशुपत दीक्षा प्राप्त गरेका, तान्त्रिक, विधिले शिवार्चन र श्री विधाको उपासन क्रम जानेको विद्वान तथा वेदमा पारङ्गत हुनुपर्दछ । पशुपतिनाथमा बासुकी मन्दिरका पुजारी समेत गरी पाँचजना भट्टहरू छन् । मूल भट्टलाई पूजामा सघाउने काम अरू भट्टले गर्छन् । पशुपतिको पुजारी नियुक्ति भएपछि शरीरमा कुनै खतखून लागेमा वा शरीरमा चक्कु प्रयोग गरी अपरेशन गरिएमा पुजारी रहन नपाइने नियम छ । तर आजभोलि यो नियम व्यवहारमा त्यति कडाइका साथ लागु हुने नगरेको बुझिएको छ । भट्टहरूलाई जीवनभरि पशुपतिनाथमा पूजा गर्ने अधिकार मृत्यु भएमा वा राजीनामा गरेको अवस्थामा मात्र भट्ट फेरिन्छ । अहिलेका मूलभट्ट २०५२ सालदेखि पशुपतिका मूल पुजारी भएका हुन् । उनले आवास तथा अन्य सुविधा बाहेक दिनको एकमुरी धान खान्गी स्वरूप पाउँछन् ।

पशुपतिनाथको दक्षिणाभेटी हिनामिनासम्बन्धी मुद्दामा हरेक दिन जाँच्न जाने गुठी जाँचका हाकिमहरूलाई जरिवाना पनि गरियो । एकातिर यसो हुँदाहुँदै पनि अर्कातिर तत्कालीन प्रधानमन्त्री चन्द्र शमशेरद्वारा "अब उप्रान्त गहना भाँडा चढायाको र भेटीमा कौंसीबाट आउने भेटी रोजको ३२ पैसाको मैन्हामैन्हा ढुकुटी दाषील भयाको वासील बाँकी षढा गरी कुमारीचोक नेपाल फाँटमा बुझाउनु सो बाहेक अरू भेटी दक्षिणा चढायाको साबिक बमोजिम भट्ट भँडारेहरूले बाँडी खानु भन्ने सनद गरिदिनु भन्ने समेत तोकी काटी सदर भएकोले सो बमोजिम गराउनु" भन्ने हुकुमप्रमाङ्गी भयो । भट्ट र भँडारीहरूले दक्षिणाभेटी रकम बाँडी खाने अहिलेको चलन त्यही हुकुमप्रमाङ्गीको प्रतिफल जस्तो देखिन्छ ।

## फर्माइसी पूजाको कारोबार

पशुपतिनाथको मन्दिरमा प्रत्येक दिन निजी वा फर्माइसी पूजाका नाममा लाखौं रुपियाँको आर्थिक कारोबार हुन्छ र त्यस्ता फर्माइसी पूजासम्बन्धी सबै लेनदेन तथा बन्दोबस्त भने भट्टहरूको निवासमै हुने गर्छ । यस्ता फर्माइसी पूजालाई भट्टहरूको निजी मामिला मानिने हुनाले तिनको हिसाबकिताब राख्ने चलन छैन । जस्तो: लघुरुद्री, महारुद्री, अतिरुद्री, रुद्री पाठ, पञ्चामृत स्नान आदि भिन्दाभिन्दै पूजाको भेटीदर भट्टहरू आफैं तोक्छन् । पूजाको दर रु. २५१ देखि ५ लाख रुपियाँसम्म हुने गर्दछ । यस्ता महँगा पूजा खासगरी भारतीय तीर्थयात्री र नेपालमा बस्ने भारतीय मूलका व्यापारी, केही धनाढ्य नेपाली र विदेशमा बस्ने भारतीयहरूले गराउँछन् ।

नेपालबाहिरका भक्तहरूले टेलिफोन, फ्याक्स र टेलिग्राममार्फत् पनि पूजा गराउन भट्टहरूकहाँ नाम लेखाउँछन् । अहिले यस्ता पूजाको धेरैजसो अर्डर चाहिं मूलभट्ट रावल सुब्रमण्यम् शास्त्रीले नै लिन्छन् । आफ्नो नाम बताउन नचाहने प्रत्यक्षदर्शीहरूका अनुसार मूलभट्टकहाँ त्यस्ता पूजाका लागि आवश्यक पर्ने घ्यू, चिनी, मह, रुमाल, धोती, रुद्राक्ष, धूपदेखि लिएर पाउडर दूधको समेत ठूलो स्टक छ । पूजा सम्बन्धी सम्पूर्ण कारोबार चाहिं मूलभट्टका जेठा छोरा सदाशिवले गर्छन् । यस्ता निजी पूजाको अर्डर लिन मूलभट्ट र अरू तीनजना सहायक भट्टहरूबीच हानाथाप पर्ने गरेको छ । चारै जना भट्टले पूजाको अर्डर लिने आ-आफ्नै माध्यम बनाएका छन् र आ-आफ्नै सम्पर्कबाट जजमानहरू बढाउने प्रतिस्पर्धामा उनीहरू लागेका छन् ।

फर्माइसी पूजा लगाउने ग्राहकहरूसँग सम्पर्क गर्न भट्टहरूले पर्यटकहरूलाई घुमाउने साना गाइडदेखि लिएर ग्रुप लिडर, ब्यापारी, पण्डित र अन्य व्यक्तिहरूलाई माध्यम बनाएका छन् र भारतीय पर्यटकहरू आउने नाका, बस्ने होटल तथा लजहरूमा उनीहरूको सम्पर्क हुन्छ । फर्माइसी पूजा गराउने व्यक्तिहरू लाइनमा बस्नुपर्दैन । यस किसिमको पूजा गर्न भट्टभट्टबीच तानातानी रहेको अनुभव मछिन्द्र राजभण्डारीको छ । उहाँका अनुसार, "पहिला मूलभट्टले अर्डर लिएको पूजा नसकिएसम्म अरू भट्टले अर्डर लिएको पूजा गर्न पाउँदैनन् । आफ्नो पूजा नसकिएसम्म मूलभट्टले अरू भट्टको पूजा सामानसम्म पनि मन्दिरभित्र राख्न दिँदैनन् ।

पहिले पशुपतिमा फर्माइसी पूजा लगाउन चाहनेले आवश्यक पूजासामग्रीहरू आफैँले नै ल्याउनुपर्थ्यो र त्यस्ता पूजाहरू पशुपतिभण्डार तहबिलमार्फत् हुने गर्थे । पूजाबाट बाँकी रहेका सामग्रीहरू एक वर्षसम्म जम्मा गरी लिलाम गरिन्थे र त्यसबाट आएको रकम पशुपतिनाथको ढुकुटीमा जम्मा गरिन्थ्यो । तर २०३०/३१ सालदेखि यातायात र आम सञ्चारको सुविधाले गर्दा नेपालभित्रै र भारतबाट पशुपतिनाथको दर्शन गर्न आउने तीर्थयात्रीहरूको संख्या बढ्न गएकाले फर्माइसी पूजा गर्नेहरूको संख्या पनि बढ्दै गएको छ । बिस्तारै पूजा लाउन चाहनेले पूजासामग्री आफैँले नल्याएर भट्टहरूलाई पैसा मात्र दिने चलन चल्यो । पूजाको अर्डर पनि पशुपति भण्डारतहबिलमार्फत् नभएर सीधै भट्टहरूले लिन थाले । त्यसपछि पूजाबाट आउने सम्पूर्ण आम्दानी पनि भट्टहरूको निजी आर्जन बन्न थाल्यो ।

यस्ता पूजामा भण्डारीहरूको भाग लाग्दैन । पुरानै चलनअनुसार भँडारीहरूले एउटा पूजाको जम्मा चार रुपियाँ पाउँछन् । यस कुरामा भण्डारीहरू असन्तुष्ट भएतापनि भट्टहरूका सामु मुख खोल्न सक्दैनन् । पशुपतिनाथका पालोवाला भँडारी मछिन्द्र राजभण्डारी भन्छन्- "२०१ रुपियाँदेखि लाखौं रुपियाँ जाने पूजामा पुजारीले परम्परागत नियमानुसार अझै पनि हामीलाई एउटा पूजाको चार रुपियाँ मात्र दिन्छन् । मूलभट्टले मात्र महिनामा सालाखाला पन्ध्रबीस लाखको पूजा गर्छन् । एकजना भक्तले त २२ लाख रुपियाँसम्मको पूजा पनि लगाएको थियो । अरू भट्टले चाहिं सिजनमा महिनाको दुईचार लाख रुपियाँसम्मको पूजा गर्छन् । निजी पूजाको अर्डर एकदिनमा कम्तीमा पाँच-छवटादेखि लिएर एकडेढ सयवटासम्म पनि हुने गर्छ । सबैभन्दा बढी पूजा चाहिं साउन महिना, शिवरात्री र चाडपर्वका बेलामा हुन्छ ।"

यसरी दिन्हौँ हुने फर्माइसी पूजाको आम्दानीको लाभ भट्टहरूलाई जान्छ भने त्यसको सास्ती चाहिं घाम पानी सहेर बाहिर लाइनमा उभिने निरीह श्रद्धालुहरूले पाउँछन् । पशुपति क्षेत्रमै हुर्किएका वर्तमान वडा अध्यक्ष नरोत्तम बैद्य मन्दिरभित्र हुने फर्माइसी पूजाबारे भन्छन्- "लाइनमा उभिने भक्तजनहरू मन्दिरभित्र हुने क्रियाकलापबारे अनभिज्ञ रहने हुनाले उनीहरू कुरेको कुऱ्यै हुन्छन् । फर्माइसी पूजा गर्दा पशुपतिका पश्चिम ढोका बाहेक अन्य तीनवटा ढोका बन्द गरिन्छन् । पूर्वढोका अलिकति खोलेर मूलभट्टका मान्छेले प्रहरीको समेत सहयोग लिएर पूजा गराउने मानिसलाई एकएक गरी मन्दिरभित्र छिराउँछन् । मूलभट्टका जजमानले जति सुविधा पाउँछन् अरू भट्टका जजमानले त्यति पाउँदैनन् । फर्माइसी पूजा सकेर एकैचोटी पशुपतिका चारैवटा ढोका खोल्दा हुलमुल भएर चोरी हुने र गहना लुटिने घटनाहरू बढिरहेका छन् । भक्तहरूलाई असुविधा भयो, चारैवटा ढोका खोल्नुपऱ्यो भनेर कराउनेहरूलाई पुलिस लगाएर थुन्ने समेत गरिन्छ । पशुपतिनाथलाई नित्य चढाइने भोग दिनको एकदेखि दुई बजेको बीचमा लगाउने परम्परा भएतापनि हिजाआज निजी पूजाको संख्या बढेकाले त्यस्ता पूजा नसकिएसम्म नित्य भोग लगाइँदैन । अहिले पशुपतिनाथलाई अगाडि राखेर भट्टहरूले वनारसका पण्डाहरूले झैं निजी ब्यापार चलाइरहेका छन् ।"

केही समयअघि नेपालमा सुटिङ गर्न आएका भारतीय चलचित्रका नायक गोविन्दाले पनि पशुपतिनाथमा यस्तो फर्माइसी पूजा लगाएका थिए । पशुपतिभित्रकै एकजनाले बताए अनुसार "गोविन्दा पशुपतिनाथको मन्दिरभित्र बिहान दश बजेदेखि दिउँसो एक बजेसम्मको पूजा र सोही दिन साँझ छ बजेदेखि आठ बजेसम्मको पूजामा सहभागी भएका थिए । उनले झण्डै सात लाख भारतीय रुपियाँको पूजा लगाएका थिए ।"

श्रद्धालुहरूको स्तर र उनीहरूले चढाउने भेटीको रकम अनुसार भट्टहरूबाट दर्शनार्थीहरूप्रति पक्षपातपूर्ण व्यवहार हुनेगरेको गुनासो पुरानो हो । धेरैजसो नेपालीहरूको भीड लाग्ने पश्चिम ढोकासम्म हतपती चन्दन नै आइपुग्दैन । नित्य आरती परिवारका महासचिव अजित थापा भन्छन्- "धेरै पैसा दिनेलाई हातैले घोटेको शुद्ध चन्दन दिइन्छ । हिजोआज चन्दनको चक्की पाइँदो रहेछ । त्यसलाई पानीमा फिटेर धूपीको धूलो मिसाएर अलि ठिकै दक्षिणा दिनेलाई त्यही चन्दन दिइन्छ जुन त्यति नराम्रो हुँदैन । तर एक दुई रुपियाँ दिने वा दिँदै नदिनेलाई चाहिं नाममात्रको चन्दनको

चक्की पानीमा फिटेर काठको मसिनो धूलो मिसाएको भुसको चन्दन दिइन्छ । यस्तो चन्दन लगाउँदा कतिलाई त चिलाउने रोग हुन्छ र मसिनो खटिरा आउँछ ।"

## मूलभट्ट नै सर्वेसर्वा

पशुपतिनाथका मूल पुजारी वा मूलभट्टको काम, कर्तव्य र अधिकारको दायरा अत्यन्त ठूलो छ । पशुपतिको नित्य नित्तिक पूजाआजा नटुटाईकन गर्ने र गराउने, पशुपति अमालकोटकचहरी, पशुपति भण्डारतहबिल र जयबागीश्वरी भण्डारतहबिलमा प्रशासनिक काम कारबाहीको रेखदेख गर्ने, पशुपतिको गुठी जग्गा वा सुनचाँदी हिनामिना हुन नदिने, रै-रकमी वा कर्मचारीहरूले राम्रोसँग काम गरे नगरेको हेर्ने र मन्दिर मर्मत गर्ने आदि अधिकारहरू पहिलेदेखि नै मूलभट्टले पाएका छन् । थोरै जनसंख्या, थोरै आर्थिक कारोबार ऐन नियम नबनेका बेलामा दिइएका यी अधिकारहरूबाट अहिले आएर मूलभट्ट अत्यन्त शक्तिशाली र निरङ्कुश बनेका छन् । त्यही असीमित अधिकारका कारण उनका छोराहरू पनि पशुपति क्षेत्रका सर्वेसर्वा झैं भएका छन् ।

पशुपति क्षेत्रको पूजाआजा र व्यवस्थापनसँग सम्बन्धित मुख्य तीनवटा कार्यालय पशुपतिभण्डार तहबिल, पशुपति अमालकोटकचहरी र जयवागीश्वरी भण्डार तहबिल अन्तर्गत काठमाडौं उपत्यकामा रहेका जग्गाहरू पनि मूलभट्टकै रेखदेखमा रहन्छन् । यी तीनवटा कार्यालयका कर्मचारीको नियुक्ति र खोसुवा गर्ने काम मूलभट्टले नै गर्छन् । अहिले पनि राणाकालका सनद-सवाल र लालमोहर बमोजिम नै कामकारबाही हुने यी कार्यालयहरूमा कर्मचारीहरूलाई खान्गी स्वरूप वर्षमा निश्चित परिमाणमा धान दिइन्छ । उनीहरूको सञ्चयकोष, भत्ता, पेन्सन आदिको व्यवस्था छैन ।

पशुपतिनाथसम्बन्धी कुनै पनि सूचना त्यहाँका कार्यालयहरूबाट पाउन अति गाह्रो छ । जागिर जाने डरले कुनै कर्मचारी आफ्नो मुख खोल्न चाहँदैनन् । मुख खोलिहाले पनि सही कुरा बताउँदैनन् । कर्मचारीहरू मात्र होइन भण्डारीहरू समेत पत्रकार भनेर थाहा पाएपछि साधारण कुराकानीसम्म गर्न चाहँदैनन् । सूचना सङ्कलन गर्ने क्रममा यो पंक्तिकार पशुपतिमा जाँदा पत्रकार भनेर थाहा पाउनेबित्तिकै एकदुई जना त

अगाडि नै नपरी भागे । पशुपतिकै पालोवाला मूल भण्डारी कृष्ण राजभण्डारीसँग कुराकानी गर्न खोज्दा उनले केवल चार शब्द बोले- "म बताउन असमर्थ छु ।"

पशुपतिका पुजारीका रूपमा भट्टहरूलाई भारतबाट ल्याइने हुनाले मन्दिरको धनसम्पत्ति सुरक्षा गर्ने दृष्टिले पहिले मूलभट्ट बस्ने घरमा माथिका तीनवटा कार्यालयका साना तहका रै-रकमीहरूले पालैपालो राति कुर्नुपर्थ्यो र यो नियम अहिलेसम्म कायमै छ । तर अहिले यसको अर्थ र महत्त्व परिवर्तन भएको छ । पालो बस्न जाने रै-रकमी वा कर्मचारीहरू घरायसी नोकर भैँ भएका छन् र उनीहरूको काम मूलभट्टको जुत्ता बोक्ने, कुकुर नुहाइदिने, गोबर सोहोर्ने, तरकारी किनेर ल्याइदिने आदि भएको छ ।

त्यसैले मूलभट्ट अन्तर्गतका तीनवटै कार्यालयका कतिपय कर्मचारीहरू मूलभट्टको प्रशासनबाट असन्तुष्ट छन् । एकजना कर्मचारी भन्छन्- "यहाँ अहिले राणा शासनभन्दा चौखण्ड छ । मूलभट्टको काम त पूजा गर्ने र मन्दिरको रेखदेख गर्ने हो, तर यहाँ मूलभट्टले प्रशासन र शासन दुवै चलाएको छ । हामी त कर्मचारी होइनौँ, मूलभट्टका नोकर भएका छौँ ।"

अर्का कर्मचारी गुनासो गर्छन्- "हामीले अहिलेसम्म पनि लालमोहरमा तोकिए बमोजिम वर्षको ५-६ मुरी धान र महिनाको ६-७ सय रूपियाँले चित्त बुझाउनु पर्छ । सञ्चयकोष, उपदान र पेन्सन त कता हो कता हामी बिरामी हुँदा औषधी खर्च दिनुको साटो उल्टै मूलभट्ट र उनका छोराहरूले किन आइनस् र भोलिदेखि आउनै पर्दैन भन्लान् भन्ने डर छ ।" एकजना कर्मचारीको भनाइमा खाईपाई आएको खान्गीले पुगेन पारिश्रमिक बढाउनुपर्‍यो भनेर हामीले पटकपटक मूलभट्टलाई निवेदन गर्दा भट्टका छोराहरूले साबिक बमोजिम खाऊ, होइन भने पुलिस लगाएर निकालिदिन्छौँ भनेर धम्क्याए । उनीहरू चाहिँ लाखकरोड कमाउने, हामीलाई चाहिं जति महँगी बढे पनि साबिक बमोजिम खाऊ भन्छन् । उनीहरूको साह्रै अत्याचार बढेको छ ।"

पहिलेकै चलनअनुसार दिइने खान्गी र तलवले घर व्यवहार टार्न कर्मचारीहरूलाई पनि गाह्रो परेको छ । यसले गर्दा कतिले पुर्खादेखि गर्दै आएको काम छाड्दै गएका छन् । कतिलाई चाहिं तलव र सुविधा बढाउने माग गर्दा विभिन्न आरोप लगाएर निकालिएको छ । पैसाकै अभावबाट केही पुराना परम्परा र रीतिरिवाजको क्रम पनि हटेको छ ।

पशुपति अमालकोटकचहरीका द्वारे वा कार्यालय प्रमुख कृष्णलाल वैद्यलाई केही महिनाअघि मूलभट्टले निष्कासन गरेका छन् । निष्कासन गरिँदा उनलाई 'आठ वर्ष सेवा गर्नुभए वापत सधन्यवाद सहित यो पत्र दिइएको छ' भन्ने बेहोराको चिठी दिएको थियो । आफूलाई कुनै ठोस आधारबिना अकारण निष्कासन गरेको भनी कृष्णलाल वैद्यले मूलभट्टका विरुद्ध मुद्दा हालेका छन् । उनलाई निष्कासन गर्नुका पछाडि कुनै व्यक्तिगत मतभेद वा अन्य कारण केही थियो कि भनेर प्रश्न गर्दा वैद्य भन्छन्- "केही समयअघि मूलभट्टका छोराहरूले जयवागीश्वरीको सत्तल मर्मत गर्ने भनेर विभिन्न व्यक्तिहरूसँग आफूखुसी रसिद र छाप बनाएर लाखौँ रुपियाँ चन्दा उठाए । पछि सत्तल बनाउँदा पैसा पुगेन, अमालकोटकचहरीको कोषबाट पैसा झिक्नुपर्‍यो भनेर आए । मैले पहिले चन्दाको हिसाब फछ्र्यौट गर भनेको थिएँ । यही कुरालाई लिएर मतभेद भयो । अरू त कुनै कारण छैन ।"

## सुधारको विरोध

पशुपतिनाथको अव्यवस्थालाई हटाएर सुधार गर्ने होइन कि यथास्थिति कायम राख्नमै भट्टहरूको जोडरहेको देखिन्छ । मन्दिरभित्र दर्शनार्थीहरूको लाइन मिलाउने जस्ता सामान्य सुधारका कामप्रति पनि भट्टहरूको विरोध हुने गर्दछ । भीड भएको बेला नित्य आरती परिवारका स्वयंसेवकहरूले लाइन मिलाउने काम गर्न खोज्दा भट्टका छोराहरूसित उनीहरूको वादविवाद भई नै रहन्छ । त्यसै कुरामा केही समयअघि नित्य आरती परिवारका महासचिव अजित थापाको मूलभट्टका कान्छा छोरा महेशसँग भनाभन भएपछि उनले पुलिस थानाभित्र नराम्रोसित महेशको कुटाइ खानु पर्‍यो । अजित थापा भन्छन्- "भट्टको विशेष पाहुना आउँदा पशुपतिनाथको दक्षिण ढोकाबाट भित्र छिराइन्छ । त्यसदिन म लाइन मिलाउँदै थिएँ र दक्षिण ढोकामा लाइन नमिलेकोले मिलाउन जाँदा मूलभट्टको कान्छा छोराले मेरो विशेष पाहुनाले लाइनमा बस्नुपर्दैन भनेकाले उसँग भनाभन भयो । त्यसपछि मलाई पशुपतिभित्रकै पुलिसले समातेर चौकीमा लगे । त्यहाँ मूलभट्टको छोरो पनि थियो र उसले मलाई पुलिसहरूकै अगाडि मनपरी गाली गर्दै पुलिसहरूकै आड लिएर पिट्यो । त्यसपछि एकघण्टा थुनेर छाडिदियो । तर बेलुका वडा, संघ संस्था र क्लबका मान्छेहरूको हुल जम्मा भएर त्यस घटनाको विरोध गरेपछि मूलभट्टका छोराले सार्वजनिक रूपमा माफी मागेको थियो ।"

पहिले मूलभट्टले दरबारमा कुनै विषयमा सम्पर्क गर्नुपरेमा बडागुरुज्यूमार्फत जाने नियम थियो । तर यसभन्दा अघिका मूलभट्टले राजदरबारमा सोझै सम्पर्क राख्न थाले, जुन परिपाटीलाई अहिलेका मूलभट्टले पनि अनुशरण गरेका छन् । हरेक कुराको ढाकछोप गर्न दरबारलाई सुरक्षाकवच बनाउन थालिएको छ । नाम उल्लेख नगर्ने शर्तमा पशुपतिका एकजना भँडारी भन्छन्- "पशुपतिमा भट्टहरूले गर्ने अत्याचारको सीमा नाघेको छ । दुई करोड नेपालीलाई एकजना भट्टले शासन गरिरहेको छ । भट्टहरूले पशुपतिका कर्मचारीलाई कार्यालयबाट तलव खुवाएर आफ्नो निजी काम गर्न लगाउँछन् । भट्टको चाकडी र सेवा नगरे यहाँ टिक्न सकिँदैन । स-साना कुरा, पिउनको खोसुवा र नियुक्तिमा पनि दरबारबाटै फोन आएको र सबै काम दरबारकै निर्देशनमा भएको भनेर तर्साउँछन् । कुरैपिच्छे दरबारको धम्की दिन्छन् ।"

नित्य आरती परिवारका अजित थापा पनि मूलभट्टले घरीघरी दरबारको नाम लिएर तर्साउने गरेको बताउँछन् । उनी भन्छन्- "कुनै एक दाताबाट प्राप्त एकलाख रुपियाँको चन्दा रकमबाट मूलभट्टका छोराले पशुपतिनाथमा रहेका आठवटा धातुका सिंहमा हामीले रोक्दारोक्दै पनि इनामेल रङ्ग लगाए । त्यसपछि हामीले बैठक गरेर त्यसरी लगाइएको इनामेल मेट्ने निर्णय गऱ्यौं । इनामेल मेट्ने काम सुरु गरेपछि पहिला त भट्टका मानिसहरूले कामदारहरूलाई तर्साएर भगाइदिए । त्यसपछि हामी सदस्यहरू आफैंले इनामेल मेट्न थाल्यौं । हामीलाई पनि पुलिसमार्फत् दुईचोटी दरबारबाट काम रोक्ने आदेश आएको खबर पठाइयो । हामीले पनि होला भनेर काम रोक्यौं । तर पछि होइन रहेछ र हामीले इनामेल मेटेरै छाड्यौं ।"

पशुपति विकास कोषका सदस्य-सचिव चेतनाथ गौतम सानातिना कुरामा पनि दरबारलाई अघि सार्नु राम्रो कुरा होइन भन्छन्- "त्यहाँका सानातिना मामिलामा पनि दरबारले चासो लिनेगरेको त पक्कै होइन होला । प्रजातन्त्र आइसकेपछि पनि पटकपटक दरबारको दुहाई दिने प्रवृत्तिले गर्दा राजदरबार जस्तो सम्मानित संस्थामा नै आँच आउन सक्छ ।"

पशुपति क्षेत्रमै जन्मिएर हुर्किएका वाल्मीकि क्याम्पसका तन्त्र विषयका प्राध्यापक दिवाकर आचार्य पशुपति क्षेत्रको अव्यवस्थाप्रति यस्तो धारणा राख्छन्- "अहिले मूलभट्टको हातमा भूमिप्रशासनदेखि पूजाआजा, भण्डारी र अरू कर्मचारीको नियुक्ति र खोसुवासम्मको सम्पूर्ण अधिकारहरू छन् । तर उनले यस अधिकारको

दुरुपयोग गरेर पशुपतिनाथको जग्गा बेचिरहेका छन् । मन्दिरभित्र भारतमा झैँ पण्डागिरीको विकास गर्दैछन् । भट्टहरूलाई नियन्त्रण गर्ने व्यवस्था नभएकै कारण यस्ता विकृतिहरू आएका हुन् । पहिला वडा गुरुज्यूहरूले भट्टहरूका काम कारबाहीमाथि निगरानी राख्थे । तर हिजोआज उनीहरू पनि परम्परागत ज्ञानको अभावले गर्दा भट्टहरूलाई नियन्त्रण गर्न असमर्थ भएका छन् । भट्टहरूप्रति दरबारको उदासीन नीति रहेको छ । भण्डारीहरू आफ्नै निजी स्वार्थमै अल्मलिएका कारण भट्टहरू अझ बलिया भएका छन् ।"

भण्डारीहरूको निजी स्वार्थ भनेको चाहिं प्रत्येकपटक एकमहिना मन्दिरमा पालो पर्दा कमाउन सकिने चार-पाँच लाख रुपियाँ दक्षिणाभेटी, सुविधामा पाइने जग्गा र खान्गी आदि हुन्, जुन उनीहरूले जन्मने बित्तिकै पाउँछन् । भण्डारी पदबाट कोही पदच्युत भएमा उसका छोरानाति समेत यस हकबाट बञ्चित हुनुपर्छ । त्यही डरले भट्टको थिचोमिचो र दबाब सहेर पनि उनीहरू भट्टकै पक्षमा उभिने गर्छन् ।

## पशुपति क्षेत्र विकास कोष

पशुपति क्षेत्रको विकास र सम्वर्द्धन गर्ने तथा पशुपतिनाथको आम्दानी व्यवस्थित गर्ने प्रयासहरू नभएका होइनन् । पशुपति क्षेत्रको धार्मिक, साँस्कृतिक, ऐतिहासिक र पुरातात्विक सम्पदाहरूको संरक्षण तथा सम्वर्द्धन गरी यस क्षेत्रलाई विश्वभरिकै धर्मानुरागी हिन्दूहरूको आस्था केन्द्रको रूपमा विकसित गर्ने उद्देश्यले २०४३ सालमा पशुपति विकास कोष स्थापना भयो । श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहको संरक्षकत्व र श्री ५ वडामहारानी ऐश्वर्य राज्यलक्ष्मी देवी शाहको अध्यक्षता रहेको पशुपति क्षेत्र विकास कोषले भारतका मन्दिरहरूमा झैं पशुपतिनाथको मन्दिरमा पनि सुव्यवस्था कायम गर्ने, भट्ट र भण्डारीहरूलाई ऐन नियमले बाँध्ने, मन्दिरमा चढाइने दक्षिणाभेटी र निजी पूजाबाट हुने आम्दानीको कोष खडा गरेर सो रकम पशुपति क्षेत्रको विकासमा नै खर्च गर्ने जस्ता विचारलाई अघि बढाएको थियो । कोषले त्यसनिम्ति २०५० सालसम्ममा बाह्र करोड जति रुपियाँ चन्दा पनि सङ्कलन गरेको थियो । पशुपतिनाथ मन्दिर लगायत त्यस क्षेत्रका राजगुठी अन्तर्गतका सबै देवदेवीका मन्दिरहरूको पूजाआजा र व्यवस्थापनको जिम्मा पनि कोषले नै लिने जस्ता कुराहरूलाई समेटेर पशुपति क्षेत्र विकास कोषको व्यवस्था गर्न बनेको ऐन २०४५ को पहिलो संशोधन गर्न पशुपति क्षेत्र विकास कोष ऐन २०५० पनि पारित भएको छ । तर २०५०

सालमा संशोधित ऐन आएपछि यो ऐन ल्याउन अग्रसर हुने पशुपति क्षेत्र विकास कोषका पूर्व सदस्य-सचिव गोविन्द टन्डनले मूलभट्टको दबाबमा आफ्नो पदबाट राजीनामा दिनुपरेको थियो । राजीनामा दिनुपरेको कारण बताउँदै गोविन्द टन्डन भन्छन्- "पशुपतिनाथको मन्दिरमा भक्तहरूले चढाएको दक्षिणाभेटी, फर्माइसी पूजाबाट हुने आम्दानी पशुपति क्षेत्रकै विकासमा खर्च गरिनुपर्छ, व्यक्ति विशेषले लिनु हुँदैन भन्ने कुरालाई संशोधित ऐनमा पार्न कटिबद्ध भएको कुरा मूलभट्ट पद्मनाभ शास्त्रीलाई थाहा थियो । त्यसैले म सदस्य-सचिव भएदेखि नै उनले मेरो विरोध गर्न सुरु गरेका थिए । पछि संशोधित ऐनमा माथिको कुरा पऱ्यो । त्यसैले त्यो कार्यान्वयन भयो भने भट्ट भण्डारीले खाईपाई आएको रकम कोषमा जाला भनेर मूलभट्टले मैले राजीनामा नदिएमा पशुपतिनाथको पूजा नै गर्दिनँ भनेर दबाब दिन उच्च ओहदाका व्यक्तिहरूलाई गुहार्न पुगे । यसले गर्दा पशुपतिनाथको पूजा नै रोकिने स्थिति आएपछि म राजीनामा दिन बाध्य हुनुपऱ्यो ।"

दिवाकर आचार्य पशुपतिनाथको आम्दानीलाई राष्ट्रियकरण गरी त्यस रकमबाट पशुपति क्षेत्रको विकास गर्नुपर्छ भन्ने विचार राख्छन् । पशुपतिनाथका पालोवाला मछिन्द्र राजभण्डारी दक्षिणाभेटी कोषमा जम्मा गर्ने कुरामा असहमत भए पनि पशुपतिनाथको व्यवस्थापनमा क्रमिक सुधार हुनुपर्छ भन्ने विचारको विरोध चाहिं गर्दैनन् । उनको विचारमा "दक्षिणाभेटीले नै पशुपतिमा विकास गर्नुपर्छ भन्ने छैन । पशुपति क्षेत्रलाई धार्मिक पर्यटन थलोको रूपमा विकास गर्न टिकट वा शुल्कबाट पनि पैसा उठाउन सकिन्छ । अहिले पशुपति क्षेत्रको विकास गर्ने भनेर उठाएको चन्दा र अनुदान कर्मचारीलाई तलब खुवाउनमा नै खर्च भइरहेको छ । पशुपतिनाथको आम्दानीले पशुपतिमा विकास गर्ने हो भने एकैचोटि पुरानो परम्परालाई तोडेर मात्र हुँदैन । भट्ट-भण्डारीसँग सल्लाह गरेर दक्षिणाभेटीको कति भाग कोषमा जम्मा गर्ने हो, हामीले मन्दिरमा पालो परेका बेला मात्र तलव पाउने हो कि बाह्रै महिना पाउने हो, हाम्रो भविष्यको सुरक्षाको के व्यवस्था हुन्छ आदि सबै कुरा स्पष्ट हुनुपर्छ । खाईपाई आएको सुविधा खोस्छु भनेर मात्र हुँदैन ।"

परम्परादेखि खाईपाई आएको सुविधा र अधिकार अहिले पनि साबिक बमोजिममै कायम हुनुपर्छ भन्ने भट्ट र भण्डारीहरूको बलियो अडान र दबाबका कारणले पशुपतिको पूजाआजा र व्यवस्था सम्बन्धी ऐन पारित भएतापनि अहिलेसम्म

नियमावली भने बन्नसकेको छैन । सो ऐनमा भनिएको छ- "पशुपति क्षेत्रको विकासका लागि पशुपति क्षेत्र विकास कोष अविच्छिन्न उत्तराधिकारीवाला स्वशासित र सङ्गठित हुनेछ ।" ऐन अनुसार कोषमा जम्मा हुने रकमहरूमा श्री ५ को सरकारले पशुपति क्षेत्रको विकासका निमित्त प्रदान गरेको रकम, नेपाल वा बाहिरका संस्था वा व्यक्तिहरूले प्रदान गरेको चन्दा, पशुपतिनाथ र पशुपति क्षेत्रसँग सम्बन्धित सबै प्रकारका गुठी जग्गाको आयस्ताबाट प्राप्त हुने दक्षिणाभेटीको रकम आदि हुन्छन् भनी स्पष्ट तोकेको छ । यसबाहेक पशुपतिसँग सम्बन्धित कार्यालय अमालकोट-कचहरी, भण्डार तहबिल कार्यालयको काम कारबाही, पशुपतिनाथ र अरू मन्दिरका पूजाआजा सम्बन्धमा पशुपति क्षेत्रको विकास निर्माण कार्यमा र पशुपतिनाथसँग सम्बन्धित विभिन्न निर्माण कार्यमा र पशुपतिनाथसँग सम्बन्धित विभिन्न गुठीहरूका सम्बन्धमा नियम बनाउने पनि कोषलाई अधिकार छ ।

तर अझै पनि भट्ट, भण्डारी र अरू कर्मचारीहरूको नाम, कर्तव्य, अधिकार र सुविधा सम्बन्धी तथा पशुपतिको पूजाआजा र अरू व्यवस्थापन कसरी गर्ने भनेर नियमावली नबनेकाले ऐनको कार्यान्वयन भएको छैन । त्यसैले पशुपति क्षेत्र विकास कोषले अहिलेसम्म त्यस क्षेत्रका केही मन्दिरहरूको मर्मतसम्भार, वनजङ्गलको हेरचाह र भू-संरक्षण आदि काममै आफूलाई सीमित राखेको छ, तर पूजाआजा र व्यवस्थापनसँग सम्बन्धित काममा हात हाल्न सकेको छैन । कोषले पशुपतिको मन्दिरभित्रको सरसफाइ र अरू सुधारका काम गर्न खोज्दा भट्टहरूले त्यसको विरोध गरेका कुरा गोविन्द टन्डन बताउँछन्- "पशुपतिनाथको भण्डारी हुन पशुपति क्षेत्रको चारकिल्लाभित्रै जन्मनुपर्दछ । तर पशुपति क्षेत्रमा अस्पताल नहुनाले भण्डारीका पत्नीहरूलाई परेको असुविधा र घाटमा अन्तिम अवस्थामा ल्याइने बिरामीहरूको सुविधालाई ध्यानमा राखेर हामीले स्वास्थ्य मन्त्रालयसँग आठ शय्याको अस्पताल बनाउने स्वीकृति लिएर कार्यान्वयन गर्न लागेका बेला मूलभट्टले पशुपतिनाथको दक्षिणतिर अस्पताल बनाउन दिन्न भनेर रोकिदिए । त्यस्तै मन्दिरभित्र कोषले सरसफाइ र दर्शनार्थीहरूको लाइनको व्यवस्था गर्न खोज्दा यो क्षेत्र हाम्रो हो, कोषलाई यहाँ पस्न दिँदैनौँ भनेर केही गर्नै दिएनन् । पशुपति भण्डारतहबिलको चर्पीको ढल सीधै बागमतीमा झर्ने हुनाले हामीले त्यसलाई व्यवस्थित गर्न खोज्दा पनि दिएनन् । यस्ता सयौँ उदाहरणहरू छन् ।"

तर पशुपति क्षेत्र विकास कोषले पनि अपेक्षा गरे अनुसार काम गर्न सकेन भन्ने धारणा प्राध्यापक दिवाकर आचार्यको छ । उनी भन्छन्- "कोषमा जिम्मेवार व्यक्तिहरूमा प्रतिवद्धताको कमी छ । उनीहरू कुनै विवादमा फस्न र जोखिम उठाउन चाहँदैनन् । उनीहरू भट्ट-भण्डारी र स्थानीय राजनीतिक नेताहरूको दबाबका कारण धेरै अगाडि तयार भएको पशुपति क्षेत्रको गुरुयोजनासमेत लागु गर्न सकिरहेका छैनन् । त्यस्तै राजनीतिक नेता वा सांसदहरू पनि पशुपतिनाथको अव्यवस्थाबारे केही बोलेमा वा केही गर्न अग्रसर भएमा विवादमा फसिएला र अलोकप्रिय होइएला भनेर डराउँछन् । हाम्रा समाजका शिक्षितहरू पनि भाग्यवादमा विश्वास गर्ने धर्मभीरु स्वभावका भएकाले पशुपतिनाथको व्यवस्थामा परिवर्तन आए केही अनिष्ट होला भन्ने भयले केही गर्न सकिरहेका छैनन् ।"

कोषका वर्तमान सदस्य-सचिव चेतनाथ गौतम पनि नियमावली नआएकाले काम गर्न अप्ठेरो परेको बताउँछन्- "भट्टलाई अधिकार दिनुपर्छ र दिनुहुन्न भन्ने दुई पक्षको विवादले गर्दा नियमावली रोकिएको हो । हामी पशुपति क्षेत्रलाई सनातन तीर्थस्थलको रूपमा स्थापना गर्ने, नदी, घाट र मन्दिर स्वच्छ राख्ने तथा तीर्थयात्रीलाई सुविधा दिने परिकल्पनाले र भारतको तिरुपति बालाजीको महत्ताले उत्प्रेरित भएर लागेका छौं ।"

पशुपतिनाथको पूजाआजा र आम्दानीको व्यवस्थाबारे तीन किसिमका विचारहरू पाइन्छन् । एकथरी परम्परादेखि चलिआएको चलन नै ठीक छ, यसमा हेरफेर गर्नु हुँदैन भन्छन् र कसैले पशुपतिनाथको व्यवस्थापनमा हेरफेर गर्ने कुरा गरेमा शास्त्र, राणाकालका लालमोहर, सनद, सवाल र हुकुमप्रमाङ्गीहरू अघि सार्छन् । दोस्रोथरी चाहिं पशुपतिनाथको व्यवस्थापनमा आमूल परिवर्तन ल्याएर भारतको आन्ध्रप्रदेशको तिरुपति बालाजी जस्तो बनाउनुपर्ने धारणा राख्छन् । तेस्रोथरी चाहिं मध्यमार्गी छन् । उनीहरू परम्परादेखि चलिआएको चलनलाई समयको माग र आवश्यकताअनुसार रीतिस्थितिमा ठूलो असर नपर्ने गरी बिस्तारै परिवर्तन ल्याउनुपर्छ भन्छन् ।

## परिवर्तनको खाँचो

पशुपति विकास कोषको अकर्मण्यता र पशुपतिनाथको मन्दिरभित्र र बाहिर रहेका अव्यवस्थाप्रति स्वयं कोषकै कर्मचारीहरू असन्तुष्ट छन् र उनीहरूले आफ्नो असन्तुष्टि हडताल समेत गरेर पहिले पनि व्यक्त गरेका

छन् । उनीहरूले पशुपतिनाथको पूजामा भइरहेको चरम व्यापारीकरण, भट्टहरूद्वारा गरिने गुठी जग्गाहरूको बेचबिखन र आम्दानीको हिनामिना, पशुपति क्षेत्रका अव्यवस्था आदिप्रति ध्यान आकर्षित गराउँदै सम्पूर्ण सांसद र मन्त्रीहरूलाई लिखित अपील पठाएका छन् । पशुपति विकास कोषको नियमावली छिटै ल्याइयोस् र पशुपति क्षेत्रको अव्यवस्था हटाउन तुरुन्त कदम चालियोस् भन्ने अनुरोध गर्दै सो नभएमा हडताल गर्ने जानकारी पनि उक्त अपीलमा उनीहरूले गरेका छन् ।

तर जेहोस्, अहिले पशुपतिनाथको मन्दिरको व्यवस्थापनमा सुहाउँदो परिवर्तनको खाँचो देखिएको छ । पशुपतिनाथको नाममा जतिसुकै रोपनी जग्गा भएतापनि जबसम्म परम्परागत कुत र आयस्ता बुझाउने चलनलाई व्यवस्थित पार्ने, मोहीहरूलाई नियन्त्रण र जग्गाको लगत राख्ने वैज्ञानिक प्रणालीको विकास हुँदैन तबसम्म जग्गाबाट हुने आयस्तामा वृद्धि हुँदैन र अहिलेको आयस्ताले मात्र पशुपति क्षेत्रको विकास सम्भव देखिँदैन । तर दैनिक पूजामा चढाइने भेटी र फर्माइसी पूजाबाट उठ्ने रकम भट्ट-पुजारी र भण्डारीहरूको खल्तीमा जाने चलनले नेपालको सबैभन्दा धनी मन्दिर तथा विश्वभरिका हिन्दूहरूको आस्थाको केन्द्र भएर पनि पशुपतिनाथ स्वच्छ आकर्षक र सुन्दर तीर्थस्थलका रूपमा विकसित हुनसकेको छैन, जो सबै नेपालीहरूका लागि दु:ख र क्षोभको विषय हो ।

*('भदौ-असोज २०५४ सालको हिमाल द्वैमासिकमा प्रकाशित ।)*

# सुनको फुल पार्ने कुखुरी सङ्कटमा

**लौठ सल्लोको पात बेचेर किनेर धेरै स्वदेशी र विदेशीहरू सम्पन्न हुन थालेका छन् ।**

**– हरि थापा**

दाउरा र काठका लागि जथाभावी रूख काटेर त्यसै फालिने लौठ सल्लाको पात किन्न कुनै दिन घरघरै मानिस आउलान् भन्ने बासखर्क सिन्धुपाल्चोकका पदमबहादुर तामाङले केही वर्षअघिसम्म सोचेकै थिएनन् । दुई वर्षअगाडि गाउँमा आएका डाबर नेपाल प्रा.लि.का केही मान्छेहरूले लौठ सल्लाको सुकेका पात किन्ने प्रस्ताव ल्याएपछि उनी पनि आश्चर्यचकित भएका थिए । जङ्गलमा सडेर जाने पातबाट गाउँमै बसेर नगद आम्दानी गर्न सकिने भएपछि पदमबहादुर सहित बाँसखर्कका मानिसहरू सधैँ जङ्गल जाने हतारमा रहन्छन् ।

लौठ सल्लाको पात बिक्री हुन थालेपछि नेपालको उच्चपहाडी भेग दुई हजारदेखि पैँतीस सय मिटरसम्मको उचाईको वन क्षेत्र आसपासका मानिसहरूले

आय- आर्जन गर्ने अवसर पाएका छन् । यसबाट लमजुङ, सिन्धुपाल्चोक, दोलखा, गोरखा, मनाङ, सिन्धुली र रामेछापका उच्च बस्तीका बासिन्दाले लाभ उठाएका छन् । कानूनी रूपमा श्री ५ को सरकारले यी जिल्लाबाट मात्र लौठ सल्लाको पात सङ्कलन गर्ने अनुमति दिइएको भए पनि गैरकानूनी रूपमा भने बाँकी पहाडी जिल्लामा निर्वाध रूपमा यसको सङ्कलन र बिक्री हुने गरेको छ ।

ठाउँअनुसार झाँक्री सल्लो, ढ्याङ्ग्रे सल्लो, पाते सल्लो, सिंधी, तालीस्वान, बर्मेसल्लो, सिलाङ्घी, थुनार आदि फरकफरक नामले चिनिने लौठ सल्लोमा क्यान्सर रोग निकोपार्ने (प्रतिरोध गर्ने) गुण भेट्टाएपछि औषधी कम्पनीहरूले यसको सङ्कलनमा रुचि देखाएका हुन् ।

## पातको तस्करी

अँग्रेजीमा 'हिमालयन यू' र ल्याटिनमा 'ट्याक्सस् बालिचियना' भनिने लौठ सल्लामा 'ट्याक्सल' भन्ने तत्त्व पाइन्छ । डिम्बाशय र स्तन क्यान्सरको उपचारमा ट्याक्सल प्रभावकारी सावित भइसकेको छ । पाठेघर र फोक्सोको क्यान्सर लगायत अन्य ट्यूमरहरूको उपचारमा उपयोग गर्नेतर्फ वैज्ञानिक परीक्षणहरू भइरहेका छन् ।

ट्याक्ससको पात क्यान्सरको औषधी बनाउन प्रयोग हुन थालेपछि वनस्पति स्रोतको भण्डार मानिने नेपालको हिमाली क्षेत्रतर्फ औषधी निर्माता बहुराष्ट्रिय कम्पनीहरूका आँखा पर्नु अस्वाभाविक थिएन । नेपालीहरूले यसको महत्त्व थाहा पाउनु अगावै सन् १९९०-९१ देखि नै ट्याक्ससको जथाभावि फँडानी भई भारततर्फ त्यसको तस्करी हुने क्रम सुरु भइसकेको थियो । त्यतिबेला सम्बन्धित सरकारी निकायले कुनै चासो नलिएको हुनाले तालीसपत्र सङ्कलन र बिक्री गर्ने इजाजतपत्र लिएर ठाउँठाउँमा ट्याक्ससको सङ्कलन निकासी भइरहेको थियो । त्यतिबेला तालीसपत्रका सङ्कलनकर्ताहरूले राजश्वबापत प्रति के.जी. ७५ पैसा सरकारलाई बुझाउनु पर्थ्यो ।

ट्याक्सस महत्त्वपूर्ण वनस्पति हो भन्ने कुराको जानकारी वन प्रशासनलाई २०४९ भदौ २६ गतेदेखि मात्र भएको हो । त्यस दिन काभ्रेपलाञ्चोक जिल्लाको चलाल गणेशस्थान भन्ने ठाउँमा १२ हजार के.जी. ट्याक्ससको भारी भारततर्फ तस्करी हुन लागेको अवस्थामा समातिएको थियो ।

काभ्रे जिल्लाको ढुङ्खर्क गाविसको वनमा रूख नै मर्ने गरी जथाभावी हाँगा काटेको देखेपछि स्थानीय जनताले जिल्ला वन कार्यालयमा उजुरी गरे र उजुरी परे पनि यसले रूख काट्ने क्रम'रोक्न सकेन । जडीबूटीका ठेकेदार जीतबहादुर थापाका स्थानीय प्रतिनिधि लोकबहादुर कार्की इजाजतपत्र देखाएर फुत्के । जिल्ला वन कार्यालयले वास्ता नगरेपछि काँग्रेस कार्यकर्ताहरू ट्याक्ससको पात र हाँगा लिएर सिधै तत्कालीन वन राज्यमन्त्री वीरमणि ढकाल समक्ष पुगे । राज्यमन्त्री ढकालकै सक्रियतामा त्यसलाई प्रयोगशालामा परीक्षण गर्न लगाउँदा त्यो वनस्पति क्यान्सरको औषधी बनाउन प्रयोग हुने 'ट्याक्सस बकाटा' नै भएको ठहरियो ।

यस्तो महत्त्वपूर्ण वनस्पति एकैचोटी त्यति ठूलो परिमाणमा अवैधरूपमा निकासी गर्न लागेको थाहा पाएपछि राज्यमन्त्री ढकाल विशेषज्ञहरूको टोली लिएर ट्याक्सस थुपारिएको ठाउँमा पुगे । तालीसपत्रको इजाजत लिएर ट्याक्ससको अवैध सङ्कलन गर्ने लोकबहादुर कार्की पक्राउ परे । उनकै सुराकको आधारमा त्यसको केही दिनपछि नै सिन्धुपाल्चोकको बाहूबीसेमा पनि झण्डै त्यति नै परिमाणमा ट्याक्सस समातिएको थियो । आर्थिक लाभका कारणले ट्याक्ससको चोरी सङ्कलन र निकासीमा संलग्न कार्कीले त्यसअघि रसुवा र ललितपुरका जङ्गलबाट पनि यसको पात निकाली सकेका रहेछन् ।

यसप्रकार यार्सा गुम्बा, पाँच औंले, जटामसीजस्ता जडीबूटीमा विशेष ध्यान दिइरहेको वन विभागले काभ्रेको घटनापछि ट्याक्ससको महत्त्व थाहा पायो र त्यसको सङ्कलनलाई नियन्त्रित गर्ने उद्देश्यले वन नियमावली २०५१ मा ट्याक्ससलाई समावेश गरियो । त्यसपछि ट्याक्सस पातको राजश्व दर प्रति के.जी. २५ रुपियाँ तोकियो ।

## निर्यातकर्ताहरूको भीड

भारतको असम, मेघालय, उत्तरप्रदेश र हिमाञ्चल प्रदेशमा ट्याक्सस लोप हुने किसिमले नै निकालिएको हुनाले भारत सरकारले त्यसको सङ्कलनमा पहिले नै प्रतिबन्ध लगाइसकेको थियो । नेपालबाट पनि कच्चापदार्थका रूपमा ट्याक्ससको पात निकासी गर्न नपाउने भएपछि ट्याक्ससमा काम गरिरहेको डाबर इण्डिया लिमिटेडलाई अप्ठ्यारो पर्‍यो । त्यसैले नेपालमा शाखा कार्यालय खोल्ने तयारीमा रहेको डाबर इण्डियाले पर्सा जिल्लाको रामपुर टोकनीमा २०५२ को सुरुतिरै ट्याक्सिन रेजिन (ट्याक्ससको खोटो) बनाउने प्लान्ट स्थापित गर्‍यो । डाबर

नेपाल प्रा.लि.का नाममा स्थापित यस प्लान्टमा नेपालका रूक्म शमशेर राणाको २० प्रतिशत र डाबर इण्डियाको ८० प्रतिशत शेयर रहेको छ । ट्याक्ससबाट रेजिन बनाउने प्लान्टमा दुई करोड आठ लाख चौवालीस हजार रुपियाँ लगानी भएको बुझिएको छ । त्यस प्रशोधन प्लान्टमा नेपाली र भारतीय गरी जम्मा १५ जनाले रोजगारी पाएका छन् ।

वन नियमावलीले कच्चा पदार्थका रूपमा ट्याक्ससको विदेश निकासीमा प्रतिबन्ध लगाए तापनि त्यसपछि गरिएको एउटा मन्त्रिस्तरीय निर्णयले प्रशोधन गरेर निर्यात गर्न पाइने छुट दिएको छ । त्यसैले प्लान्ट खुलेपछि २०५२ असार ६ गते वन विभाग र डाबर नेपालका बीच पाँच वर्षका निम्ति कच्चा पदार्थका रूपमा ट्याक्सस सङ्कलन गर्नेबारे सम्झौता भयो, जसअनुसार डाबर नेपालले दोलखा, रामेछाप, सिन्धुपाल्चोक, सिन्धुली, लमजुङ, गोरखा र मनाङबाट प्रत्येक वर्ष आठसय टन कच्चा पदार्थ निकाल्न पाउने भयो ।

त्यसैबेला श्री ५ को सरकारको पूर्ण स्वामित्व भएको जडीबूटी उत्पादन तथा प्रशोधन कम्पनी लिमिटेडसँग मिली ट्याक्ससमा काम गर्न भनेर इटालीको इन्डेना स्पा भन्ने कम्पनीले नेपालको जडीबूटी कम्पनीसित एउटा समझदारी पत्रमा हस्ताक्षर पनि गरेको थियो । त्यसैले जडीबूटी कम्पनीले पहिले पाँच र पछि २७ जिल्ला गरी ३२ जिल्लाबाट एकलौटी रूपमा कच्चा पदार्थ निकाल्ने योजना बनायो । तर, वन क्षेत्रको वातावरणीय प्रभाव मूल्याङ्कन अन्तर्गत गर्नुपर्ने प्रारम्भिक वातावरणीय परीक्षण हुन नसकेकोले काम सुरु गर्न सकेन ।

जडीबूटी कम्पनीले आ.व. २०५४/५५ देखि म्याग्दी, बाग्लुङ, रसुवा, काभ्रेपलाञ्चोक र नुवाकोट जिल्लाबाट वार्षिक ३ सय मेट्रिकटन ट्याक्सस पात निकाल्न पाउने इजाजत लिएको छ । तर, काम सुरु गर्ने तत्परता भने कम्पनीले देखाएको छैन । अन्तर्राष्ट्रिय रूपमै निर्यात प्रतिबन्धित वनस्पतिको सूचीमा परेको हुनाले निर्यातका कठिनाइहरू भएको कम्पनीका अध्यक्ष अमृतलाल जोशी भन्छन्- "ग्राहक खोज्दैछौं ।" यसको अर्थ ग्राहक पाएको खण्डमा अथवा प्रशोधन गरेर निर्यात गर्ने प्रविधि स्थापना गर्न सकेमा लौठ सल्लाको दोहन गर्न कम्पनी पनि पछिपर्ने छैन ।

यसैबीच किशोर महतो प्रबन्ध निर्देशक रहेको माछापुच्छ्रे इन्टरप्राइजेज कन्सर्न, पोखराले पनि कास्की, गुल्मी, पर्वत, ओखलढुङ्गा, उदयपुर, संखुवासभा र पाँचथर जिल्लाबाट वार्षिक ३ सय मेट्रिकटन ट्याक्सस निकाल्न पाउने इजाजत पाएको छ । महतोका अनुसार जम्मा दशवटा जिल्लाको इजाजत पाएकोमा मनाङ, लमजुङ र म्याग्दी यी तीनवटा जिल्ला डाबर नेपालसँग बाभिन गएका छन् । वन विभागले महतोलाई इजाजत दिँदा प्रशोधन प्लान्ट स्थापना गरेपछि मात्र ट्याक्ससको पात सङ्कलन गर्न पाउने शर्त राखेको छ ।

## प्रशोधनको विवाद

कच्चा पदार्थ प्रशोधन प्लान्ट नै नभएका किशोर महतोले इजाजत पाएकोमा वनस्पतिविज्ञहरू र अन्य सङ्कलकहरू आश्चर्यचकित भएका छन् । राप्रपा-एमाले संयुक्त सरकारका पालाका वनमन्त्री रामेश्वर राय यादवका भाइको पनि माछापुच्छ्रे इन्टरप्राइजेज कन्सर्नमा शेयर रहेकोले महतोलाई इजाजत दिएको कुरा विज्ञ सूत्रले जनाएको छ । तर महतो भन्छन्- "नेपालमा ट्याक्ससससम्बन्धी काम गर्ने पहिलो व्यक्ति म हुँ । डाबर कम्पनी नेपालमा पस्नुभन्दा पहिले नै यसबारेमा मलाई राम्रो ज्ञान थियो । डावरले भन्दा पहिल्यै (वीरमणि ढकाल वनमन्त्री हुँदा) सदर भएको फाइलकै आधारमा मैले अहिले इजाजत पाएको हुँ ।"

तर ट्याक्ससलाई प्रशोधन नगरी विदेश निर्यात गर्न नपाउने प्रावधानका कारण महतो छटपटीमा परेका छन् । त्यसैले आफ्नो कम्पनीले सङ्कलन गरेका ट्याक्ससको प्रशोधन गर्ने जिम्मा डाबर नेपालको प्लान्टले दिइदिओस् भन्ने प्रस्ताव उनले डाबर नेपाललाई राखेका छन् । त्यसरी डाबर नेपालले प्रशोधनको ग्यारेन्टी दिएपछि सङ्कलन गरेको कच्चा पदार्थ त्यसलाई नै बेच्ने महतोको मनसाय बुझिन्छ । तर डाबरले उनको प्रस्ताव स्वीकारेको छैन । त्यसैले महतो अहिले कच्चा पदार्थ नै प्रशोधन गर्ने प्लान्ट भएका कम्पनीहरूलाई बेच्ने सुर कसेर बसेका छन् ।

महतो भन्छन्- "नेपालमै रहेका डाबर तथा जडीबूटी कम्पनीले प्रतिकेजी साढे चार अमेरिकी डलर बराबरको नेपाली रूपियाँमा कच्चा पदार्थ लिन्छन् भने म आफ्नो कम्पनीले सङ्कलन गरेको कच्चामाल उनीहरूलाई नै बिक्री गर्छु ।"

ट्याक्सस प्रशोधन गरेर मात्र विदेश निर्यात गर्न पाइने प्रावधानको पक्ष र विपक्षमा तर्क गर्ने दुवै थरी मानिसहरू पाइन्छन् । प्रशोधन गरेर निर्यात गर्दा चोरी निकासी रोकिने, विदेशी मुद्रा आर्जन हुने र रोजगारी बढ्ने तर्क एकथरीको छ । प्रशोधन भनेको कुन अवस्थालाई भन्ने भनी तर्क गर्नेहरू पनि छन् । वन विभागले ट्याक्ससको प्रशोधन भन्नाले ट्याक्सिन रेजिन (खोटो) निकाल्नुपर्ने अवस्था भनी उल्लेख गरेको छ ।

भर्खरै पात सङ्कलन गर्ने इजाजत पाएका महतो भन्छन्- "प्लान्ट राखेर के फाइदा ? महँगो विदेशी मुद्रा तिरेर प्लान्ट ल्याउनु पर्छ । त्यसबाट रोजगारी पनि कम मानिसले पाउँछन् । विदेशी मुद्राका कुरा गर्दा निर्यात शुल्कवापत प्राप्त हुने पाँच प्रतिशतको हिसाब नगण्य हुन्छ । फेरि डाबर नेपालले डाबर इन्डियालाई रेजिन बेच्ने भनेको पैसा उतै थन्क्याउने हो ।"

प्रशोधनबारे महतोको तर्क यस्तो छ- "मेरो सम्पर्कमा आएका पार्टीहरूले धूलोको माग गरेका छन् । धूलो बनाउने कामबाट झण्डै ७५ जनाले रोजगारी पाउँछन् । मैले गर्ने प्रशोधन भनेको पात टिप्ने, सुकाउने, धूलो पार्ने र प्याक गरेर पठाउने हो । त्यसको प्रति के.जी. साढे चार अमेरिकी डलर आउँछ, भारतीय रुपियाँ होइन ।"

प्रशोधन र निर्यातसम्बन्धी उनको तर्कमा केही सत्यता भेटिन्छ । वीरगञ्ज भन्सारबाट आ.व. २०५२/५३ र आ.व. २०५३/५४ मा क्रमश: निर्यात भएको २८ हजार ३ सय ६७ के.जी. र २३ हजार ८ सय ९० के.जी. ट्याक्सिन रेजिनको मूल्य क्रमश: रू. २ करोड ४६ लाख ९६ हजार ८ सय ३९ र २ करोड २९ लाख २३ हजार ५ सय ८४ राखिएको छ । यस वापत निर्यात शुल्क रू. १ लाख २३ हजार ४ सय ८४ र १ लाख १४ हजार ६ सय ६८ लिइएको कुरा वीरगञ्ज भन्सार कार्यालयको तथ्याङ्क शाखाको निर्यात पुस्तिकामा उल्लेख छ ।

ट्याक्सिन रेजिनको मूल्य निर्धारणसम्बन्धी प्रक्रिया बुझ्न वीरगञ्ज भन्सारका प्रमुख अधिकृत शेखरनाथ खनालसँग सम्पर्क राख्दा उनले दिउँसो बताउन नमिल्ने, साँझ बिहान आउनुपर्ने भनेर असहयोगी चरित्र देखाएकाले मूल्य निर्धारण प्रक्रियाबारे जानकारी पाउन सकिएन ।

कानूनी रूपमा ट्याक्सस निकाल्ने कार्य अहिले डाबर नेपाल प्रा.लि.ले मात्र गरेको छ । डाबरले सन् १९९५, १९९६ र १९९७ का पाँच महिनाभित्रमा गोरखा, लम्जुङ, सिन्धुपाल्चोक, दोलखा र रामेछापबाट ३ लाख ३५ हजार ६ सय २६ के.जी. ट्याक्ससको पात निकालेको बताएको छ ।

डाबर नेपाल कम्पनीले दिएको जानकारीअनुसार यसले राजश्व वापत श्री ५ को सरकारलाई प्रति के.जी. रु. २५ का दरले रु. ८३ लाख ९० हजार ६ सय ५० बुझाइसकेको छ । जिल्ला समिति, गाविस वा नगरपालिकालाई बुझाइएको कर तथा अन्य चन्दा रकमहरू यसमा समावेश गरिएको छैन । डाबर नेपाल लिमिटेडका महाप्रवन्धक टी.के. गुप्ताकाअनुसार एजेन्ट, सङ्कलन, ढुवानीकर्ता आदिलाई दिइने शुल्क वा भाडाका रूपमा यसले प्रति के.जी. सरदर ७० रूपियाँका दरले स्थानीय तहमै अहिलेसम्ममा रु. २ करोड ४६ लाख ६४ हजार ११ खर्च गरिसकेको छ ।

यसरी हिमालीक्षेत्रमा कठिन जीवन बिताउने  जनताका लागि ट्याक्ससको पात सङ्कलन एउटा नियमित आम्दानीको स्रोत भएको छ । माछापुच्छ्रे इन्टरप्राइजेजका किशोर महतो भन्छन्- "ट्याक्सस पाइने हरेक जिल्लामा दुईदुई सय मानिसलाई पात सङ्कलनबाटै अस्थायी रोजगारी दिन सकिन्छ ।

## अध्ययनको कमी

नेपालमा जडीबूटी व्यवसाय गोप्यतामा मौलाइरहेको छ । व्यवसायीहरू कम प्रचारप्रसार भएका जडीबूटी तथा सम्बन्धित स्रोतबारे जानकारी नभएकाहरूबीच काम गर्न इच्छुक देखिन्छन् ।

ढुंखर्कको ट्याक्सस विनाशले यसको महत्त्व बढाए पनि अन्य महत्त्वपूर्ण वनस्पतिहरूको सम्बन्धमा अनुसन्धान गर्ने काम भएको छैन । "वन विभागको एकलौटी निर्णय छ । ट्याक्ससकै सम्पूर्ण पक्षका बारेमा अध्ययन गर्न वनस्पति विभागका विशेषज्ञहरूको उपयोग गर्नेतर्फ कुनै चासो छैन । हामीलाई सहभागी बनाएमा यसको गोप्यता भङ्ग हुने डर उनीहरूलाई छ" वनस्पति विभागका एकजना वनस्पतिविज्ञ वन विभागको प्रशासनप्रति तीतो पोख्दछन् ।

"ट्याक्ससकै बारेमा वनपाले, रेन्जर, सहायक वन अधिकृत र वन अधिकृतलाई पनि पर्याप्त जानकारी छैन । कति पात टिप्दाखेरी रूखलाई असर पर्छ र कति

टिप्दा पर्दैन भन्ने कुरा वैज्ञानिक रूपमा खुलाइएको छैन । वन र वनस्पति फरक विषय हुन् । आर्थिक महत्त्वका दृष्टिले अहिले रूखभन्दा पनि जडीबूटी र अन्य बोट बिरुवातर्फ सबैको ध्यान गइरहेको छ । राजश्व सङ्कलन, रोजगारी वृद्धि र जैविक विविधताको संरक्षणमा वनस्पति पनि महत्त्वपूर्ण छन् । तर सरकारले प्रत्येक जिल्लामा एकजना वनस्पति विशेषज्ञ समेत राख्न सकेको छैन । यसैले वनस्पतिहरूको व्यवस्थित अनुसन्धान कुरामा मात्र सीमित भएको छ, व्यवहारमा देख्न पाइँदैन ।

विश्व संरक्षण संघ (आई.यु.सी.एन.) मा कार्यरत वरिष्ठ वनस्पतिविद् डा. तीर्थबहादुर श्रेष्ठ भन्छन्- "ट्याक्ससको जङ्गल कतै पनि पाएको छैन । अरु जातका रूखहरूको जङ्गलमा ट्याक्सस फाट्टफुट्ट मात्र देखिएको छ । ट्याक्ससको पात लाखौं के.जी. को परिमाणमा जङ्गलबाट निकालिएको छ भन्ने कुरामा मलाई विश्वास लाग्दैन । मलाई यो कुरा रहस्यमय लागिरहेको छ । बाहिर देखाउनलाई ट्याक्सस र भित्र अरू नै केही खेल हुन पनि सक्छ ।"

नेपालको जङ्गलमा रहेको ट्याक्सस परिमाणसम्बन्धी सरकारीस्तरबाट अझसम्म कुनै अध्ययन भएको छैन । यसको इकोलजिकल म्यापिङ्ग गर्ने कार्यतर्फ कुनै सक्रियता देखिएको छ । जडीबूटी कम्पनीका पूर्व महाप्रबन्धक रणबहादुर रावलको नेतृत्वमा एक समूहले "एशिया नेटवर्क फर स्मल स्केल बायो रिसोर्सेज" नामक एक गैरसरकारी संस्थाको प्राविधिक सहयोगमा मुस्ताङमा एउटा अध्ययन गरेको थियो । त्यस अध्ययन प्रतिवेदनमा ट्याक्ससबाट रेजिन निकाल्ने सस्तो प्रविधि, एक हेक्टर जमिनमा पाइएको ट्याक्सस रूख संख्या र कति पातबाट कति ट्याक्सिन रेजिन निकाल्न सकिन्छ भन्ने कुराको जानकारीबाहेक एक के.जी. रेजिन वैधानिक रूपमा बिक्री गर्दा पर्ने लागत मूल्य नै ५ हजार ९ सय १८ रुपियाँ पुग्ने उल्लेख गरिएको छ ।

यस वनस्पतिमा रहेको यौगिक क्रियाशिलता र ट्याक्सस निकाल्ने प्रक्रियाको अध्ययन वनस्पति विभाग, रोनाष्ट र रसायन शास्त्र अध्ययन संस्थान कीर्तिपुरका प्रयोगशालाहरूमा भइरहेका छन् । रोनाष्टका वरिष्ठ वैज्ञानिक अधिकृत डा. भरतप्रसाद बस्याल आफ्ना सहयोगीसहित कसरी ट्याक्सलबाट बढी मात्रामा ट्याक्सोल निकाल्न सकिन्छ र अरू कुनकुन वनस्पतिमा ट्याक्सोल यौगिक छ भन्ने परीक्षणमा लागेका छन् भने वनस्पति विभागका रसायनविद्हरू पनि ट्याक्सस प्रशोधन गर्ने उपयुक्त प्रविधि विकासमा लागेका छन् । सस्तो प्रविधि

विकास गर्ने तयारीमा संलग्न रहेकी विभागकी रसायनविद् डा. तिमिला श्रेष्ठ सरकारले वनस्पति विभागबाट खानी तथा भूगर्भ विभागमा सरुवा गरेर वनस्पति अनुसन्धानमा सरकार त्यति संवेदनशील नरहेको कुरा बताउँछिन् ।

## प्रयोगमा विभिन्नता

क्यान्सरको उपचारमा प्रयोग हुनुभन्दा पहिले पनि ट्याक्ससलाई नेपालमा विभिन्न किसिमले उपयोग गर्ने गरेको पाइन्छ । डा. वस्यालको भनाइमा प्रत्येक वर्ष इन्द्रजात्रामा तानिने कुमारीको रथ सिँगार्न यसैका हाँगाहरू प्रयोग गरिन्छ र जङ्गली अवस्थामा मानिसहरूले यसलाई बाण बनाउन प्रयोग गर्थे ।

यसको काठ मक्किएर नजाने भएकोले खोलामा साँघुहरू बनाउन हुम्ला, जुम्ला र मुस्ताङ जिल्लामा यसको अझै प्रयोग हुने गरेको छ । दोलखाका लाक्पा सेर्पाका अनुसार हिमाली क्षेत्रका चौंरीपालकहरूले ट्याक्ससलाई याक र चौंरीको घाँसका रूपमा पनि चलाउँछन् । यसको काठबाट बन्ने गोल राम्रो हुने भएकोले हिमाली क्षेत्रमा जाडोबाट बच्न यसको प्रयोग हुन्छ । यसैको काठबाट धामीहरूले ढ्याङ्ग्रो बनाउने भएकोले यसलाई ठाउँअनुसार झाँक्री सल्लो र ढुङ्ग्रे सल्लो पनि भनिन्छ ।

यसलाई धूपको रूपमा पनि प्रयोग गरिन्छ । यसको काठ बाल्दाखेरी आउने धूवाँले टाउको दुखेको निको हुन्छ भनिन्छ । अझै पनि हिमाली भेगमा नाडीको गति कम हुँदा, झाडावान्ता लाग्दा, पेट दुख्दा र रुघाखोकी लाग्दा यसकै कलिला पातको रस बनाएर खान दिने चलन छ । युनानी पद्धतिमा पनि ट्याक्ससको उपयोग औषधी बनाउनमा हुने कुरा वैद्यहरू बताउँछन् ।

रसायनविद्हरूका अनुसार ट्याक्ससबाट निस्कने ट्याक्सोल तत्त्व बाहेक अन्य तत्त्वहरू हेयर लोशन, सेभिङ क्रिम, ब्यूटी क्रिम जस्ता श्रृङ्गारका सामान र दाँतसम्बन्धी औषधी बनाउन पनि प्रयोग हुन्छ ।

## तीन हजार वर्षअघि देखि नै प्रयोग

"आजभन्दा तीन हजार वर्षअघि प्रकाशित आयुर्वेदसम्बन्धी पुस्तक चरकसंहितामा पनि ट्याक्ससको उल्लेख गरिएको छ । चरकसंहितामा यसलाई स्थौणेयक भनिएको छ । भारतका बंगालको बंगीय परम्परा, उत्तर प्रदेशको वनारस र गुजरातको परम्परामा पनि यसलाई तालीसपत्रको रूपमा उल्लेख गरिएको छ ।"

द्रव्यगुण विज्ञानमा एम.डी. गरेका सिंहदरबार वैद्यखानाका डा. श्याममणि अधिकारीका अनुसार चरकसंहिता पछिका सुश्रुत संहिता, एलादीगण र अष्टाङ्ग संग्रहमा यससम्बन्धी विस्तृत ब्याख्या गरिएको छ । सम कन्ट्रोभर्सियल ड्रग अफ इन्डियन मेडिसिन भन्ने पुस्तकमा स्थौणेयक ट्याक्सस बकाटा भनेर उल्लेख गरिएको छ । स्थौणेयकलाई बाथ रोग, ज्वरो, सुन्निने रोग र विष रोगमा उपयोगी हुने बताइएको छ ।

ट्याक्सस धेरै हाँगा हुने सदावहार रूख हो । यसको सरदर उचाई १० मिटर हुने भए पनि कतैकतै ३०-४० मिटरसम्म अग्ला रूखहरू पनि पाइएको कुरा वनस्पतिविज्ञहरू बताउँछन् । यसको पातलो र कत्ला परेजस्तो देखिने बोक्रा गाडा रातो र खैरो रङ्ग हुन्छ । यसका पात टुप्पोमा काटिएको, रेखात्मक, छेउ अलिअलि बाङ्गिएको, पृष्ठभाग ढल्केको, धेरैजसो पातहरू घुमाउरो किसिमले मिलेका, माथिल्लो सतह चमकदार, तल्लो भाग पहेंलो खैरो अथवा अलिअलि रातो र बीचको डाँठ टड्कारो देखिने हुन्छ । एउटै रूखमा फुल्ने फूलहरू पनि भालेपोथी हुने र रातो रङ्गको फल लाग्ने कुरा वनस्पतिविज्ञहरू बताउँछन् ।

संसारमा एघार जातिका ट्याक्सस पाइन्छन् । नेपालमा पाइएको ट्याक्ससलाई २०४९ तिर ट्याक्सस बकाटा भनेर रिपोर्ट गरिएको थियो । तर यताआएर वनस्पतिविज्ञहरूले नेपालमा पाइएको र पाइने ट्याक्सस चाहिं ट्याक्सस वालिचियना हो भन्ने प्रमाणित गरेका छन् र वनस्पति अनुसन्धान केन्द्रद्वारा प्रकाशित म्यानुअलमा पनि त्यही नाम उल्लेख गरिएको छ ।

## ट्याक्ससको जथाभावी फँडानी

व्यावसायिक रूपमा ट्याक्ससमा आधारित उद्योग स्थापना भएपछि यसका निम्ति थुप्रै कच्चा पदार्थ आवश्यक पर्ने कुरा व्यवसायीहरू बताउँछन् । सातवटा जिल्लाको इजाजत पाएको डाबर नेपालले कच्चा पदार्थकै निम्ति १३ जिल्ला थपिपाउन वन विभागसँग माग गरेको छ । कच्चा पदार्थको बढ्दो मागका कारण यसको जथाभावी फँडानी हुन थालेको गुनासाहरू पनि त्यत्तिकै सुनिएका छन् ।

वन मन्त्रालयका प्रवक्ता अमृतलाल जोशी भन्छन्- "जथाभावी काटियो भन्ने गुनासा यहाँ पनि आइरहेका छन् । केही समय पहिले लमजुङ जिल्ला विकास

समितिका सभापति र दोलखाका सांसद वाङ्छे सेर्पाले नै मन्त्रालयमा आएर जथाभावी ट्याक्सस निकाल्न इजाजत दिन नहुने जिकीर गरेका थिए ।"

जनप्रतिनिधिहरू समेत स्थानीय प्राकृतिक स्रोतका बारेमा सचेत हुन थालेको बेलामा मन्त्रालयले भने त्यही गतिमा संरक्षणका उपायहरू थालेको छैन । इजाजत पत्र लिने कम्पनीहरूले गरेको कार्यको अनुगमन गर्न मन्त्रालयमा एउटा समिति बनाइएको छ । समिति उपयुक्त नीति बनाउने कामको थालनी हुनेछ । वन विभागका महानिर्देशक इन्द्रसिं कार्कीका अनुसार, "२०५४ मंसिरसम्ममा यसले डाबर नेपालको कामको अनुगमन गर्नुको साथै बाँकी जिल्लामा ट्याक्ससको कस्तो अवस्था छ भन्ने अध्ययन गर्नेछ ।"

ट्याक्सस सङ्कलनमा वैज्ञानिक प्रविधि अझै विकास हुन नसकेको हुनाले सरकारले इजाजत दिएका जिल्ला वन कार्यालय र वन अधिकृतहरू अप्ठ्यारोमा परेका छन् । केन्द्रले अनुगमनको निश्चित मापदण्ड नबनाएकोले सम्बन्धित जिल्लामा आफ्नै किसिमले अनुगमन गरिरहेका छन् । दोलखा जिल्ला वन कार्यालयले यसको संरक्षणका निम्ति नमुना प्लटहरू पनि सुरक्षित गरेको छ । दोलखाका तीनवटा सामुदायिक वनबाट ट्क्यासस् निकाल्न पाइँदैन । तर जिल्लास्तरीय अनुगमन र निरीक्षण पनि कम चुनौतीपूर्ण छैन । पहिलो त ट्याक्सस वनमा मिसिएको अवस्थामा पाइन्छ । दोस्रो, दुर्गम इलाकामा फैलिएको ठूलो वन क्षेत्रको अनुपातमा वन कार्यालयसित यसको अनुगमन र निरीक्षण गर्न आवश्यक जनशक्तिको अभाव छ ।

सिन्धुपाल्चोक जिल्लाको बाँसखर्क रेञ्जपोस्टका वनरक्षक तिलक भारती आफ्नो कार्यालयले गरेको अनुगमनको अनुभव सुनाउँदै भन्छन्, "डाबर नेपालका एजेन्टले जिल्ला वन कार्यालय चौताराबाट वार्षिक २० टन पात सङ्कलन गर्ने इजाजत लिएर आएका थिए । हामीले एउटा रूखबाट ५० प्रतिशतभन्दा बढी पात निकाल्नु हुँदैन र पात निकाल्दा यसरी निकाल्नुपर्छ भनेर सङ्कलकहरूलाई बताएपछि उनीहरूले तोकिएको अवधिमा ५ टन पात मात्र निकाल्न सके । अवैज्ञानिक किसिमले सङ्कलन गर्ने हो भने २० टन भनेकोमा ४० टन पनि निकाल्न सकिन्छ ।"

तर रेखदेख गरिरहँदा पनि जथाभावी हुने घटनाहरू भएका छन् । दोलखा जिल्ला वन कार्यालयले जथाभावी रूख काटेर पात सङ्कलन गरेको आरोपमा डाबर

नेपालका स्थानीय एजेन्ट विजय खड्कालाई ६० हजार रुपियाँ जरिवाना गरेको जनाएको छ । तर डाबर नेपालका दोलखा प्रतिनिधि भने गलत रिपोर्टका आधारमा त्यसो गरिएको बताउँछन् । खड्का भन्छन्- "पहिलेदेखि नै त्यहाँ ट्याक्सस सङ्कलन गर्ने व्यक्तिहरू सक्रीय थिए । डाबर नेपालले लिनुभन्दा केही समय पहिले कुनै कम्पनीले सङ्कलन गर्ने अर्डर गरेको तर लिन नआएपछि तीन टन जलाएका थिए ।"

जङ्गलमा हुलका हुल मानिसको प्रवेश हुँदा अरू वनस्पति र बोटविरुवा पनि नासिन सक्ने खतरातर्फ सम्बन्धित निकायको ध्यान गएको देखिँदैन । बढी सङ्कलन गर्ने र बढी कमाउने होडबाजी स्थानीय सङ्कलक र एजेन्टहरूमा रहेको बताइन्छ । नाम उल्लेख नगर्ने शर्तमा सिन्धुपाल्चोकको बाँसखर्कका एक सङ्कलकले बताए- "अग्लो रूख, अप्ठ्यारो ठाउँ । रूखमै चढेर टुप्पोमात्र टिप्दा त कहिले सक्नु ? हामी त २-३ जना मिल्छौँ । एउटाले माथि गएर हाँगा काट्छ । अरू तल बसेर पात जम्मा गर्छौं ।"

श्री ५ को सरकारको वन नियमावली २०५१ को नियम १२ र १३ को उपनियम २ ले दिएको अधिकार प्रयोग गरी लौठ सल्लो विदेश निकासीमा प्रतिबन्ध लागे पनि सङ्कलन र प्रशोधनमा प्रतिबन्ध नलागेकोले डाबर नेपालबाहेक अन्य जडीबूटी सङ्कलकहरूले पनि यसमा काम गर्न छाडेनन् । "सङ्कलकहरू प्रशस्त छन् । कच्चापदार्थको माग बढ्दो छ । वन प्रशासनको तल्लो तहदेखि माथिल्लो तहसम्म भ्रष्टाचार व्याप्त छ भने कसले रोक्ने ?" एकजना जडीबूटी सङ्कलकले नाम नछाप्ने शर्तमा बताए ।

उच्च हिमाली क्षेत्रबाट पहाडका वन चौकी, प्रहरी गस्ती, कर डिपोहरू हुँदै तराईका विभिन्न स्थानमा जडीबूटीहरूको ओसारपसार भई नै रहेको छ । व्यापारको कूल परिमाण, सङ्कलन, बेचबिखन र प्रशोधनमा के कति मानिस छन् भन्ने तथ्याङ्क नै नभएको अवस्थामा उनको भनाइलाई पुष्टि गर्ने आधार खोजिरहनु पर्दैन ।

सङ्कलन इजाजत नै नपाएको लिम्बू ट्रेडर्सले डाबर नेपाललाई केही समयअगाडि ३२९३ के.जी. ट्याक्सस बेचेको कुरा रामपुर टोकनीस्थित डाबर नेपालका वरिष्ठ उत्पादन अधिकृत आर.के. बर्माले बताए । उनी भन्छन्, "तर पात बिग्रिसकेकोले प्रशोधन गर्दा ३ लाख रुपियाँ घाटा पर्‍यो । त्यसपछि हामीले अवैध रूपमा आएको पात नलिने निर्णय गर्‍यौं ।"

यसरी अवैध रूपमा हुने ट्याक्ससको चोरी निकासीलाई सरकारले रोक्नसकेको छैन । इजाजत दिइएको जिल्लाभन्दा बाहेकका जिल्लाका वन कर्मचारीले यसको पहिचान नै गर्न सकेको पाइँदैन । त्यसैले यसका ब्यापारीहरूलाई लुकी चोरी सङ्कलन र बेचबिखन गर्न सजिलो भएको छ । वन मन्त्रालयका सचिव समेत रहिसकेका डाबर नेपालका सल्लाहकार मजरूल हक पनि यो तथ्य स्वीकार गर्छन् । डाबर नेपालले यसरी अवैधरूपमा आएको ६ टन पात किनेको थियो । हक भन्दछन्- "डाबर नेपालले इजाजत पाएका सातवटा जिल्लाबाहेकका ठाउँबाट आएको पात लिन चाहँदैन । तर मानिसहरू बेलाबेला ल्याउँछन् । हामीले नकिने बाहिर तस्करी हुन्छ ।"

वनस्पति विभागका एक वनस्पतिविद् भन्छन्- "मैले ताप्लेजुङमा पनि यो प्रशस्त निकालेको देखेको छु । रोल्पाबाट पनि थुप्रै निकालिन्छ । केही महिना पहिले हामी रोल्पाका केही वन घुम्दा रूख नै मर्ने किसिमले हाँगा काटेको देख्यौं । अवैध सङ्कलनको यो क्रम रोल्पा आसपासका अरू जिल्लामा पनि छ ।"

अवैध रूपमा सङ्कलन गर्नेहरूले जथाभावी रूख पनि काट्छन् र राजश्व पनि तिर्दैनन् । तर अवैध रूपमा सङ्कलन गरिएका कच्चा पदार्थ लिन पाएमा डाबर नेपाललाई फाइदा र सरकारलाई घाटा हुन्छ ।

डाबर नेपालका प्रतिनिधिहरू वन मन्त्रालयको शर्तबमोजिम प्रशोधन प्लान्ट स्थापना गरेको र करोडौं रुपियाँ खर्च गरेर प्रतिकिलो २५/- रुपियाँका दरले लाखौं रुपियाँ राजश्व तिरिरहेको धाक लगाउँदै भन्छन्, "हामीले स्थानीय जनतालाई रोजगारी दिएका छौं । यसको संरक्षणमा तत्परता देखाएका छौं । तर सरकारले भने हामीलाई जिल्ला थप नगरी प्रशोधन प्लान्ट नै नभएका व्यक्तिलाई पनि इजाजत दिइएको छ ।"

## संरक्षणको प्रयास

बहुउपयोगी ट्याक्ससको अति शोषणबाट यो वनस्पति नासिएरै जानसक्ने खतरा पनि दिन प्रतिदिन बढ्दो छ । किनभने धूलो रूपमा समेत निर्यात गर्न सकिन्छ भन्ने कुराको धेरैले चालपाइसकेका छन् । वनस्पति नै लोप हुनजाने अवस्थाको खतरा र कुनै पनि बेला परिवर्तन हुनसक्ने श्री ५ को सरकारको नीतिका कारण डाबर नेपालले आफ्नै स्रोतबाट ट्याक्ससको विकास गर्ने

तयारी गरिरहेको छ । यसले अहिले धनकुटाको हिले, सिन्धुपाल्चोकको गुन्छा, दोलखाको लादुक र लमजुङको बेंसीसहरका निजी नर्सरीहरूमा ट्याक्ससका बिरुवा उत्पादन गर्न सघाइरहेको छ । डाबर नेपालका एक आधिकारिक व्यक्तिका अनुसार यसले बनेपाको जङ्गलमा २० रोपनी जग्गामा आफ्नै नर्सरी स्थापना गर्ने तयारी गरिरहेको छ । यसका निम्ति आवश्यक पर्ने सरसामान झिकाउन एल.सी. समेत खोलिसकेको छ ।

डाबर नेपालका सल्लाहकारको कथन अनुसार चारवटा ग्रीन हाउस हुने त्यस नर्सरीमा ट्याक्सस लगायत विभिन्न दश जातका बीस लाख बिरुवा प्रतिवर्ष उत्पादन गरिनेछ । ट्याक्ससका बिरुवालाई हिमाली क्षेत्रका निजी जग्गा, कबुलियती र सामुदायिक वनमा लगाउन वितरण गरिनेछ । अहिलेको हिसाबमा एउटा बिरुवा उत्पादन गर्दा २४ रुपियाँसम्म पर्नसक्ने अनुमान छ । तर यसलाई वितरण गर्दा प्रतिगोटा १२ रुपियाँ मात्र लिइने छ । तर त्यो बिरुवा हुर्केपछि त्यसको पात डाबरलाई नै बेच्नुपर्ने शर्त राखिनेछ । डाबर नेपालले त्यसलाई उचित मूल्यमा खरिद गर्नेछ ।

डाबर नेपालका दोलखा प्रतिनिधि विजय खड्काका अनुसार "जिरी गाउँ विकास समितिमा पर्ने २३-२४ सय मिटर उचाइमा रहेको खावा डाँडामा कम्पनीले करीब १० लाख रुपियाँको लागतमा ५ सय रोपनी जमिन किन्ने तयारी गरिरहेको छ ।"

जडीबूटी उत्पादन तथा प्रशोधन कम्पनीले पनि ट्याक्ससको नर्सरी स्थापना गरेर त्यसको वृक्षरोपण गर्ने कार्यक्रम त बनाएको छ तर अन्तर्राष्ट्रिय ग्राहक खोजिरहेको यसको कार्यक्रमले कुनै आकार ग्रहण गरिसकेको छैन । माछापुच्छ्रे इन्टरप्राइजेजका किशोर महतो भने नर्सरी स्थापना गर्ने पक्षमा छैनन् । दिगो संरक्षण, उपभोग र वैज्ञानिक कटानमा जोड दिनुपर्ने विचार बोकेका महतो भन्छन्- "प्राकृतिक रूपमा नै हामी कहाँ त्यति धेरै स्रोत छ भने किन नर्सरी स्थापना गर्नुपऱ्यो ?"

डाबर नेपालले बनाएको नर्सरी योजना कार्यान्वित भए पनि त्यसबाट बिरुवा हुर्किएर उत्पादन दिन थाल्ने अवस्थामा पुग्न घटीमा पाँच वर्ष लाग्छ । त्यतिञ्जेल यही हिसाबले कच्चा पदार्थ निकालिरहनाले जङ्गलबाट ट्याक्सस लोप हुनसक्ने हो कि भनेर वनस्पतिविज्ञहरू चिन्तित छन् । ट्याक्ससको अतिदोहनबाट पर्नसक्ने यस्तो प्रतिकूल अवस्थाबाट जोगिनका लागि टिस्यूकल्चर प्रविधि उपयुक्त हुने

कतिपय वनस्पतिविज्ञहरूको धारणा रहेको छ । वनस्पतिविज्ञ खेमराज भट्टराई भन्दछन् "छोटो समयमा ट्याक्ससका बिरुवा धेरै संख्यामा उत्पादन गर्न सोमाटिक इम्ब्रियो जेनोसिस् नामक प्रविधि उपयुक्त हुन्छ । यसको संरक्षणमा सरकारले कुनै भरपर्दो उपाय अपनाउन सकेन भने, ट्याक्सस सङ्कलन गरेर केही अतिरिक्त रकम कमाउन हतारिएका स्थानीय जनता र ठीक बेठीक जुनसुकै तरिकाले सङ्कलन भए पनि धेरै कच्चा पदार्थ पाएकोमा खुशी हुने ठेकेदारहरूका कारण अरू मुलुकमा जस्तै ट्याक्सस नेपालबाट पनि लोप हुन बेर लाग्ने छैन ।

लैनो भैंसीबाट आवश्यक दूध दुहुनका लागि जसरी घाँसपात, कुँडो, पानी र हेरचाहमा उचित ध्यान पुऱ्याउनु पर्छ, हिमाली क्षेत्रका बासिन्दाका लागि भरपर्दो आयस्रोत बन्नसक्ने ट्याक्ससको संरक्षण र सङ्कलनमा पनि त्यत्तिकै ध्यान पुऱ्याउनु पर्दछ । यसका लागि सरकारी, निजी र स्थानीय तहबाट संयुक्त प्रयास थालिनु आवश्यक देखिएको छ ।

डाबर नेपालले पनि विभिन्न क्रियाकलापद्वारा स्थानीय जनतामा ट्याक्ससससम्बन्धी चेतना जगाउने गरेको बताएको छ । त्यसै उद्देश्यले एउटा वृत्तचित्र समेत डाबर नेपालले बनाएको छ, जसको शीर्षक छ- "सुनको फुल पार्ने कुखुरी– लौठ सल्लो ।" तर यो कुखुरीले कसका निम्ति सुनको फुल पार्ने हो त्यो चाहिं अनुमानकै विषय भएको छ ।

*(कात्तिक ३०, २०५४ सालको काठमाडौं टुडेमा प्रकाशित ।)*

# के गर्दैछन् राज्यविहीन राजाहरू ?

– सुधीर शर्मा

कतै कोही ८६ वर्षसम्म लगातार राजा भइरहेको सुन्नुभएको छ ? इतिहासको पाना पल्टाउँदा पनि यति लामो अवधिसम्म राजा भएको घटना शायदै भेटिएला । तर अचम्म, काठमाडौँको कालीमाटी चोकबाट केही पश्चिमतर्फको केशरी सदनमा अहिले पनि यस्तो एक जीवित इतिहास भेटिन्छ : ९५ वर्षीय भिरकोटे राजा तारकबहादुर शाह, जो ८६ वर्षदेखि राजा हुनुहुन्छ ।

अर्का एक हुनुहुन्छ- माल्नेटी राजा योधारजङ्ग शाह । उहाँ राजा भएको ६१ वर्ष बितिसक्यो । दर्नाली राजा देवेन्द्रबहादुर शाहले राज्यारोहण गरेको पनि ४६ वर्ष नाघ्यो । अरू राजाहरू पनि थुप्रै छन्, जसले दशकौँदेखि 'राज' गरिरहेका छन् । इतिहासले बिर्सिसकेको विगतको नेपालका बाइसी चौबीसी राजाहरूको अस्तित्व हालसम्म कायम छ । उनीहरूमध्ये केहीले अहिले पनि राजकीय सम्मान्, सुविधा र वैधानिक मान्यता पाइरहेका छन् । फरक के छ भने पहिले यी राजाहरूको आफ्नै सेना, कर्मचारी र जनता हुन्थे, अहिले उनीहरू स्वयं कसैका प्रजा भएका छन् । र, देशबिनाको राजा हुने पट्यारलाग्दो परम्परालाई चुपचाप धानिरहेका छन् ।

नेपालमा राजा-रजौटा प्रथा उन्मूलन गरिसकिएको भए तापनि केही राजाहरूलाई कानूनी मान्यता दिएर राखिएको छ । शाह राजवंशको एकमात्र संवैधानिक राजतन्त्र रहेको देशमा यस्ता अनेकथरि राजाहरूको उपस्थिति आफैँमा अनौठो छ । समय बित्यो, युग बद्लियो तर उनीहरूको उदेकलाग्दो परम्परा जस्ताको तस्तै छ । कानूनी मान्यता पाएका १७ जना राजाहरूमध्ये हाल ८ जना मात्र जीवित छन् । सल्यानी राजा गोपेन्द्रबहादुर शाह, बझाङ्गी राजा विनोदबहादुर सिंह, जाजरकोटे राजा प्रकाशविक्रम शाह, मुस्ताङी राजा झिग्मीपरबल विष्ट, भिरकोटे राजा तारकबहादुर शाह, माल्नेटी राजा योधारजङ्ग शाह, दर्नाली राजा देवेन्द्रबहादुर शाह र खुङ्गीकोटे राजा फत्यप्रचण्डबहादुर सिंहले आफ्ना पुर्खाको इतिहासलाई निरन्तरता दिने काम गरिरहनुभएको छ ।

## आधुनिक राजाहरू

दुई शताब्दीअघि तत्कालीन सल्यानी राजा श्रीकृष्ण शाहले श्री ५ पृथ्वीनारायण शाहका सामु घुँडा टेकेर आफ्नो राजकीय सम्मान बचाएका थिए । त्यही परम्परालाई धान्दै आएका अहिलेका सल्यानी राजा गोपेन्द्रबहादुर शाह श्री ५ महाराजाधिराजका जागिरे हुनुहुन्छ । काठमाडौं, डिल्लीबजारस्थित आफ्नो विशाल तर जीर्ण महलबाट चमकदमकसहितको नारायणहिटी राजदरबार धाउनु उहाँको २५ वर्षदेखिको नियमित रुटिन हो । उहाँ राजदरबारमा छायाँचित्र (फोटो) शाखाको प्रमुख हुनुहुन्छ ।

“मलाई सानैदेखि फोटोग्राफीमा रुचि थियो, पछि त्यसैलाई पेशा बनाएँ” लन्डनस्थित इलिङ टेक्निकल कजेलबाट छायाँचित्रमा स्नातक गर्नुभएका सल्यानी राजा शाहले बताउनुभयो । २०४१ सालमा आफ्ना पिता जितेन्द्रबहादुर शाहको देहान्त भएपश्चात् उहाँलाई सल्यानी राजा घोषित गरिएको थियो । हाल उहाँ श्रीमती, आफ्नो चार वर्षीय उत्तराधिकारी अमोघबहादुर र ८० वर्षीय बृद्ध आमाका साथ काठमाडौंमा बस्नुहुन्छ ।

नेपालका मानार्थ राजाहरूमध्ये सबैभन्दा कम उमेर बझाङी राजा विनोदविक्रम सिंहको छ । ३२ वर्षीय सिंह श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवका भाञ्जा हुन् ।

नेपालविरुद्ध विद्रोह गर्ने बझाङी राजा रामजङ्गबहादुर सिंहको राजाको हैसियत वि.सं. २०१९ सालमा समाप्त गरिएको थियो । पछि ०२४ सालमा रामजङ्गका

## मुस्ताङी राजपरिवारको झगडा

नेपालका राजा-रजौटाहरूको विवाद हम्मेशी बाहिर आउँदैन, नारायणहिटी राजदरवारले भित्रभित्रै मिलाउँछ । तर मुस्ताङी राजपरिवारको एउटा झगडाचाहिं अदालतको कठघरासम्म पुगेको छ । मुस्ताङी राजा झिग्मीपरवल विष्ट र उहाँकी भाउजू डिकी डोल्कर परवल विष्टबीच ०५२ सालदेखि जोमसोम जिल्ला अदालतमा अंश मुद्दा चलिरहेको छ ।

मुस्ताङ राज्यको अथाह सम्पत्तिलाई लिएर उहाँहरूबीच चलिरहेको झगडा ४० वर्ष पुरानो हो । वर्तमान मुस्ताङी राजाका दाजु आङगुन वाङ्दीको २०१५ सालमा राजा नहुँदै निधन भएको थियो । आफ्ना श्रीमान् राजकुमार वाङ्दीको निधन हुनासाथ देवर झिग्मीले आफूलाई अंशसमेत नदिएर दरवारबाट निकालेको भनाइ भाउजू डोल्करको छ । उहाँका अनुसार त्यसबेला आफ्ना नाबालक छोरीहरू छिमी डोल्कर र केसाङ लवाङलाई लिएर मुस्ताङबाट रातारात भाग्नुपरेको थियो ।

मुस्ताङी राजपरिवारको झगडा पञ्चायतकालमै नारायणहिटी राजदरबारसम्म पुगेको थियो । तर त्यहाँको प्रयासले पनि सफलता पाएन । र, डिकी डोल्करले मुस्ताङी राजाविरुद्ध अदालतमा मुद्दा दायर गर्नुभयो । त्यसमा उहाँले दिवङ्गत राजकुमार वाङ्दीले पाउनुपर्ने अंश निजकी श्रीमती भएको कारण आफूले पाउनुपर्ने जिकीर गर्नुभएको छ । अदालतले उहाँको पक्षमा फैसला गरेमा मुस्ताङी राजाले भोगचलन गर्दै आएको दरबार, जग्गा-जमिन, पशुधन लगायतका सम्पूर्ण सम्पत्तिहरू दुई भाग लगाई एक भाग डोल्करलाई दिनुपर्ने हुन्छ ।

सो मुद्दाको बहसका क्रममा गतसाल अर्को झगडा उब्जेको थियो । वादी पक्षका वकिल अधिवक्ता मातृका निरौला भन्नुहुन्छ- "डेढ वर्षअघि मुस्ताङी राजाका निजी सचिव चन्द्र थकालीको नेतृत्वमा आएको जत्थाले मलाई जोमसोममा कालोमोसो दल्यो । अदालतका कर्मचारीमाथि पनि हातपात गरियो । त्यस घटनामा संलग्न व्यक्तिहरूलाई प्रहरीले समात्यो र अदालत आफैँले तिनीहरूविरुद्ध अवहेलनाको मुद्दा पनि चलायो ।"

त्यसबेला उत्तरी मुस्ताङबाट दुईसय जति मान्छेलाई जोमसोममा ल्याएर मुस्ताङी राजाको पक्षमा नारावाजी गराइएको थियो । राजाले चार दिन टाढाको जोमसोम जान नमान्नेलाई पाँच हजार छेप्पा (जरिवाना) तिराउने उर्दी जारी गरेर भीड जम्मा पारेको स्मरण अभिवक्ता निरौला गर्नुहुन्छ ।

त्यसैबीच वादीतर्फको वारेस बनेको अपराधमा मुस्ताङी राजाले आफ्नै भाञ्जा सुवर्ण विष्टलाई सामाजिक बहिष्कार गर्ने घोषणा गर्नुभयो । मुस्ताङ जिविसका पूर्व सभापति विष्टले राजाको घोषणालाई सर्वोच्च अदालतमा चुनौती दिनुभयो । सर्वोच्चले पनि निवेदकको हक प्रतिकूल कुनै काम नगर्न भन्दै तत्कालै अन्तरिम आदेश जारी गरेको थियो ।

मुस्ताङी राजकुमार झिग्मीपरवल विष्ट चाहिं डिकी डोल्करले अंश मुद्दा हाल्नुको वास्तविक कारण अर्कै रहेको बताउनु हुन्छ । उहाँले भन्नुभयो- "भाउजूहरूले मलाई राजा बन्न नदिन धेरै षड्यन्त्र गरिरहनुभएको छ । म मुस्ताङी राजाको उत्तराधिकारी नहुने हो भने बुबा मरेपछि सबै सम्पत्तिको हकदार आफू बन्ने दाऊ उहाँहरूको छ ।" स्मरण रहोस्, राजकुमार झिग्मी सिंघी, मुस्ताङी राजाका आफ्नै सन्तान होइनन् । उहाँले आफ्नो भतिजा ( माहिला दाजु औतारी लामा चाराङ स्याप्टुङका छोरा) लाई धर्मपुत्रको रूपमा ग्रहण गर्नुभएको थियो । तर अहिले राजासँग झगडा परेका डिकी डोल्करहरूले लामाको छोरालाई राजाको उत्तराधिकारी बनाइनु हुन्न भन्ने तर्क अघिसारेका छन् ।

भाइ ईश्वरीजङ्गलाई 'बझाङी राजा' घोषित गरियो । ईश्वरीजङ्गपछि दीपकजङ्गबहादुर सिंह राजा हुनुभयो । उहाँको ०४१ सालमा निधन भएपछि चार वर्षसम्म बझाङी राजाको पद रिक्त रह्यो । किनभने दीपकजङ्गका उत्तराधिकारी विनोदविक्रम सिंहको राजा हुन आवश्यक उमेर (२१ वर्ष) पुगेको थिएन । बझाङी राजा विनोद विक्रम सिंह भन्नुहुन्छ- "मलाई एकैचोटी ०४५ साल पुसमा मात्र राजा घोषित गरियो ।" काठमाडौँको कमलादीस्थित शान्तिकुञ्जमा बस्नुहुने युवा राजा सिंह ब्यापारिक कारोबारहरूमा व्यस्त हुनुहुन्छ र आफूलाई 'आधुनिक युगको आधुनिक राजा' भन्न रुचाउनु हुन्छ ।

अर्का हुनुहुन्छ - आकाशमा रमाउने राजा प्रकाशविक्रम शाह । विभिन्न राष्ट्रिय-अन्तर्राष्ट्रिय उडानहरूको ३६ वर्ष लामो अनुभव बटुल्नुभएका पाइलट शाह जाजरकोटका राजा हुनुहुन्छ । आफ्ना पिता स्वयंप्रकाशविक्रम शाहको ०१८ सालमा निधन भएपछि प्रकाशविक्रम राजा हुनुभएको थियो । त्यसबेला उहाँले भर्खरै कोलम्बो प्लानअन्तर्गत भारतको इलाहावादबाट पाइलट ट्रेनिङ सक्नुभएको थियो । संयोग कस्तो पऱ्यो भने राजा हुने र शाही नेपाल वायुसेवा निगममा पाइलट हुने काम एकैसाथ भयो । पछि श्री ५ महेन्द्रले उहाँलाई रोयल फ्लाइटको इन्चार्ज पनि बनाइबक्सियो ।

सिनियर पाइलट शाहले तीन वर्षअघि शानेवानिबाट अवकाश पाए पनि पेशागत मुक्ति पाउनुभएको छैन । अहिले उहाँ शाही नेपाली सेनाको 'फ्लाइट एडभाइजर' हुनुहुन्छ र सेनाको विमान सेवा (नं. ११ बाहिनी) मा करारमा कार्यरत हुनुहुन्छ । जाजरकोटे राजाका उत्तराधिकारी लक्ष्मणविक्रम शाह पनि लुम्बिनी एयरवेजमा पाइलट हुनुहुन्छ ।

मुस्ताङी राजा झिग्मीपरवल विष्ट भने ज्यादा समय मुस्ताङको लोमन्थाङस्थित दरबारमा बिताउनु हुन्छ, जहाँ उहाँको पुरानो राज अझै कायम छ । उहाँ शाही नेपाली सेनाको मानार्थ लेफ्टिनेन्ट कर्णेल पनि हुनुहुन्छ । श्री ५ वीरेन्द्रद्वारा सो पदवी बक्स भएको उल्लेख गर्दै मुस्ताङी राजकुमार झिग्मी सिंघी परवल विष्टले बताउनुभयो- "बुबाले काठमाडौंमा पूरा अवधिको सैनिक प्रशिक्षण पनि लिनुभएको छ ।"

तत्कालीन मुस्ताङी राजा डोगल जिम्बा परवल विष्टको २०२४ सालमा निधन भएपछि झिग्मी परवलले राजाको पद पाउनुभएको थियो । ल्हासाबाट प्राथमिक शिक्षा हासिल गर्नुभएका झिग्मीले तिब्बतकै सिगात्सेकी रिट्रोल परवलसँग बिहा गर्नुभयो । तर सन्तान नभएका कारण उहाँहरूले आफ्ना भतिजा झिग्मी सिंघीलाई धर्मपुत्र बनाउनुभयो, जसलाई चार वर्षअघि एउटा औपचारिक समारोहको आयोजना गरेर राजकुमार घोषित गरिसकिएको छ ।

भिरकोटे राजा तारकबहादुर शाह आफैंमा एक जीवित इतिहास हुनुहुन्छ । उहाँको युवावस्था राणाकालमा बित्यो, सात सालको क्रान्ति हुँदा त उहाँ अधवैंशे भइसक्नुभएको थियो । ९५ वर्षीय भिरकोटे राजाको शरीर चाउरी परिसकेको छ, लामो दाह्री सेतै फुलेको छ, कान कमजोर छ, तैपनि सकिनसकी पत्रपत्रिका

पढ्ने, रेडियो-टीभी हेर्ने गर्नुहुन्छ । सामयिक घटनाहरू थाहा पाउने चासो उहाँमा अझै हराएको छैन ।

स्याङजाको भिरकोटमा जन्मनुभएका तारकबहादुर शाहले नौ वर्ष नटेक्दै उहाँका पिता ताम्रध्वज खाँणको देहान्त भयो । त्यसबेलादेखि अर्थात् वि.सं. १९६९ देखि उहाँ भिरकोटका राजा हुनुहुन्छ । तर उहाँलाई धेरैले राजाभन्दा पनि बडाहाकिम र लोकसेवा आयोगको अध्यक्षका रूपमा चिन्ने गर्छन् । मानवाधिकारवादी नेता हृषिकेश शाह उहाँकै जेठा छोरा हुनुहुन्छ ।

हाल सल्यान जिल्लामा पर्ने माल्नेटाका राजा योधारजङ्ग शाह पनि निवृत्त जीवन बिताउनेमा पर्नुहुन्छ । पाँच वर्षअघि शानेवानिबाट अवकाश पाएपछि उहाँले केही समय एभरेस्ट एयरमा काम गर्नुभयो । सो कम्पनी बन्द भएकाले हाल उहाँ फुर्सदमै हुनुहुन्छ ।

योधारजङ्ग शाह वि.सं. १९९४ देखि माल्नेटी राजा बन्नुभएको हो । जबकि उहाँका बुबा डिल्लीजङ्ग वा हजुरबुबा सुरजजङ्ग कोही पनि राजा हुनुहुन्थेन । माल्नेटी राजा योधारजङ्ग कारण खोल्नुहुन्छ- "श्री ५ पृथ्वीनारायण शाहकै पालादेखि हाम्रो राज्य ठेक्का राज्य थियो । माल्नेटाको निश्चित आम्दानी काठमाडौँमा बुझाउनु पर्थ्यो । तर भीमप्रकाश शाह नामका राजाले रकम नबुझाएको कारण राणाहरूले उनलाई राज्यच्यूत गरे । उनी नि:सन्तान थिए, १३ दिने नाता पर्ने भएका कारण मेरो बुबाले त्यो रकम तिर्नुभयो । तर राजा नहुँदै उहाँको स्वर्ग भयो र जुद्ध शमशेरले मलाई राजा बनाए ।"

उता अछाम जिल्लामा पर्ने दर्ना राज्यका तत्कालीन राजा टेकबहादुर शाहको बिक्रम सम्बत् २००७ सालमा निधन भएपछि १५ वर्षकै उमेरमा देवेन्द्रबहादुर शाह राजा हुनुभएको थियो । त्यसबेला मलाई सबैले दाम राखेर सिन्दुर लगाइदिए । पछि मात्र बुझेँ - "म त राजा पो भएछु" दर्नाली राजाको अनुभव यस्तो छ ।

दर्नाली राजा देवेन्द्रबहादुर शाहका दुई श्रीमती र नौ छोराछोरी छन् । एउटा परिवार अछाममा बस्छ, अर्को काठमाडौँमा । तर उहाँचाहिँ बढीजसो ठाकुरद्वारा, बर्दियामा बस्नुहुन्छ । पञ्चायतकालमा तीन वर्ष युवक सङ्गठनको अञ्चल सभापति, १६ वर्षसम्म जिल्ला पञ्चायतको सदस्य र एकपटक राष्ट्रिय पञ्चायतको सदस्य भइसक्नुभएका शाह अब बहुदलीय राजनीतिमा पस्ने तरखरमा हुनुहुन्छ ।

# एउटा राजकुमारको असफल विद्रोह

बझाङका राजकुमार ओमजङ्गबहादुर सिंहले गरेको विद्रोह आधुनिक नेपालको अनौठो घटना हो, यद्यपि त्यो देश टुक्र्याउने अभियान थियो । त्यसलाई भारत र भारतसमर्थक शक्तिहरूले प्रत्यक्ष-परोक्ष मद्दत पुऱ्याएका थिए । तत्कालीन सोभियत संघको कम्युनिष्ट मुखपत्र 'प्राभ्दा' ले ओमजङ्गलाई क्रान्तिकारी राजकुमार (A Revolutionary Prince) को संज्ञा दिँदै विद्रोहलाई 'ऊर्जा' प्रदान गर्न खोजेको थियो ।

सो विद्रोहको सूत्रपात २०१७ सालमा भयो, जब विभिन्न टुक्रे राज्यहरूलाई औपचारिक रूपले नेपालमा गाभियो । त्यस क्रममा बझाङमा व्यापक असन्तुष्टि फैलियो । बझाङको राज्य अदालतको ठाउँमा ईलाका अदालत गठन गर्न गएका सरकारी कर्मचारीहरूलाई २०१७ साल जेठ २१ गते सदरमुकाम चैनपुरमै पिटियो । त्यसको अगुवाइ गर्ने राजकुमार ओमजङ्गलाई काठमाडौँले गिरफ्तार गर्न खोज्यो । तर उनी भागेर भारतको लखनऊ पुगे । लेखक डा. देवीप्रसाद ओझाका अनुसार ओमजङ्गले सन् १९६० अक्टोबर २४ का दिन लखनऊमा एक पत्रकार सम्मेलन गरी बझाङमा सन् १२६० देखि आफ्नो वंशको परम्परागत अधिकार कायम रहेकोमा हाल नेपाल सरकारले सो अधिकार हरण गरेको हुँदा त्यहाँका जनताले छुट्टै बझाङ राज्यका लागि संघर्ष गरिरहेको बताए ।

त्यसैबीच राजा महेन्द्रले संसदीय व्यवस्था भङ्ग गरेपछि काँग्रेसले सशस्त्र संघर्षको सुरुवात गऱ्यो । ओमजङ्गले पनि काँग्रेससँग मिलेर नेपाल विरुद्ध लड्ने निधो गरे । काँग्रेसको संघर्ष सफल भएमा बझाङ राज्य फिर्ता लिन सकिन्छ भन्ने उनको धारणा थियो । काँग्रेसको तत्कालीन एक्सन कमिटीबाट 'ग्रीन सिग्नल' पाएपछि ओमजङ्गले हतियार चलाउन जान्ने ५५ जना भाडाका भारतीयहरूको गुरिल्ला दस्ता तयार पारे । हरेक गुरिल्लालाई थ्री-नट-थ्री राइफल उपलब्ध गराइयो । र, त्यसको आधारस्थल चाहिं बैतडीपारिको भारतीय शहर पिथौरागढलाई बनाइयो । बझाङी राजा रामजङ्गबहादुर सिंह त्यही बसेका थिए । आफू बृद्ध भएकाले उनले छोरा ओमजङ्गलाई लड्न अघि सारे ।

ओमजङ्गको नेतृत्वमा बझाङ हान्न निस्किएको सशस्त्र टोली ०१९ साल असोजको पहिलो हप्ता महाकाली तरेर नेपाल छिऱ्यो । दार्चुलाको बाटोबाट बझाङ पस्न लाग्दा सो टोलीको शाही सेनासँग भिडन्त भयो । गुरिल्लाहरूमा भागाभाग मच्चियो । अन्ततः असोज १७ गते मार्मा, लटिनाथको एउटा ओढारमा लुकेका ओमजङ्ग सिपाही भीमबहादुरले हानेको गोलीबाट ढले । उनका अन्य १० जना साथीहरू पनि भिडन्तमा मारिए । सेनाले पक्राउ गरेका अरू पाँच जनालाई २०१९ कात्तिक १४ गते धनगढी जेल चलान गर्ने नाममा बैतडीको कठपतेमा गोली हानेर मारिएको बताइन्छ ।

तत्कालीन सरकारको धारणामा बझाडी विद्रोहका पछाडि भारतको हात थियो । तत्कालीन भारत श्री ५ महेन्द्रको कदमप्रति मौन रूपले विरोधमा लागेको र उसले नै बझाडी राजालाई उक्साई नेपाल सरकारविरुद्ध कदम चाल्न गोप्य रूपमा सहयोग गरेको कुरा रक्षा मन्त्रालयको स्वीकृतिमा मेजर प्रेमसिंह बस्न्यातद्वारा लिखित 'शाही नेपाली सेना र प्रधानसेनापतिहरू' पुस्तकमा उल्लेख छ । पृथकतावादी विद्रोह गरेवापत् बझाडी राजा रामजङ्गबहादुर सिंहले छोरा मात्र गुमाउनु परेन, राज्यच्यूत पनि हुनुपऱ्यो । सो घटना बझाडी राजवंशका निम्ति दुखान्त विगतको रूपमा रहेको छ । वर्तमान बझाडी राजा विनोदबहादुर सिंह भन्नुहुन्छ- "हाम्रा निम्ति ओमजङ्गले गरेको विद्रोह इतिहासबाट शिक्षा लिने अध्याय हो ।"

खुङ्गीकोटे राजा फत्यप्रचण्डबहादुर सिंह चाहिं रोल्पा जिल्लास्थित आफ्नै राज्यमा बस्नुहुन्छ । खुङ्गीका तत्कालीन राजा टीका सूर्यप्रचण्ड सिंहपछि उहाँका नाति फत्यप्रचण्डलाई राजा घोषित गरिएको थियो । उहाँका बुबा दैवप्रचण्डलाई मानसिक कमजोरीका कारण राजा बन्न अयोग्य भएको बताइन्छ ।

## विगत र वर्तमानको अन्तर

अहिले शक्तिहीन हुनु अलग कुरा हो, नत्र पुरानो राजसी ठाँटबाँठ सम्झँदा अहिले पनि राजाहरू रोमाञ्चित हुन्छन् । दर्नाली राजा देवेन्द्रबहादुर शाह अतीतको रवाफ सम्झनुहुन्छ- "त्यसबेला म सानो राज्यको शक्तिशाली राजा मानिन्थेँ ।

मेरो राज्यमा १२ जना सिपाही र १३ जना कर्मचारी थिए ।"

दर्नाली राजाका सिपाहीहरूको औपचारिक पोशाक नै थियो : नीलो रङ्गको लवेदा सुरुवाल र कालो पगरी । कर्मचारीमा चाहिं दरबार, राज्य, अदालत र मालपोतमा काम गर्ने डिट्ठा, विचारी, राइटर, वैदार र अर्दलीहरू थिए । राजाको परम्परागत श्रीपेच पनि थियो, जुन सात सालको गडबडीमा कतै गायब भएको कुरा दर्नाली राजाले बताउनुभयो ।

ठूला राज्यमा त झन् भव्यखाले राजकीय रीतिथिति थियो । आफ्नै सेना, कर्मचारी, दरबार भएका शाही पोशाकधारी राजाहरूले एकछत्र राज गर्थे । ती राजाहरूले २०१७ सालसम्म आफ्नो राज्यमा प्रत्यक्ष शासन चलाएका थिए । उनीहरूलाई पञ्चखतबाहेकका सबैखाले अपराधहरूमा दण्ड दिने अधिकार थियो । राजाले राज्य अदालतबाट मुद्दा मामिला छिन्दा दस्तुर जरिवाना, बिगो, बक्सौनी, जितौरी, सलामी इत्यादि वापत रकम असुल्थे । त्यसबाहेक आम्दानीको मुख्य स्रोत मालपोत थियो ।

तर नेपालको आश्रित राज्य रहेकाले ती राज्यहरूले आफ्नो आम्दानीको निश्चित भाग काठमाडौंलाई बुझाउनु पर्थ्यो । माल्नेटी राजा योधारजङ्ग शाहका अनुसार त्यसबेला २७ वटा गाउँहरू भएको (हाल सल्यान जिल्लाका ६ वटा गाविस) गरिब राज्य माल्नेटाले वार्षिक २४ सय ७२ रुपियाँ ३ पैसा केन्द्रमा दाखिल गर्थ्यो । अरू धनी राज्यले सोही अनुपातमा बढी रकम बुझाउँथे । यसैगरी गोडधुवा (श्री ५ का जेठी शाहज्यादीको बिहामा लाग्ने) र चुमावन (राजकुमारहरूको व्रतबन्धमा लाग्ने) जस्ता राजअङ्क (राजकर) हरू पनि काठमाडौंलाई बुझाउनुपर्ने चलन रहेको कुरा इतिहासकार डा. सूर्यमणि अधिकारीले *पश्चिम नेपालको ऐतिहासिक अन्वेषण*मा उल्लेख गर्नुभएको छ ।

ती राजा रजौटाले सम्भव भएसम्म सैनिक सहायता पनि उपलब्ध गराउँथे । इतिहासकार डा. राजाराम सुवेदीका अनुसार पहिलो विश्वयुद्धमा ब्रिटेनको सहायतार्थ केन्द्रको निर्देशनमा जाजरकोट राज्यले पनि आफ्ना १२५ जना सिपाहीहरू पठाएको थियो ।

आजका राजाहरूका निम्ति यी कुराहरू अतीतका गौरव मात्र भएका छन् । पुर्ख्यौली गाथाको बखान गरेर पुराना दिनहरू सम्झनुबाहेक अब उनीहरूसँग गर्वयोग्य कुरा केही रहेन । राज्यमा दरबार छ, जग्गा जमिन छ तर अधिकांश

राजाहरू दुर्गमको गाउँले राज्यमा छैनन् । हालका आठ राजामध्ये पाँचजना त स्थायी रूपमै काठमाडौँमा बस्छन् । राज्य गुमाएका राजाहरूसँग पहिलेजस्तो आर्थिक वैभव पनि छैन । कतिपयलाई त दैनिक जीवनयापनकै समस्या छ । त्यसैकारण उनीहरू आम मानिस झैं जागिरे छन् । केही राजालाई त आफ्नो राजसी शान जोगाउन पनि धौधौ परिरहेको देखिन्छ ।

त्यसो त राजा भएवापत उनीहरूले केही सरकारी सुविधा पनि पाएका छन् । अर्थ मन्त्रालयको कौसी तोसाखानाले राजाहरूलाई मासिक जीवन भत्ता उपलब्ध गराउँछ । तोसाखानाका हाकिम भक्तराज जोशीका अनुसार हाल सल्यानी राजाको भत्ता सबैभन्दा बढी अर्थात् मासिक रु. ८६६५/- छ भने माल्नेटा, दर्ना र खड्गीकोटका राजाको भागमा सबैभन्दा कम अर्थात् रु. १२३३/- मात्र पर्छ । कम भत्ता पाउने राजाहरू असन्तुष्ट देखिन्छन् । वास्तवमा सुरुदेखि अर्थात् राजा रजौटा उन्मूलन भएको वर्ष २०१७ सालदेखि ३० वर्षसम्म राजाभत्ता बढाइएको थिएन । ०५० सालयता चाहिं निजामती कर्मचारीको तलव वृद्धि हुँदा त्यसकै अनुपातमा राजाभत्ता बढाइने गरेको छ ।

अर्थ मन्त्रालयले राजाहरूले पाउने भत्ताको आधारमा गरेको वर्गीकरण उत्तिकै रोचक छ । जसअनुसार सल्यानी राजा श्री ५ को सरकारको मुख्य सचिवको श्रेणीमा पर्नुहुन्छ भने बझाङ, जाजरकोट र मुस्ताङका राजाहरूको हैसियत सचिव (राजपत्राङ्कित विशिष्ट श्रेणी) बराबर छ । यसैगरी भिर्कोटे राजा मुखियासरह हुनुहुन्छ भने माल्नेटा, दर्ना र खड्गीकोटका राजाहरूलाई पिउनको दर्जामा मात्र राखिएको छ ।

सरकारले सल्यानी, बझाङी, जाजरकोटे र मुस्ताङी राजालाई कूटनैतिक राहदानीको सुविधा पनि दिएको छ । त्यस्तो राहदानी ती राजाका रानीले पनि पाउँछन् । तर अन्य राजारानीहरू सो सुविधाबाट बञ्चित छन् ।

## दोहोरो मापदण्ड

अहिले आएर देशबिनाका रजौटामा परिणत भएका माथि उल्लिखित राजाहरूले २०१७ सालसम्म आफ्नो राज्यमा स्वतन्त्र ढङ्गले शासन चलाएका थिए । तर शाह राजवंशले सात सालमा शासकीय अधिकारको पुनर्प्राप्ति गरेको दश वर्षपछि ती राजा रजौटाको अधिकार खोसियो । ०१६ सालमा ल्याइएको राजा रजौटा

ऐनले सबै भुरे-टाकुरे राज्यहरूलाई औपचारिक तवरले नेपालभित्र समाहित गऱ्यो । त्यसअघि ल्याइएको राज्य अदालत उन्मूलन ऐन २०१६ ले राज्य अदालतहरूलाई इलाका अदालतमा रूपान्तरित गरिसकेको थियो ।

यी दुइटा ऐनहरू लागु भएपछि सबै राज्यहरू समाप्त भए । तर राजा रजौटा ऐनले विभिन्न १७ जना रजौटालाई चाहिं राजाको मान्यता दिएको थियो । जसमध्ये हाल सल्यान, बझाङ, जाजरकोट, मुस्ताङ, भिर्कोट, माल्नेटा, दर्ना र खुड्डीकोटका गरी आठजना राजाहरू मात्र जीवित छन् । बाँकी नौजना राजाहरू अर्थात् बाजुराका राजा गजेन्द्रबहादुर शाह, दुल्लुका राजा जङ्गबहादुर शाह, गल्कोटे राजा भरतबम मल्ल, थलाहारी राजा जयेन्द्रबहादुर सिंह, गुल्मेली राजा, गह्रकोटे राजा, पर्वते राजा, नुवाकोट राजाका नाति रामविक्रम शाह र प्यूठान, उदयपुरका राजाका छोरा शान्तराज उपाध्याय कार्कीको निधन भइसकेको छ । उहाँहरूको निधनसँगै राजाको पदवी पनि गुमेको छ । राजा रजौटा ऐनले ती राजाहरूले आफ्नो जीवनभरि मात्र राजाको उपाधि पाउने व्यवस्था गरेकाले तिनीहरूका छोरा राजा हुन पाएनन् । अब त्यस्ता अभागी अस्थायी राजाहरूमा भिरकोटे, माल्नेटा, दर्ना र खुड्डीकोटका गरी चारजना मात्र छन् ।

अन्य जीवित चार राजाहरू (सल्यान, बझाङ, जाजरकोट र मुस्ताङ)का सम्बन्धमा चाहिं छुट्टै कानुनी व्यवस्था छ । ती राजाका सन्तान दरसन्तान जेष्ठानुक्रमले राजा भइरहने कुरा राजा रजौटा ऐनमा उल्लेख छ । स्थायी र अस्थायी राजाको प्रावधानले राजाहरूमा दुईखाले वर्ग जन्माएको छ । जीवनभरि मात्र राजा हुन पाउने अस्थायी राजाहरूमा सुषुप्त असन्तुष्टि छ । दर्नाली राजा देवेन्द्रबहादुर शाहका शब्दमा- "राजदरबारसँग नजिक रहेका राजाहरू मात्र स्थायी भए । श्री ५ लाई कहिल्यै नभेटेका मजस्ता राजाहरूलाई पछाडि पारियो ।"

वास्तवमा सो ऐन सुरुदेखि नै विवादास्पद छ । पूर्वमन्त्री तथा लेखक हृषिकेश शाह बताउनु हुन्छ- "मैले अर्थमन्त्री हुँदा (०१७ सालमा) राजा रजौटा प्रथा खारेज गरेँ । त्यसबेला मैले राजाहरूको मान्यता तीन पुस्तापछि स्वत: जाने नियम बनाएँ । तर सूर्यबहादुर थापाले प्रधानमन्त्री हुँदा (०२४ सालमा) ऐन संशोधन गरेर चार राजालाई स्थायी बनाए ।" तर राजा महेन्द्रको इच्छाबेगर प्रम थापा एक्लैले आँट गरेर कसैलाई राजा बनाए भन्ने कुरा पत्यारलाग्दो छैन । जसरी भए पनि सल्यान, बझाङ, जाजरकोट र मुस्ताङका राजाका सन्तानहरूले पनि राजा बन्ने सौभाग्य पाएका छन् ।

त्यसका पछाडि मूलतः नाता सम्बन्धको कारण देखिन्छ । श्री ५ पृथ्वीनारायण शाहकी छोरी विलासकुमारीको विवाह सल्यानी राजा रणभीम शाहसँग भएको थियो । श्री ५ महेन्द्रकी जेष्ठ सुपुत्री अधिराजकुमारी शान्तिको विवाह बझाङी राजा दीपकजङ्गसँग भयो । नारायणहिटीका शाहज्यादीहरूको विवाह उहिलेदेखि सल्यान, बझाङ र जाजरकोटका राजाहरूसँग हुँदै आएको छ । ती 'ज्वाइँ राजा'हरूलाई सोही कारण स्थायी राजा बनाइएको हुनसक्छ । मुस्ताङी राजालाई चाहिं मुस्ताङको भू-राजनैतिक संवेदनशीलतालाई ख्याल गर्दै स्थायी राखिएको बताइन्छ ।

राज्य रजौटासम्बन्धी नियमावली, २०४४ ले सल्यानी, बझाङी, जाजरकोटे र मुस्ताङी राजाका उत्तराधिकारीको नाम श्री ५ समक्ष सिफारिस गर्न राजदरबारसम्बन्धी मन्त्री (जो प्रायशः प्रधानमन्त्री नै हुन्छन्) को अध्यक्षतामा एउटा समिति तोकेको छ । सो समितिको सदस्य सचिवमा श्री ५ महाराजाधिराजका प्रमुख सचिव र सदस्यहरूका मुख्य साहेबज्यू, प्रमुख राजदरबार पदाधिकारी र श्री ५ को सरकारका मुख्यसचिव रहेका छन् ।

राज्य रजौटासम्बन्धी नियमावलीअनुसार हिन्दू धर्ममा नरहेमा, कुनै विदेशी राष्ट्रको नागरिक भएमा, स्वीकृतिबेगर कुनै विदेशीसित विवाह गरेमा, खराब आचरण हुन गएको छ भन्ने कुरा श्री ५ लाई लागेमा र राज्य रजौटा ऐन-नियमावली विरुद्ध कुनै काम गरेमा सल्यानी, बझाङी, जाजरकोटे वा मुस्ताङी राजालाई पदच्यूत गर्न सकिनेछ । सो नियमावलीले यी राजालाई हिन्दू धर्ममा बाँधे पनि मुस्ताङी राजा बौद्ध धर्मावलम्बी भएको तर्फ चाहिँ नजर अन्दाज गरिएको छ ।

## मान्यता नपाएका रजौटा

उल्लिखित १७ जना राजाबाहेक राजा रजौटा प्रथा उन्मूलन गर्दा दर्जनौं राजाहरूको हैसियत आम मानिसमा झऱ्यो । ती १७ जना राजा मात्र किन थमौतिमा परे र अरूलाई चाहिं कुन आधारमा खारेज गरियो भन्ने कुरा आफैंमा विवादास्पद छ । विगतमा शाहवंशीय राजाहरूले गरेको एकीकरण अभियानमा सघाउने वा आत्मसमर्पण गर्ने राज्यका राजाहरूलाई मात्र ०१७ सालमा मानार्थ राजाको दर्जा दिएको अनौपचारिक भनाइ छ । तर एकीकरणमा सघाउने सबै राजाले सो दर्जा पाएनन् । रुकुम र अछामका राजा यसका उदाहरण हुन् ।

शाहवंशीय श्री ५ महाराजाधिराजबाट मान्यता पाउने १७ जना राजाहरूमा आधाभन्दा बढी शाह थरकै हुनुले पनि एकखाले सङ्केत दिन्छ । जबकि जनजाति समुदायका मगर, गुरुङ, राई वा लिम्बू राजामध्ये कसैले पनि मान्यता पाएनन् । अहिले सो समुदायबाट साम्प्रदायिक स्वर निस्कनुमा त्यसबेला उनीहरूलाई गरिएको उपेक्षाको भूमिका छ कि छैन भन्ने कुरा खोजीको विषय बनेको छ ।

श्री ५ पृथ्वीनारायण शाहले वि.सं. १८०० देखि थालेको एकीकरण अभियान उहाँका नाति रणबहादुर शाहको पालामा आइपुग्दा (वि.सं. १८५० सम्ममा) बाइसी-चौबीसी राज्यहरू नेपालको अधिनमा आइसकेका थिए । त्यस क्रममा नेपालसामु घुँडा टेक्ने बाइसी-चौबीसी राजाहरू तत्कालै नामेट भएनन्, बरु उनीहरूमध्ये केहीले अहिले पनि मानार्थ राजाको सम्मान पाइरहेका छन् । तर जसले युद्ध गरे, ती राज्यहरू नेपालमा विलय भए । त्यहाँका राजाहरू कोही भागे, कोही युद्धमा मारिए, जसलाई पछ्याउन इतिहासले पनि आवश्यक ठानेन ।

## आधुनिक नेपालका बाइसी-चौबीसी राजाहरू

| राजा (मर्यादाक्रमअनुसार) | उमेर | राज्य | जीवन-भत्ता (मासिक) | सम्प्रति | स्थायी वसोवास |
|---|---|---|---|---|---|
| १ गोपेन्द्रवहादुर शाह | ५३ वर्ष | सल्यान | रु.८,६६५/०५ | प्रमुख, छायाचित्र शाखा राजदरवार | डिल्लीवजार, काठमाडौं |
| २ विनोदविक्रम सिंह | ३२ वर्ष | वझाङ्ग | रु. ५,२४८/१५ | सञ्चालक, होटेल शेर्पा | कमलादी, काठमाडौं |
| ३ प्रकाशविक्रम शाह | ५८ वर्ष | जाजरकोट | रु. ४,६११/९५ | सिनियर पाइलट तथा फ्लाइट एडभाइजर, शाही नेपाली सेना | भाटभटेनी, काठमाडौं |
| ४ भिग्मीपरवल विष्ट | ६६ वर्ष | मुस्ताङ्ग | रु. ४,६११/९५ | लेफ्टिनेन्ट कर्णेल (मानार्थ) शाही नेपाली सेना | लोमन्थाङ्ग, मुस्ताङ्ग |
| ५ तारकवहादुर शाह | ९५ वर्ष | भिरकोट, स्याङ्जा | रु. १,५५१/८० | निवृत्ति जीवन | कालीमाटी, काठमाडौं |
| ६ योधारजङ्ग शाह | ६६ वर्ष | माल्नेटा, सल्यान | रु १,२३३/५० | " | कमलपोखरी, काठमाडौं |
| ७ देवेन्द्रवहादुर शाह | ६१ वर्ष | दर्ना, अछाम | रु १,२३३/५० | पूर्व रापंस | ठाकुरद्वारा, वर्दिया |
| ८ फत्यप्रचण्डवहादुर सिंह | - | खुड्डीकोट, रोल्पा | रु १,२३३/५० | - | खुड्डीकोट, रोल्पा |

<u>नोट :</u> *प्रस्तुत सामग्रीमा उल्लिखित राजाहरूमध्ये सल्यानी राजा गोपेन्द्रबहादुर शाह र खुड्डीकोटे राजा फत्यप्रचण्डवहादुर सिंहको हाल निधन भइसकेको छ ।*

पूर्व परराष्ट्रमन्त्री के.वी शाही, पूर्व सचिवहरू शेरबहादुर शाही र वीरबहादुर शाही त्यस्तै अभागी राजाका सन्तानहरू हुनुहुन्छ । डोटेली राजा दीप शाहीका सन्तान के.वी. शाही अहिले संयुक्त प्रजातन्त्र पार्टीका अध्यक्ष रहेर पूर्व प्रम डा. के.आई. सिंहको राजनीतिक विरासत सम्हालिरहनुभएको छ । त्यसो त डा. सिंह स्वयं डोटेली राजवंशका सन्तान हुनुहुन्थ्यो । के.बी. शाहीका अनुसार वि.सं. १८४७ मा नेपाली फौजसँग हारेपछि डोटेली राजा दीप शाही भागेर सिंघाही (हाल भारत, उत्तरप्रदेशको खैरिगढ) पुगेका थिए, जहाँबाट उनका एक सन्तान सुरजबहादुर शाही केही वर्षअघि उत्तर प्रदेशको विधायक पनि भए ।

इतिहास गुमाउन पुगेको बाँफी (रुकुम) राज्यका एघारौँ पुस्ताका राजा खम्बु मल्ल हाल पुख्यौंली थलोमै रहेको र दङ्गाली राजाका सन्तान विजयबहादुर सिंह भारतको विलहरा (सागर) भन्ने ठाउँमा बसेको कुरा डा. राजाराम सुवेदीद्वारा लिखित *पश्चिम नेपालको मध्यकालीन इतिहास*मा उल्लेख छ । श्री ५ का ज्वाइँ कुमार खड्गविक्रम शाह र कलाकार नीर शाह पनि मान्यता नपाएका मुसिकोटे राजा नोदविक्रम शाहका नातिहरू हुनुहुन्छ ।

उता पूर्वी भेगका किराँतहरूलाई चाहिं रजौटाको दर्जा नदिए पनि त्यस्तै प्रकृतिको किपट प्रथाको अधिकार दिइएको थियो, जुन एकखाले स्वशासन थियो । तर श्री ५ महेन्द्रको पालामा भूमिसुधार लागु भएपछि सो अधिकार स्वत: खोसियो । यसैबीच नेपालका फरार अभियुक्त तथा भारतको लोकसभाका सांसद मणिकुमार सुब्बाले स्वयंलाई श्री ३ को रूपमा प्रस्तुत गर्दै आफू दुरम्देन (ताप्लेजुङ्ग) को राजकुमार भएको हास्यास्पद प्रचार गराइरहेका छन् ।

## सामन्तवादको अवशेष

पश्चिम भेकका भुरे-टाकुरे राजाहरू चार दशकअघि राज्यच्यूत भए पनि त्यहाँको सामाजिक, आर्थिक र राजनीतिक क्षेत्रमा उनीहरूको पकड हालसम्म कसिलो छ । मुस्ताङी राजा झिग्मीपरवल विष्टको एकमात्र उदाहरणले यसको पुष्टि गर्छ । उत्तरी मुस्ताङका ६ वटा गाविसहरू सम्मिलित मुस्ताङी राज्यमा राजा विष्टको प्रत्यक्ष शासन अझै चल्छ । अहिले पनि त्यहाँबाट कुनै मुद्दा हम्मेशी सदरमुकाम जोमसोम पुग्दैन । राजाद्वारा नै मुद्दा मामिलाको छिनोफानो गरिन्छ । त्यहाँ शोषणका अनेक रूपहरू विद्यमान छन् । राजाविरुद्ध बोल्नेलाई स्वेच्छाचारी ढङ्गबाट छेप्पा (जरिवाना) लगाइने गरेको भुक्तभोगीहरू बताउँछन् ।

अरू राजाका शोषण-कथाहरू पनि नसुनिएका हैनन् । राजा रजौटाको बाहुल्यता भएको ठाउँमा सामन्तवादी मानसिकता बलियो देखिएको छ । सुदूर पश्चिमका निर्धन ठकुरीले पनि राजा भनिन चाहनु त्यही मानसिकताको उपज हुनुपर्छ ।

अर्कोतर्फ, सामाजिक विभेद चर्को रहेको र राजा रजौटाको प्रभुत्व भएका ठाउँहरूमा नै अहिले जनयुद्धको आगो सल्कनु संयोग मात्र नहुनसक्छ । उदाहरणका लागि सल्यान जिल्लामा सल्यान, दार्मा, थुनी, फलावाङ र माल्नेटा, रुकुम जिल्लामा रुकुम, मुसिकोट, बाँफी, जहारी र गोताम, रोल्पा जिल्लामा खुड्डीकोट र गजूल तथा जाजरकोट जिल्लामा जाजरकोट राज्य अस्तित्वमा थिए । माओवादीहरूको राजधानी मानिएका यी चार जिल्लामा मात्र १३ जना रजौटाहरू छन् अर्थात् माओवादीहरू त्यहाँ प्रभावशाली छन्, जहाँ राजा रजौटाको शोषण चरम सीमामा पुगेको थियो । रजौटाहरूको नामोनिशान नरहेको पूर्वी नेपालमा माओवादीहरू कमजोर रहनुले पनि त्यही जनाउँछ ।

तर कतिपय राजाहरू माओवादीको नजरमा सामन्त ठहरिएका छैनन्, जसरी केही राजाहरू गणतन्त्रवादी माओवादीको विरोध गर्दैनन् । जाजरकोटे राजा प्रकाशविक्रम शाहको भनाइ छ- "मान्छेले खान नपाएपछि हतियार उठाउँछ । जाजरकोटका मान्छे खान नपाएर माओवादी बनेका हुन् । जनयुद्ध रोक्ने हो भने त्यहाँ पुलिस होइन चामल पठाउनु पर्छ ।" अझ दर्नाली राजा देवेन्द्रबहादुर शाह त न्याय नपाए आफू पनि माओवादी बन्ने उद्घोष गर्नुहुन्छ ।

अर्कोतर्फ, पश्चिम नेपालको राजनीति अझै पनि घोषित अघोषित रजौटाहरूकै नियन्त्रणमा छ । पूर्व प्रम तथा राष्ट्रिय प्रजातन्त्र पार्टीका सांसद लोकेन्द्रबहादुर चन्द, काँग्रेसका सांसदहरू नरेशबहादुर सिंह, गोपालजीजङ्ग शाह, दीपकजङ्ग शाह, हस्तबहादुर मल्ल र चक्रबहादुर शाही एवं राजाविरोधी पार्टी मालेका सांसद हिक्मतबहादुर शाही आदि त्यहाँका अघोषित राजाहरू नै हुन् । यी ठकुरी सांसदहरूको पुराना राजघरानसँग टाढा वा नजिकको सम्बन्ध रहेको छ । तर घोषित मानार्थ राजाहरू चाहिँ दलीय राजनीतिमा खुलेर लागेको देखिन्न ।

पञ्चायतकालमा दर्नाली राजा देवेन्द्रबहादुर शाह, विमकोटे राजा जनकबहादुर शाह, दुल्लुका राजाका छोरा केशवबहादुर शाह, बझाङका गगनजङ्गबहादुर सिंह, मुगूका कृष्णबहादुर मल्ल आदि तत्कालीन राष्ट्रिय पञ्चायतको सदस्य एवं मन्त्री पनि भएका थिए । ०१५ सालको संसदीय निर्वाचनमा थुप्रै राजाहरू नेपाली काँग्रेसबाट उम्मेदवार भए । त्यसमध्ये तत्कालीन जाजरकोटे राजा स्वयंप्रकाश

विक्रम शाह गल्कोटे राजा भरतबम मल्ल त काँग्रेसका सांसद पनि भए ।

तर ०१७ सालमा काँग्रेसले राजा रजौटा प्रथा खारेज गर्ने पहल गरेपछि चाहिं धेरै राजाहरू सो पार्टीसँग टाढिए । त्यसो त बिर्ता उन्मूलन र भूमिसुधार सम्बन्धी काँग्रेसका कार्यक्रमले पनि यिनलाई चिढ्याएको थियो । काँग्रेसभित्र बी.पी. र सुवर्ण गुटको जन्म नै तिनै कार्यक्रमका कारण भएको तर्क गर्नेहरू पनि प्रशस्त छन् ।

विगतमा काँग्रेसले गरेको राणा शासनविरोधी संघर्षमा रजौटाहरूको भूमिका उल्लेखनीय थियो । रजौटासम्बन्धी जानकार पत्रकार प्रेम कैदी भन्नुहुन्छ- "राणाहरूबाट शोषित र अपमानित भएका कारण रजौटाहरूले सात सालको क्रान्तिमा साथ दिएका थिए ।"

त्यसबखत वर्माबाट हतियार लिएर आउने क्रान्तिकारी युवा थीरबम मल्ल र अर्का युवा नेता महेन्द्रविक्रम शाह क्रमश: गल्कोट र मुसिकोटका राजकुमारहरू थिए । मुसिकोटे राजा नोदविक्रम शाह सात सालपछि पहिलो प्रहरी प्रमुख भए ।

## विखण्डनको खतरा

वर्तमान नेपाल अधिराज्य ५० भन्दा बढी टुक्रे राज्यहरूको एकीकृत स्वरूप हो । सिङ्गो राष्ट्र निर्माण भएको दुई शताब्दी बितिसक्दा पनि सुरक्षित रहेका पुरातन राज्यका राजाहरूमा कतै पृथकतावादी मनसाय त पलाएको छैन ?

मुस्ताङी राजा झिग्मीपरवल विष्टको सन् १९९५ जुलाईको अमेरिका यात्रा यस दृष्टिकोणबाट विवादास्पद रह्यो । हिमालय फाउण्डेशन र अमेरिकी सिनेटर डेनी फेइनस्टेइनको सौजन्यमा अमेरिका पुग्नुभएका मुस्ताङी राजाले त्यहाँ आफूलाई स्वतन्त्र राष्ट्रको राष्ट्राध्यक्षको रूपमा प्रस्तुत गरेको चर्चा चल्यो । त्यसबेला सन् फ्रान्सिस्को क्रोनिकल, सिकागो ट्रचुबुन, एनबीसीलगायतका अमेरिकाका पत्र-पत्रिका र टीभी च्यानलहरूले मुस्ताङ स्वतन्त्र राष्ट्र भएको भ्रम फैलाएको थिए ।

मुस्ताङी राजा अमेरिकाबाट फर्केकोलगत्तै शाही नेपाली सेनाले उहाँको लोमन्थाङस्थित दरबारबाट दर्जनौंको संख्यामा अवैध हतियारहरू बरामद गरेको समाचार पनि प्रकाशमा आयो । विगतमा मुस्ताङी राजाले खम्पा विद्रोहलाई सघाएको आरोप लागेको पृष्ठभूमिमा ती हतियारहरू 'फ्रि तिब्बत' गतिविधिसँग

सम्बन्धित रहेको दावी केहीले गरे । स्मरणरहोस्, सेनाको मानार्थ लेफ्टिनेन्ट कर्णेल भएवापत नारायणहिटी राजदरबारले उहाँलाई पाँचवटा थ्री-नट-थ्री राइफल, एउटा स्टेनगन र रिभोल्वर पनि दिएको छ । मुस्ताङी राजाबाट विखण्डनको चेष्टा भएको हो कि हैन भन्नेबारे सरकारले कहिल्यै केही बताउन चाहेन । मुस्ताङी राजकुमार भिग्मी सिंघी अमेरिका भ्रमणको विवाद आफ्ना दुश्मनहरूको खेल भएको दावी गर्नुहुन्छ ।

सात सालताका डोटी राज्य फर्काउन तम्सेका डोटेली राजाका एक सन्तानलाई गौरीलाल नामका सरकारी मान्छेले काटेका थिए । तीन दशकअघि बभाङमा पृथकतावादी विद्रोह गर्ने ओमजङ्ग पनि मारिए । अहिलेका राजाहरू डोटी वा बभाङको घटना दोहोऱ्याउन चाहँदैनन् । बभाङी राजा विनोदविक्रम सिंह भन्नुहुन्छ- “अहिले नेपाल नै सिक्किम होलाजस्तो भइसकेको छ । यस्तो अवस्थामा हामी स्वतन्त्र हुन खोजेर देश गुमाउन चाहँदैनौं ।”

तर केही राजाहरूमा पृथकताको चाहना जीवितै छ । दर्नाली राजा देवेन्द्रबहादुर शाह चुनौतीको भाषामा भन्नुहुन्छ- “मैले पुरानो राज्य फर्कियोस् भन्ने सोचेको छैन । त्यस्तो हुन नदिने काम सरकार चलाउनेहरूको हो । तर उनीहरूकै कारण नेपाल टुक्रने सम्भावना बढ्दैछ ।”

दर्नाली राजाको सङ्केत माओवादी आन्दोलनतर्फ थियो । माओवादीहरूको आधार इलाका बढाएर मुक्त क्षेत्र बनाउने अभियान र पृथकता चाहने राजाहरूको इच्छा, कुनै विन्दुमा पुगेर मेल खाएको खण्डमा त्यो नेपालको निम्ति दुर्भाग्य ठहर्नेछ ।

## औचित्य छैन

मानार्थ राजाहरू किन र कसका लागि राखिएका हुन्, यसवारे न ऐन-कानून बोलेको छ, न त सम्बन्धित निकाय मुख खोल्न चाहन्छन् । राजा रजौटासम्बन्धी नियमावलीमा सल्यानी, बभाङी, जाजरकोटे र मुस्ताङी राजाले ‘राजपरिवार, राष्ट्र र नेपाली समाजलाई अहित हुने कुनै कुरा थाहा हुन आए वा देखिएमा श्री ५ का हजुरमा जाहेर गर्नुपर्ने’ कर्तव्य तोकिएको छ ।

सो प्रावधानले मानार्थ राजाहरूलाई सोझै श्री ५ को नियन्त्रणमा राखेको छ । तर उनीहरूको भूमिका सधैंभरि अस्पष्ट देखिन्छ । श्री ५ सुरेन्द्रवाट कास्की र लमजुङ्को महाराजा एवं श्री ३ को पदवी लिएका तत्कालीन राणा प्रधानमन्त्री जङ्गबहादुरले त्यो पद आफ्ना भाइ र छोराहरूमा जेष्ठताका आधारमा सर्ने नियम

बनाइदिएको फलस्वरूप २००७ सालसम्म राणाहरू वंशानुगत आधारमा महाराजा भए । तर औपचारिक रूपमा 'श्री ३' हरू 'श्री ५' भन्दा तल नै रहे । अहिलेको राजा रजौटा प्रथा सोही परम्पराको परिष्कृत रूप हो ? पूर्व परराष्ट्रमन्त्री के.बी. शाहीको ठहर छ - "अहिले श्री ५ महाराजाधिराजले आफ्नो 'श्री ५' लाई पुष्टि दिन चार राजालाई स्थायी रूपमा राखिबक्सेको होला । चार राजाका महाराजा होइबक्सेकोले मौसूफलाई श्री ५ महाराजाधिराज भनिएको हुनसक्छ ।" हालसम्मको सबैभन्दा विश्वासयोग्य आधार पनि यही देखिएको छ । सल्यान, बझाङ, जाजरकोट र मुस्ताङका गरी चार राजालाई स्थायी राख्नुको वास्तविक अर्थ चाहेका खण्डमा राजदरबारले नै प्रष्ट्याउन सक्छ ।

त्यसो त संसदले राज्य रजौटा ऐन खारेज वा संशोधन गरेर राजाहरूको वर्तमान हैसियत परिवर्तन गर्न नसक्ने होइन । तर त्यसतर्फ पहल गर्न कसैले आवश्यक ठानेको छैन । कुनै पनि राजनीतिक पार्टीले रजौटासम्बन्धी दृष्टिकोण सार्वजनिक गरेका छैनन् । रजौटाहरूको राज्य सल्यानका सांसद छविप्रसाद देवकोटाको धारणा छ - "नेपाल एकीकृत भइसकेपछि पनि पुराना राजाहरूलाई मान्यता दिइरहनुको कुनै औचित्य छैन । तिनीहरूलाई दिइने राजभत्ता अनावश्यक हो । हाम्रो संविधानले त्यस्ता मानार्थ राजाहरूको व्यवस्था पनि गरेको छैन ।"

स्मरण रहोस्, छिमेकी भारतमा संविधानले नै मानार्थ राजाहरूलाई मान्यता दिएको छ । तर हाम्रो संविधानले एकमात्र राजा 'श्री ५'को व्यवस्था गरेको छ । नेपालको वास्तविकता के हो भने ०४६ सालमा अधिकार कटौतीमा परेको शाह राजवंश पनि सबैलाई स्वीकार्य छैन । देशका प्रायः सबै कम्युनिष्ट पार्टीहरू सैद्धान्तिक रूपमा गणतन्त्रवादी हुन् । कांग्रेसभित्र पनि वेलावखत राजतन्त्र विरोधी स्वरहरू सुनिन्छन् । त्यस्तो अवस्थामा भुरे-टाकुरे राजाहरूलाई निरन्तरता दिनुपर्ने राजनैतिक औचित्यता कुनै हालतमा सिद्ध हुन सक्दैन । वर्तमानमा यी राजावाट राष्ट्रलाई थोरै व्ययभारबाहेक कुनै हानि नदेखिए पनि भोलि ती समस्याका स्रोत बन्न सक्छन् । कतिपय देशमा राजनैतिक सङ्कट गहिरिएको बेला पुराना राजाहरू नै विखण्डनको कारक बनेका घटनाहरू हाम्रा नीति निर्माताहरूले भुल्नु हुँदैन ।

*(मंसिर १, २०५५ को 'काठमाडौँ टुडे'मा छापिएको ।)*

■

# नेपालगञ्ज धार्मिक कचिङ्गलको विस्फोटक थलो

**- शिव गाउँले**

सहरमा झगडा सुरु भएको खबर सुनेर परवेज र मुन्नी फेरि झस्किए । हिन्दू परिवारकी मुन्नी चौधरी र मुस्लिम परिवारका परवेज अली सिद्धिकी विवाह बन्धनमा बाँधिएको नौ वर्ष मात्र भयो । जब सहरमा हिन्दू र मुस्लिमको नाममा लडाइँ हुन्छ, परवेज र मुन्नी दोहोरो चिन्तामा पर्दछन् । त्यसबेला उनीहरूका आफन्तकाबीच मारपीट चल्छ । आफन्तले आफन्तको हत्या गर्छ । नातेदारले नातेदारमाथि गोली चलाउँछ । हुनसक्छ, एक धर्ममाथि आस्था राख्नेले अर्को धर्म मान्नेको घरमा आगो सल्काउँछ । यस्तो भयावह र दर्दनाक स्थिति देखिसकेका परवेज र मुन्नी जे नहोस् भनेर मनमनै प्रार्थना गरिरहेका थिए, आखिर त्यही भयो । झगडा बढ्यो, तोडफोड हुन थाल्यो, घरहरू जल्न लागे अनि कर्फ्युको घोषणा भयो । नेपालगञ्जमा फेरि एकपटक साम्प्रदायिक दङ्गा भयो ।

परवेज र मुन्नीले भोग्नुपरेको पीडा सिङ्गो नेपालगञ्ज नगरले पनि बेलाबेलामा भोग्नुपरेको छ । निर्वाचनमा मतदान गर्ने विषय होस् वा तरकारी खरिद गर्दा

भाउ नमिलेकामा होस् वा मन्दिर र मस्जिदका प्रार्थना सभाहरूबाट निस्केको आवाजमा कसैलाई चित्त नबुझेको विषय होस्, नेपालगञ्जमा त्यस्ता विवादले साम्प्रदायिक झगडाको रूप लिन कुनै बेर लाग्दैन । सामान्य विवादपछि तुरुन्तै सडकमा 'जय श्री राम'को नारा घन्कन्छ । त्यसलाई प्रतिकार गर्न 'अल्ला हो अकबर' भन्दै अर्काथरी सडकमा निस्कन्छन् । धर्मको नाउँमा हुने हिंसात्मक भिडन्तहरूले बाँके जिल्लाको सदरमुकाम नेपालगञ्ज सहरलाई घरिघरि ध्वस्त पारेको छ ।

## पछिल्लो दङ्गा

जेठ ४ गते मध्यान्हसम्म नेपालगञ्ज नगरको जनजीवन सामान्य थियो । पहिलो चरण अन्तर्गत भइरहेको स्थानीय निकायको निर्वाचनमा नगरवासीहरू सहभागी भइरहेका थिए । मतदान शान्तिपूर्ण रूपमा चलिरहेको थियो । त्यसैबेला वडा नं. ९ स्थित महेन्द्र माध्यमिक विद्यालयको भवनमा रहेको मतदान केन्द्रमा मतदान गर्न गएका कमालुद्धिन अन्सारीको उमेरको विषयमा विवाद उठ्यो । मतदाता नामावलीमा २० वर्ष उमेर उल्लेख गरिएको अन्सारीको उमेरप्रति शिवसेना समर्थित उम्मेदवारका प्रतिनिधिहरूले आपत्ति जनाउँदै उनलाई मतदान गर्न दिएनन् ।

त्यसपछि भनाभन र विवाद सुरु भयो । होहल्ला हुन थाल्यो । मतदान केन्द्रबाट वृद्ध र महिलाहरू लाइन छाडेर घरतिर दौडिए । झगडा चर्किंदै गएपछि कसैले मतपेटिकामा लात्तीले हान्यो । अनि सुरु भयो भिडन्त । इँटा र ढुङ्गा बर्सिए । सिङ्गै कुम्हारन टोलमा आतङ्क मच्चियो ।

कमालुद्धिन अन्सारीको उमेर १२ वर्षभन्दा माथि नभएको ठोकुवा गर्दै शिवसेना नेपाल मध्यपश्चिमाञ्चल क्षेत्रका कमान्डर किरण बुढाथोकी भन्छन्- "जानीजानी १२ वर्षको बच्चालाई हामीले कसरी मतदान गर्न दिने ?"

तर बुढाथोकीको भनाइलाई अस्वीकार गर्दै कमालुद्धिन आफैं भन्छन् - "म कति वर्षको भएँ भन्ने कुरा मतदाता नामावली र मसँग भएका कागजातबाट पुष्टि हुन्छ ।" उनी आफ्नो भाइ समेत अठार वर्ष पुगिसकेको बताउँछन् ।

झगडा भएको दिन सोही मतदान केन्द्रमा खटिएका एकजना सरकारी कर्मचारी उमेर सम्बन्धी विवादलाई निहुँ मात्र भएको बताउँछन् । "मुस्लिमहरूको मत

सङ्गठित रूपमा नेकपा एमालेका उम्मेदवारहरूको पक्षमा खस्दैछ भन्ने सुइँको पाएपछि शिवसेना समर्थित विपक्षी पार्टीहरूले एउटा बहाना खोजे, नत्र यो झगडा वडा नं. १२ मा किन भएन ? प्रष्ट छ वडा नं. ९ मा मुस्लिमहरूको बाहुल्य छ" ती कर्मचारी भन्छन् ।

## चाँद अलीको गोली

तर विवाद वडा नं. ९ मा मात्र सीमित रहेन । नजिकै रहेको वडा नं. ११ मा पनि होहल्ला सुरु भयो। मुसलमानहरूले बुथ कब्जा गरे भनेर शिवसेना समर्थकहरू त्यता दौडिए । त्यसैबेला त्रिभुवन चोक र नगरभवन जाने बाटामा भारतबाट आएका चाँद अलीले गोली चलाए ।

यसरी वडा नं. ९ बाट सुरु भएको झगडा वडा नं. ११ मा पुग्दा नपुग्दै गोली हानाहानमा परिणत भयो। वडा नं. ९ स्थित चाँदनी वर्माको घरमा बसेका हिन्दू युवाहरू पनि कट्टा लिएर सडकमा ओर्लिएपछि स्थिति झनै अशान्त भयो । यो क्रम बढेर १४ र १५ नं. वडामा पनि पुग्यो । अपरान्ह ४ बज्दानबज्दै नेपालगञ्ज नगरपालिकाका ८,९,११,१४ र १५ वडाको मतदान स्थगित मात्र भएन ती क्षेत्रमा स्थानीय प्रशासनले कर्फ्यु आदेश समेत जारी गऱ्यो ।

चाँद अली र उनका साथीहरूलाई, भारतबाट कसले ल्यायो भन्ने विषयमा राजनैतिक पार्टीहरूमा विवाद छ । तर उनी नेकपा एमालेका तर्फबाट उपमेयर पदमा (हाल निर्वाचित) उम्मेदवार बनेका समसुद्धिन सिद्धिकीलाई सहयोग गर्न नेपाल आएका थिए भनिन्छ । चाँद अली, सिद्धिकीका भाइ हुन् । उनी लखनऊ विश्व विद्यालयको बलरामपुर छात्रावासमा बस्छन् र 'काम परेको बेला' नेपाल आउने गर्छन् । भनिन्छ, उनी उत्तर प्रदेशका पूर्व मुख्यमन्त्री मुलायमसिंह यादवको निकट सहयोगीका रूपमा काम गर्दछन् ।

रोचक कुरा के छ भने चाँद अली वडा नं. ११ को वडाअध्यक्ष नेपाली काँग्रेसका उम्मेदवार निजामुद्धिन सिद्धिकीका पनि सहोदर दाजु हुन् । दाजु एमालेको तर्फबाट उपमेयर, भाइ काँग्रेसको तर्फबाट वडाअध्यक्षको उम्मेदवार रहेको अवस्थामा चाँद अलीले गोली चलाएर कसलाई सहयोग गर्न खोजेका थिए त ? यसबारे आरोपप्रत्यारोप अझै सकिएको छैन । नेपाली काँग्रेस बाँकेका पूर्व जिल्ला सभापति सनत रेग्मी भन्छन्- "हामी जनतामा विश्वास राख्ने भएका कारण कुनै गुण्डाहरूको आयातमा विश्वास गर्दैनौं ।" नेकपा एमालेका नेताहरू पनि आफ्नो पार्टीले चाँद

अलीलाई नल्याएको बताउँछन् । सो पार्टीका जिल्ला सचिव देवराज भार भन्छन्- "पार्टीले बोलाउने भनेर त्यस्तो कुनै निर्णय गरेको छैन र बोलाएको पनि होइन ।"

## कर्फ्यु र उत्पात एकसाथ

जेठ ४ गते साँझ नेपालगञ्ज सहरमा सबै भागहरूमा कर्फ्यु जारी गरियो । सडकमा प्रहरीहरू गस्तीमा निस्किए । सर्वसाधारण जनता शान्तिसुरक्षा कायम हुने आशामा बसे, तर स्थिति शान्त भएन । घरघरमा आगो सल्काउन थालियो ।

सहरमा कर्फ्यु लागेपछि तोडफोड र आगलागीका घटनाहरू हुनुलाई नेपालगञ्जवासीहरू अनौठो मान्छन् । पत्रकार पन्नालाल गुप्ता भन्छन्- "अन्यत्र आगलागी र तोडफोड रोक्न कर्फ्यु लाग्छ र त्यस्तो काम रोखिन्छ, तर हामीकहाँ त कर्फ्यु लागेपछि आगलागी र तोडफोड भएको छ ।"

नेपालगञ्ज नगर र यसको वरिपरि गरी करिब ९० वटा घर टहराहरूमा आगो लगाइएको छ र तिनलाई लुटिएको छ । ती घरहरूमा लाखौंको कपडापसलदेखि लिएर साइकल मर्मत केन्द्र, आलु टमाटर बेच्न राखिएका घुम्तीपसलहरू समेत परेका छन् । आगलागी र लुटपाटमा करिब ९० प्रतिशत घरटहराहरू मुस्लिमहरूका परेका छन् भने १० प्रतिशत क्षतिग्रस्त घरहरू हिन्दूहरूका छन् । कर्फ्युको घोषणा भइसकेपछि सर्वप्रथम त्रिभुवनचोकमा माधुरी इम्पोरियल जलिल भन्ने पसलमा सटर तोडेर आगो लगाइयो । ५ गते नेपालगञ्ज वडा नं. ५ गणेशपुरमा कवाडियाको घरमा आगो लगाइयो । त्यसैगरी कर्फ्यु जारी रहेकै अवस्थामा ६ गते वडा नं. १६ स्थित कृषि विकास बैंक, अगाडि मुस्लिमहरूको आरन र पानपसलमा आगो लगाइयो । ७ गते वडा नं. १२ स्थित भेरी अञ्चल अस्पताल अगाडिको बाटामा रहेका पसलहरूमा हिन्दू-युवाहरूले आगो लगाए । वडा नं. ४ स्थित सदर लाइनमा फारुक अहाम सिद्धिकीको एम.इसा कन्सर्न नामक कपडा पसलमा ६ र ७ गते आगो लगाउँदा पूरा नजलेकाले ८ गते फेरि आगो लाएर त्यसलाई नष्ट गरियो ।

आगलागी र तोडफोडका घटनाहरूबाट हिन्दूहरू पनि पीडित नभएका होइनन् । मुसलमानहरूको तुलनामा थोरै भएपनि उनीहरूका घरमा पनि आगो

लगाइयो, तोडफोड गरियो र सामान लुटियो । नगरपालिका वडा नं. १० का ५० वर्षीय सुन्दरलाल वैश्य भन्छन् - "मेरो कपडा पसलमा मुस्लिमहरूले आगो लगाइदिए, लाखौँको क्षति भयो । उनीहरूले मेरो भे.अ.भ्र. १६०६ नम्बरको मोटरसाइकल पनि लगे ।"

नेपालगञ्जमा शुरुमा जेठ ४ गते बेलुका ४ बजेदेखि नै तथा जेठ ५ र ६ गते क्रमश: ६ र७ बजेबाट कर्फ्यु लागु गरिएको थियो । तर कर्फ्यु जारी रहेकै अवस्थामा नेपाल भारत सीमाको गाउँ टङ्कपसेरी निवासी मुस्लिम युवा फजल कवडियाको छुरा प्रहारद्वारा हत्या गरिएको थियो । उनको लाश जेठ ५ गते फेला पर्‍यो । अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) का मध्य तथा सुदूर पश्चिमाञ्चल क्षेत्रका संयोजक सूर्यप्रकाश भट्टराई भन्छन्- "हामीले फजल कवाडियाको हत्या भएको तत्कालै थाहा पायौँ र स्थानीय प्रशासन तथा राजनैतिक पार्टीलाई भन्यौँ तर उनीहरूले वास्तै गरेनन् । अझ प्रशासनले त तीनदिनसम्म यसबारे सार्वजनिक कुनै जानकारी गराएन ।" कवाडियाको हत्या हिन्दू युवाहरूद्वारा गरिएको अनुमान छ, तर अहिलेसम्म त्यस सम्बन्धमा कसैलाई पनि कारवाही गरिएको छैन ।

नगरमा जारी गरिएको कर्फ्यु आदेशको उल्लङ्घन गर्दा १९ जनालाई पक्राउ गरी १ महिना कैद गर्ने फैसलाका साथ जेल पठाइएको थियो । तर उनीहरू पुनरावेदन अदालतको आदेश बमोजिम जेल पठाइएको दुई दिनभित्रै रिहा गरिए । यसरी पक्राउ परेर रिहा हुनेहरूमा त्रिभुवन कलवार, नन्कु चिडिमार, दयाराम चिडिमार, मदनकुमार श्रीवास्तव, राजु सरदार, ललित रौनियार, राजकुमार रौनियार र मनोज श्रेष्ठ छन् । त्यस्तै जिल्ला प्रशासन कार्यालयका अनुसार मरोज खाँ पठान, तिलक मानन्धर, नारायण थापा, ओमप्रकाश हलुवाइ, मुन्सा चौधरी, अब्दुल फरिद, अनिल शाक्य, आनन्द गुप्ता, सलाउद्धिन जसगढ, मन्नु खाँ पठान र मोहनलाल श्रीवास्तवलाई पनि पक्राउ गरिएकोमा अदालतको आदेश बमोजिम उनीहरूलाई रिहा गरिएको थियो ।

जेठ ४ गते अपरान्ह र त्यसपछिका घटनाहरूमा जम्मा २७ जना व्यक्तिहरू घाइते भएका थिए । भेरी अञ्चल अस्पतालबाट प्राप्त जानकारी अनुसार प्राय: सबैजसो घाइतेहरू सामान्य उपचारपछि तत्कालै घर फर्किएका थिए । घाइते हुनेहरूमा शिवकुमार गुप्ता, धर्मेन्द्र सोनी गुप्ता, दीपकुमार गुप्ता, कुमार सफेर वैश्य, विनोद गुप्ता, अनिलकुमार गुप्ता, सन्तोष गुप्ता, विनोद अग्रवाल, मीना तमौली, दीपेश जङ्ग शाह, पन्छिलाल गुप्ता, प्रमोदकुमार राठौर, अनिलकुमार,

अनुराग र सुरेन्द्र मल्ल लगायत २७ जना छन् । चाँद अलीद्वारा प्रहार गरिएको गोलीबाट शिवसेना नेपालका क्षेत्रीय सभापति किरण बुढाथोकी पनि घाइते भएका थिए ।

## भिडन्तको इतिहास

नेपालगञ्जमा भएको यस पटकको भिडन्त पहिलो साम्प्रदायिक भिडन्त थिएन। हिन्दू-मुस्लिमबीचको विवादले यसअघि पनि पटकपटक यस्तो स्थितिको सृजना भएको थियो । नेपालमा हिन्दू-मुस्लिमबीच साम्प्रदायिक कलहको उल्लेख्य घटनाका रूपमा सन् १९७१ मा भएको रौतहटको बुसाहा-काण्ड मानिन्छ । त्यसबेला गोवध गरेको आरोपमा हिन्दूहरूको जमातद्वारा एकजना मुसलमानको हत्या भएपछि बारा र रौतहटमा दङ्गा मच्चिएको थियो ।

राजपरिषद् सदस्य इकवाल इराकी भन्छन्- "राणाकालमा पनि पीपलको बोट काटेको विषयमा विवाद भएको थियो । तर पछि हिन्दू र मुस्लिम पक्षका विद्वानहरू बसेर यो समस्या समाधान गरेका थिए भन्ने हाम्रा पुर्खाहरूको भनाइ छ ।"

नेपालगञ्जमै २०३१-३२ सालतिर एउटी महिलामाथि हातपात गरेको भन्ने विषयमा हिन्दू र मुसलमानबीच विवाद चर्किसकेको थियो । तर समयमै दुवै पक्षका विद्वानहरू बसेर त्यसको समाधान गरेका थिए । फेरि २०३८ सालमा कृष्णजन्माष्टमी र आठही (मेहन्दी) एकै दिनमा परेकाले स्थिति उत्तेजित बनिसकेको थियो, जसलाई त्यसबेलाका नगरपञ्चायतका पदाधिकारीहरू र दुवै पक्षका अगुवाहरूले मिलेर थामथुम पारे ।

सन् १९९२ को डिसेम्बरमा भारतको उत्तरप्रदेशमा बाबरी मस्जिद भत्काइएपछि त्यसका अवशेषहरू रामजन्मभूमिका पवित्र इँटाका रूपमा भारतका विभिन्न ठाउँ र नेपालको सीमाक्षेत्रहरूमा पनि प्रदर्शन गरिएका थिए । नेपालगञ्ज सहरमा पनि सो प्रदर्शन भएको थियो । त्यसबाट त्यहाँ अशान्ति हुनसक्ने सम्भावना थियो, तर कडा सुरक्षा व्यवस्थाका कारण स्थिति उत्तेजक बन्न पाएन ।

२०४९ को कात्तिक महिनामा तिहारको बेला देउसीभैलो खेल्नेहरू र नमाज पढ्नेहरूका बीच भएको सामान्य विवाद चर्किएर नेपालगञ्जमा दङगाको रूप लियो । तत्कालीन प्रमुख जिल्ला अधिकारी कृष्णप्रसाद गुप्ताले (जो रौतहट

घटनामा निलम्बनमा परेका थिए) नेपाली काँग्रेसका नेता सुशील कोइरालाको घरको पर्खाल भत्काएको अभियोगमा ५ जनालाई जरिवाना र कैद गर्ने फैसला गरेका थिए ।

यस कारबाहीमा ५ महिना कैद भोग्नेहरूमा स्व. हाजिसफिक अकमद सिद्धिकी र मौलाना अभि रुल्लाह थिए । त्यस्तै जनही पाँचसय रुपियाँ जरिवाना गरिएकाहरूमा मुहम्मद इकवाल इराकी र सलाउद्धिन अहतर सिद्धिकी थिए भने लियाकत अली र मुहम्मद हारुतलाई जनही एकसय रुपियाँ जरिवाना गरिएको थियो । पछि पर्खाल भत्काएको सार्वजनिक मुद्दामा परेकालाई पुनरावेदन अदालतले सफाइ दिएपछि कैद भोग्नेहरू रिहा भएका थिए र जरिवाना पनि फिर्ता भएको थियो ।

२०५१ मंसिर १७ गतेदेखि २३ गतेसम्म नेपालगञ्ज फेरि अशान्त रह्यो । वडा नं. ४ स्थित फत्ते धर्मशाला अगाडि शिवालय इनारको जीर्णोद्धार गर्ने कार्य भएपछि भिडन्त भयो । त्यसको फलस्वरूप मंसिर २० गते साँझ ७:३० बजेदेखि भोलिपल्ट बिहान ६:०० बजेसम्म कर्फ्यु जारी गरिएको थियो । अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) को सन् १९९५ को प्रतिवेदन अनुसार उक्त दङ्गामा १४ जना घाइते भएका थिए र त्यसबेला पनि कर्फ्यु जारी गर्नुपरेको थियो ।

२०५२ को कात्तिकमा भारतमा भारतीय जनता पार्टीले देशभर रामज्योतिको प्रदर्शन गरेको थियो । सो ज्योतिलाई नेपालगञ्ज पनि भित्र्याइएको थियो, तर त्यसबखत कुनै अशान्ति हुन पाएन ।

व्यक्तिव्यक्तिका बीचमा भएका सामान्य विवादले पनि नेपालगञ्जमा साम्प्रदायिक भिडन्तको रूप लिएको पाइन्छ । २०५२ कात्तिक ८ गते बिहान त्रिभुवन चोक पूर्वलाइनका तरकारी व्यापारी राजु कवाडिया र श्याम श्रेष्ठबीच तरकारीको मोलबारे विवाद भएको थियो । विवादले कुटपिटको रूप लियो । मुसलमान तरकारी पसले युवाको पक्षमा मुसलमानहरू सामूहिक रूपमा खनिए अनि हिन्दूहरूले पनि मुसलमानका पसलहरू खोजीखोजी जलाए । त्यसैदिन डी.एस.पी. कार्यालय रहेको मूल सडकमा राजु वैश्यले पटाका पड्काउँदा डेढ वर्षीय मुस्लिम बच्ची तर्सिएकी भनी बच्चीका बाबुले वैश्यलाई गाली गरेका थिए । त्यस घटनाले पनि दङ्गा चर्काउन मद्दत गऱ्यो र त्यसदिन साँझ कर्फ्यु जारी गरियो ।

इन्सेकको सन् १९९५को प्रतिवेदन अनुसार उक्त भिडन्तमा दुवै पक्षका गरी बीसजना घाइते भएका थिए । आगलागी, तोडफोड र लुटपाटमा करिब २०

लाख बराबरको धनमालको क्षति भएको थियो ।

## आरोप-प्रत्यारोप

जेठ ४ गतेका दिन जुन घटना भयो, त्यसको पृष्ठभूमि पनि धेरै अगाडिदेखि बन्दै आएको थियो ।

२०५३ मंसिर ३० गते नेपालगञ्ज नगरपालिका वडा नं. ४ स्थित जामा मस्जिदमा नेपाल मुस्लिम इत्तेहाद संघको बाँके जिल्ला अधिवेशन भएको थियो । नेकपा एमालेसँग नजिक रहेको मानिने उक्त संघको सम्मेलनका अवसरमा तत्कालीन एमालेका सांसद तथा पर्यटन तथा नागरिक उड्डयन मन्त्री सलिम मियाँ अन्सारीले बोलेको विषयलाई शिवसेनाले गम्भीर रूपमा लियो । शिवसेना नेपाल बाँके शाखाका तत्कालीन अध्यक्ष दीपेश बि.सी. भन्छन्- "हिन्दूहरू नामर्द छन्, शिवसेनाका गतिविधि राष्ट्रद्रोही छन् भन्ने सलिम मियाँ अन्सारीका भनाइले धेरै हिन्दूहरूलाई उत्तेजित तुल्याएको थियो ।"

मुसलमानहरूको त्यस सम्मेलनमा बोलिएका कुराहरूले शिवसेना नेपाल चिढिएको थियो । सोही सालको पुस २० गते भारतका शिवसेना प्रमुख बाल ठाकरेद्वारा आफ्नी पत्नीको सम्झनामा शिवसेना नेपाललाई उपहार दिएको एम्बुलेन्स हस्तान्तरण समारोहको आयोजना गरिएको थियो । त्यस समारोहमा ठाकरेका प्रतिनिधि उल्लास पाटिलले मुस्लिमहरूको खुबै आलोचना गरेका थिए । एक अर्काका विरुद्ध आयोजना गरिएका यी भेलाहरू र त्यहाँ लगाइएका आरोप-प्रत्यारोपहरूले दुवै पक्ष कुनै निहुँ भेट्नासाथ भिडन्त गर्ने तयारीमा पुगेका थिए ।

स्थानीय निर्वाचनको तिथि तय भएपछि हिन्दू र मुसलमानबीचको दूरी अझ फराकिलो पार्ने क्रियाकलाप सुरु भए । कट्टरपन्थी हिन्दूयुवाहरूको संगठन शिवसेनाले देशका प्रमुख चारवटा राजनैतिक संगठनहरू नेपाली काँग्रेस, नेकपा एमाले, राष्ट्रिय प्रजातन्त्र पार्टी र सद्भावना पार्टीका नाममा पत्र पठाइ आफ्ना मागहरू प्रस्तुत गर्‍यो । उक्त मागपत्रमा मस्जिद, मदरसा, चर्च, साहवा (मुस्लिम कब्रिस्तान) आदि जग्गा कब्जा गरेर बनाइएका हुनाले तिनलाई त्यहाँवाट हटाइनुपर्ने, नेपालगञ्जलाई धार्मिक नगर घोषणा गर्नुपर्ने, हिन्दूधर्म सँस्कृतिको रक्षा गर्न विशेष कार्यक्रम ल्याइनुपर्ने, अल्पसंख्यकको नाममा विशेष सम्प्रदायलाई खुशी

पार्ने नीति बन्द गर्नुपर्ने र जथाभावी खोलिएका कसाईंमन्डी, बुचडखाना तथा माछामासु पसल बन्द गर्नुपर्ने जस्ता मागहरू परेका थिए ।

आफ्ना मागहरूप्रति राष्ट्रिय पार्टीहरूले कुनै वास्ता नगरेको बताउँदै शिवसेना नेपालले निर्वाचनमा भागलिने निर्णय मात्र गरेन, पहिलोपटक धर्मका नाममा मत माग्ने कार्यको प्रारम्भ पनि गऱ्यो । नेपाली काँग्रेसका तत्कालीन महाधिवेशन प्रतिनिधि दिवाकर खनालले नेपालगञ्ज नगरपालिकाको मेयर पदका लागि स्वतन्त्र उम्मेदवारी दिएपछि शिवसेना नेपालले उनलाई समर्थन गऱ्यो । यसैगरी उपमेयर पदमा शिवसेनाले उमाशंकर केशरवाललाई समर्थन जनायो ।

## आचार संहिताको उल्लङ्घन

निर्वाचन प्रक्रिया प्रारम्भ भएपछि निर्वाचन आचारसंहिताको परिपालन गर्ने गराउने काम प्रभावकारी ढङ्गबाट हुन सकेन । बहुरङ्गी पोस्टर छापेर प्रचार गर्न नपाइने, मोटरसाइकल ऱ्याली निकाल्न नपाइने, मतदान केन्द्रमा प्रचारप्रसार गर्न नपाइने जस्ता बन्देजहरूको पालना सम्बन्धित पक्षबाट भएन । दिवाकर खनालको चुनाव चिन्ह रथ 'मल्टिकलर' मा तयार गरियो । मोटरसाइकल ऱ्याली निस्कियो । शिरमा पहेँलो रुमाल बाँधेर कार्यकर्ताहरू मतदान केन्द्रमा बसे । जिल्ला प्रहरी कार्यालयका एक प्रहरी अधिकृत भन्छन् - "हामीले पटकपटक आचार संहिताका कुराहरू सम्झायौं, तर चुनाव प्रचारकहरूले मानेनन् ।"

शिवसेना समर्थित उम्मेदवारहरूले मुस्लिम मत आफूलाई नचाहिने बताए । चुनावी सभामा जातजाति, धर्म र वर्णका आधारमा मत माग्ने कामहरू हुनथाले । मुस्लिम मतदाताहरू पनि राजनैतिक विभाजनलाई छाडेर मुस्लिम उम्मेदवारको पछाडि लागे । चुनावी प्रतिस्पर्धा धार्मिक प्रतिस्पर्धा बन्न पुग्यो । अब कुन पार्टीले चुनाव जित्छ भन्ने विषय गौण भयो । चुनाव मुसलमानले जित्ने कि शिवसेनाले भन्ने भावना विकसित भयो । मुसलमानहरूले हिन्दूको मत कम मात्रामा खसोस् भन्ने चाहना राख्न थाले भने शिवसेना समर्थकहरूले मुसलमान इलाकामा कम मतदान गराउन चाहे, जसको परिणाम थियो, जेठ ४ गतेको घटना । राजपरिषद् सदस्य इकवाल इराकी भन्छन्- "काँग्रेस, नेकपा एमाले र राप्रपाले आचारसंहिताको पालना गरे, तर शिवसेना जस्तो एउटा सामाजिक संस्थाले त्यो पालना नगरेकाले यस्तो स्थिति उब्जियो ।"

## कमजोर सुरक्षा व्यवस्था

यस प्रकारको दङ्गा हुनुका पछाडि प्रशासनिक निस्क्रियतालाई प्रमुख कारण रहेको ठान्छन् नेपालगञ्जवासीहरू । खुलेआम गोली चलाउँदा प्रशासनले जवाफी कारबाही नगर्नु, दोहोरो भिडन्त चलिरहँदा पनि प्रशासन मौन रहनु, प्रहरीकै आँखा सामुन्ने पसलहरू लुटिनु, आगो लगाइनु जस्ता घटनाहरूको सन्दर्भमा नेपालगञ्जवासीको धारणासँग असहमत हुन सकिँदैन । नेपालगञ्जबाट प्रकाशित हुने 'शङ्खनाद' साप्ताहिकले जेठ ९ गतेको आफ्नो सम्पादकीयमा कमजोर शान्ति सुरक्षाबारे औँल्याउँदै यस्तो लेखेको छ- "प्रहरी, प्रशासन बेलैमा सक्रीय भएको भए र अपराधीहरूलाई कारवाही गरिएको भए यस्तो स्थिति उत्पन्न हुने थिएन र नेपालगञ्जलाई हिंसा, तोडफोड र लुटमारबाट बचाउन सकिने थियो ।"

शान्तिसुरक्षा कायम राख्ने बारेमा प्रजिअ कार्यालय र प्रहरीबीच पनि प्रशस्त विवादहरू उठेका पाइन्छन् । प्रजिअ कार्यालयका एक कर्मचारी भन्छन्- "हामीले प्रहरीलाई सम्पूर्ण स्थिति अवगत गराएका हौँ, तर सो बमोजिमको निर्देशनको पालना प्रहरीले गरेन ।" जिल्ला प्रहरी कार्यालय बाँकेका एक प्रहरी अधिकृत प्रहरीले निर्देशन पालना गरेको बताउँछन् । उनी भन्छन्- "हामीले निर्देशनको पर्याप्त पालना गरेका थियौँ ।" नगरको स्थितिलाई तीन भागमा बाँडेर सुरक्षा व्यवस्था गरिएको बताउँदै ती अधिकृत थप्छन्- "सामान्य, संवेदनशील र अति संवेदनशील क्षेत्र गरी हामीले तीनवटा क्षेत्र छुट्याएका थियौँ । सामान्यमा प्रहरी सहायक निरीक्षकको नेतृत्वमा ५ जना, संवेदनशीलमा ६ जना र अति संवेदनशीलमा ७ जना प्रहरीको व्यवस्था गरिएको थियो ।" तर भिडन्तको स्थिति र त्यस बखतको उत्तेजक अवस्था हेर्दा यो संख्या कम भएको कुरामा आफू पनि सहमत रहेको विचार ती प्रहरी अधिकृतको थियो ।

जिल्ला प्रशासन कार्यालय र प्रहरीबीच आवश्यक समन्वय नभएको प्रसङ्ग उठिरहेकै बेला तत्कालै श्री ५ को सरकारले मध्यपश्चिम विकास क्षेत्रका प्रहरी नायव महानिरीक्षक रामेश्वर खरेललाई २४ घण्टाभित्र क्षेत्र छाड्न निर्देशन दिएको थियो । त्यस्तै बाँके जिल्ला प्रहरी कार्यालयका डी.एस.पी. रमेशप्रसाद फुँयाललाई पनि सरुवापत्र थमाइएको थियो ।

शान्तिसुरक्षाको स्थिति बलियो भएको भए यस्तो अवस्था नै आउने थिएन भन्दै नेपालगञ्ज नगरपालिका वडा नं. ५ निवासी ५० वर्षीय सुन्दरलाल वैश्य भन्छन्- "मुस्लिमहरूले एकैछिनमा मेरो पसल जलाए । टोलका सबै मान्छेहरू रमिता हेरेर बसे । कसैले आगो नलगाओ भन्न सकेनन् । त्यहाँ आगो लागुञ्जेलसम्म प्रहरी पनि आएन ।" यस्तै दुर्दशा मुसलमानहरूको पनि भएको छ । एम.इसा कन्सर्नका मालिक फारुक सिद्धिकी भन्छन्- "मेरो पसलमा ६ र ७ गते आगो लगाउँदा पनि चित्त नबुझेर फेरि ८ गते आएर हिन्दूहरूले आगो लगाए । तर प्रहरीले रोक्ने प्रयत्न गरेन, बरु तीनैपटक दमकलले चाहिं मद्दत गऱ्यो ।" राजपरिषद् सदस्य इकवाल इराकी भन्छन्- "नगरमा पर्याप्त सुरक्षाव्यवस्था भएको भए यस्तो स्थिति उत्पन्न हुने थिएन ।"

## तराईका मुसलमान

नेपालमा रहेका मुसलमानहरूको कूल संख्याको दुईतिहाईभन्दा बढी तराई क्षेत्रमा नै बसोबास गर्दछन् । त्यसैले सामाजिक सद्भाव खल्बलिने घटनाहरू अक्सर नेपालको दक्षिणी भागमा हुनेगरेका छन् ।

नेपालको तराईमा उहिलेदेखि नै विभिन्न जातजाति र सम्प्रदायका मानिसहरू बसोबास गर्दै आएका छन् । तराईका पुराना रैथाने जातिहरूमा थारू, राजवंशी, सतार, मेचे लगायत मुसलमानहरू पनि पर्दछन् । यसबाहेक राणाकालमा बिर्ता पाएर पहाडबाट झरेका र भारत तथा बर्माबाट बसाइँ सरेर आएका व्यक्तिहरूको बसोबासबाट अहिलेको तराई समाज बनेको छ । समाजशास्त्री सुधिन्द्र शर्मा भन्छन्- "तराईको समाज विभिन्न जातजाति, धर्मसम्प्रदाय मात्र होइन भिन्नभिन्न सँस्कृति बोकेका मानिसहरूको सङ्गम पनि हो ।"

तराईका अरू जिल्लाभन्दा नेपालगञ्जको सामाजिक बनौट अलि भिन्न छ । सुगौली सन्धिपछि नेपाललाई प्राप्त भएको नयाँ मुलुक मध्येकै एउटा क्षेत्र भएका कारण यहाँ उक्त सन्धिपूर्वको भारतीय समाजको सँस्कृतिको छाप अझै पाइन्छ । भारतको लखनऊसित नेपालगञ्जको सोझो सम्बन्ध रहेको छ । खासगरी मुसलमान समुदायले त्यस ठाउँसितको परम्परादेखिको आफ्नो नातासम्बन्धलाई अहिले पनि कायमै राखेका छन् ।

सन् १९९१ को जनगणना बमोजिम बाँके जिल्लामा मुस्लिमहरूको जनसंख्या ४५,७८४ रहेको छ । नेपालगञ्ज नगरपालिकाभित्र चाहिं ६ हजार ३ सय

मुस्लिम मतदाता रहेको कुरा पत्रकार लियाकत अली बताउँछन् । अलीका अनुसार मुस्लिमहरूको यो मत नै निर्णायक हुने र त्यस्तो मत हिन्दू कट्टरवादीहरूद्वारा समर्थित उम्मेदवारहरूका पक्षमा नजाने हुनाले चुनावमा धार्मिक भिडन्त हुन गएको हो ।

## होली र इदमिलन

सात वर्षअगाडिसम्म नेपालगञ्जमा हिन्दू र मुस्लिमबीचको सद्भाव यसरी खल्बलिएको थिएन । एक-अर्काको साँस्कृतिक पर्वहरूमा सामेल हुने र खुशियाली साटासाट गर्ने चलन थियो त्यहाँ ।

हिन्दूहरूको होली पर्वमा मुसलमानहरू अबिर दलेर हिंड्थे । होली पर्वको दोस्रो दिन एउटा कार्यक्रम गरिन्थ्यो । त्यसदिन हिन्दू र मुस्लिम अङ्कमाल गर्दै खुशियाली साटासाट गर्थे, जसलाई होलीमिलन भनिन्थ्यो । राजपरिषद् सदस्य इकवाल इराकी भन्छन्- “यस्तो कार्यक्रमको व्यवस्था नगरपञ्चायतको तर्फबाट आयोजना गरिन्थ्यो । यस्तो कार्यक्रमले हिन्दू र मुसलमान भन्ने भावनालाई दूर गरेको थियो ।”

त्यसैगरी मुसलमानहरूको मुख्य चाड इदमा पनि त्यस्तै कार्यक्रमको आयोजना गरिन्थ्यो । मुसलमानहरूको खुशियालीमा हिन्दूहरू सरिक हुन्थे । सँगैबसेर रमाइलो गर्थे । यस्तो कार्यक्रमको आयोजना पनि नगर पञ्चायतबाटै हुने गर्थ्यो । पत्रकार लियाकत अलीका अनुसार त्यस्ता कार्यक्रममा उपस्थित भएर सँगै खुशियाली मनाउँदा हिन्दू र मुस्लिम भन्ने कटुताभाव थिएन । कथङ्कदाचित् कुनै विवाद उठेमा दुवैतर्फका पाँचजना बुज्रुक र प्रशासन बसेर समस्याको समाधान गरिन्थ्यो ।

२०३०-३२ सालसम्म मन्दिरअगाडिको बाटो भएर मोहर्रमको जुलुस जान्थ्यो । त्यसबाट हिन्दूहरू चिढिन सक्छन् भनेर मन्दिरपछाडिबाट जुलुस लाने नियम पाँचजना बुज्रुकहरूले नै बनाए, जसलाई प्रशासनले पनि साथ दियो । त्यसबेलादेखि चलन बसेकाले नेपालगञ्जमा अहिले पनि मोहर्रमको जुलुस मन्दिरपछाडिबाटै जाने गर्छ ।

त्यसैगरी दशैँमा मुसलमानहरू पनि सहभागी हुन्थे । सँगैबस्थे, खान्थे, रमाउँथे । यसलाई दशैंएकता भनिन्थ्यो । समाजसेवी पद्मा भट्टराई भन्छिन्- “ मुसलमानहरू हलाल खाँदैनथे । अरू सागसब्जीसँग खाना खान्थे र हामी मिलेर

चाड मनाउँथ्यौं।"

## सीमापारिको प्रभाव

नेपालगञ्जमा हिन्दूमुस्लिम भिडन्त हुनुमा खुला सीमालाई दोष दिनेहरू निकै छन् । हिन्दू र मुस्लिमको नाउँमा लडाइँ मच्चाउन भारतको साम्प्रदायिक शक्तिले नेपालमा पनि लगानी गर्न थालेको आशङ्का उनीहरूको छ ।

पत्रकार लियाकत अली भन्छन्- "यो भिडन्तको प्रमुख कारण खुला सीमा हो, किनभने हरेक भिडन्तलाई उक्साउने काम दक्षिणतर्फबाट नै भएको छ ।" सीमापारि भएको कुनै सानो घटनाबाट पनि सीमावारि त्यसको प्रत्यक्ष प्रभाव पर्ने गरेको छ ।

खुला सीमाको फाइदा हिन्दू र मुस्लिम दुवैले उठाउँदै आएका छन् । साम्प्रदायिक भिडन्तमा उनीहरूमा उनीहरू साधन, स्रोत र मानिस मात्र दक्षिणबाट ल्याउँदैनन्, भिडन्त भएको स्थितिमा आफ्नो सुरक्षा खोज्न हिन्दू मुसलमान दुवैथरी दक्षिणतर्फ नै जाने गर्छन् । पत्रकार पन्नालाल गुप्ताको भनाइमा, खुला सिमानाको कारण यो समस्या झाङ्गिँदै छ ।

तर अहिले त्यो समुदायको शान्त पोखरीको पानी हुँडलिएको छ, सीमापारिको प्रभाव अनि एकअर्काप्रति अविश्वास र शङ्का बढेको छ । मुसलमानहरू राष्ट्रवादी हुनैसक्दैनन्, उनीहरूको धार्मिक ग्रन्थ कुरानले नै उनीहरूलाई राष्ट्रवादी बन्न दिँदैन भन्ने विचार कट्टरपन्थी हिन्दूहरू राख्दछन् । शिवसेना नेपालका क्षेत्रीय कमान्डर किरण बुढाथोकी भन्छन्- "मुसलमान भएका कारण मुसलमानहरूले कुनै विशेष छुट पाउनु हुँदैन । अल्पसंख्यकको नाउँमा उनीहरूलाई राज्यले छुट दिने प्रथालाई अब हामी सहँदैनौं ।"

अनि पत्रकार अली भन्छन्- "मुस्लिमहरूलाई शङ्काले हेर्नु भारतीय मानसिकता हो। त्यही मानसिकताबाट प्रभावित भएर हाम्रा युवाहरू कट्टरपन्थी मार्ग अवलम्बन गर्दैछन् ।"

यसरी परिस्थिति सङ्कटपूर्ण बन्दै गएको छ । नेपाल अधिराज्यको संविधान, नेपालको राष्ट्रिय अखण्डता, सार्वभौम जनता र प्रजातान्त्रिक शासन प्रणालीमाथि हिन्दू र मुस्लिम धार्मिक समूह दुवै प्रतिवद्धता जनाउँछन् । राष्ट्रको निर्माण र शान्तिपूर्ण समाजको स्थापनालाई नै सबै आफ्नो उद्देश्य बताउँछन्, तथापि तरकारी बेच्ने र किन्नेबीचको सामान्य विवादले धार्मिक दङ्गाको रूप लिन्छ ।

यसै कारण सामाजिक सद्भावका लागि दीर्घकालीन समाधान खोज्न सबै पक्ष गम्भीर हुनुपरेको छ । इकवाल इराकीका अनुसार "हामीलाई कसैले प्रयोग गरेर हाम्रै देशभित्र मारकाट चलाउन खोज्दैछ कि भनेर सधैं चनाखो हुनुपर्छ ।"

पद्मा भट्टराईका विचारमा धर्मको नाममा लडाइँ गर्ने प्रवृत्तिलाई निरुत्साहित पार्न सर्वप्रथम युवापङ्क्तिमै यसबारे जागरण ल्याउनुपर्छ । भट्टराई भन्छिन्- "अहिले नै पनि शिक्षित परिवारका सदस्यहरू यस्तो लडाइँमा सहभागी हुँदैनन्, चाहे तिनीहरू हिन्दू हुन् वा मुसलमान । दोस्रो कुरा, प्रशासनले कडा कारबाहीको नीति लिनुपर्छ ।" नेपालगञ्जमै एकपटक सामान्य कारबाहीमा परेको मानिस दोस्रो पटक त्यसरी भिडन्तमा नगएको उदाहरण भएको उनको जिकिर छ ।

तर पत्रकार अली अझै अगाडि बढेर भन्छन्- "नेपालमा साम्प्रदायिक दङ्गाको प्रवेश दक्षिणतर्फबाट भएको छ तसर्थ तत्काल यो खुला सीमाबारे पुनर्विचार गर्नुपर्छ ।" हरेक पटक साम्प्रदायिक भिडन्तमा दक्षिणबाट यहाँ प्रत्यक्ष सहयोग आइरहेको बताउँदै अली भन्छन्- "यस्तो भिडन्तबारे नेपालका हिन्दू र मुस्लिमहरूलाईभन्दा बाहिरका कथित हिन्दू र मुस्लिमहरूलाई बढी चासो हुन्छ । तरपनि आफूलाई तराईको हिन्दू ठान्नेहरू बढी उग्र देखिएका छन्, जसलाई नियन्त्रण गर्नु आवश्यक छ ।"

## नेपालगञ्ज नै किन ?

साम्प्रदायिक सद्भाव खल्बलिने अर्को कारण हो बेरोजगारी । बेरोजगार युवाहरू कुनै धार्मिक गुटको सम्पर्कमा पुग्छन् । बाह्य साधन र स्रोतको आडमा खोलिएका धार्मिक संघ संस्थाहरूले तिनलाई आफ्नो पकडमा लिएर धार्मिक उत्पातमा सहभागी बनाउँछन् । इकवाल भन्छन्- "आर्थिक लगानी गरेर पनि बेरोजगार युवाहरूलाई कट्टरपन्थी बाटामा हिँडाइँदै छ । सबैभन्दा पहिले यो रोक्नुपर्छ ।"

राजनैतिक दलहरूले पनि हिन्दू कट्टरपन्थी र मुस्लिम कट्टरपन्थीको विरुद्ध उभिन सक्नुपर्छ । राजनीतिज्ञ सनत रेग्मी भन्छन्- "राजनीतिक पार्टीहरूले हिन्दू-मुस्लिम दुवै समुदायको कट्टरपनको विरोध गरेर साम्प्रदायिक सद्भाव बढाउने प्रयत्न गर्नुपर्छ ।"

साम्प्रदायिक सद्भाव बिथोल्ने यस्ता घटनाहरू २०४८ सालपछि पटकपटक नेपालगञ्जमै हुँदै आएका छन् । यसै शहरमा मात्रै किन पटकपटक यस्ता

घटना दोहोरिइरहेका छन् भन्ने प्रश्नको जवाफ नेपालगञ्जवासीले मात्रै होइन देशको शान्ति र सुव्यवस्थाप्रति सरोकार राख्ने समाजसेवी, बुद्धिजीवी र राजनीतिक नेताहरूले गम्भीरतासाथ खोज्नुपर्ने भएको ।

भारतमा हुने धार्मिक दङ्गाका घटनाहरूलाई गहिरिएर अध्ययन गर्ने केही समाजशास्त्रीहरू यस्ता हिंसात्मक प्रकृतिका भिडन्तहरू विशेषत: सहरी वातावरणमा हुनेगरेको निष्कर्ष निकाल्दछन् । उनीहरूका प्रस्तावना बमोजिम ग्रामीण इलाकामा झैँ एक-अर्कासितको निकट व्यवहार, उठबस अथवा लेनदेन सहरमा नहुने हुनाले प्रत्येक व्यक्ति अपरिचयको अवस्थामा हुन्छ र विवादको सृजना भएको स्थितिमा सजिलैसित एक वा अर्को पक्षसित लागेर हिंसालाई साथ दिन्छ । नभन्दै नेपालगञ्जले त्यस्तै सहरी वातावरणलाई प्रस्तुत गर्दछ जहाँ ऐतिहासिक र अन्य कारणहरूले मुस्लिम समुदायको प्रवल उपस्थिति पाइन्छ ।

सहरी इलाकामा मुसलमानहरूको ठूलो संख्या रहनु, हिन्दू र मुस्लिमबीच साम्प्रदायिक सद्भाव कायम राख्ने पुस्ता लगभग समाप्त हुनु र मुस्लिम इलाकामा अन्यत्रबाट बसाइँ सरेर आएका परिवारहरू र रैथाने मुस्लिमहरूबीच साँस्कृतिक समस्या उत्पन्न हुनु, यस्ता घटना जन्माउने कारणहरू हुन सक्छन् ।

नेपालगञ्ज बाँके गाउँ वडा नं. १२ निवासी चक्रमान विश्वकर्मा दुवैतर्फको अतिवादी र असहिष्णु प्रवृत्तिलाई दोष्याउँछन् र भन्छन्- "यस्ता घटना गराउने र चर्काउनेमा राजनीतिक पार्टीहरू पनि उत्तिकै जिम्मेवार छन्, किनभने उनीहरू निर्वाचनमा जितेर राजनीतिक स्वार्थ पूरा गर्न एउटा वा अर्को समुदायलाई उचाल्नेपछार्ने खेल खेल्छन् ।" विश्वकर्मा, अल्पसङ्ख्यक भएर पनि नेपालमा मुस्लिमहरू भेदभावको शिकार नभएका बरु तिनका तुलनामा दलित वर्ग उपेक्षा र भेद्भावको मारमा परेका बताउँछन् । त्यसैले उनको विचारमा मुसलमानहरूले आफूलाई असुरक्षित ठानेर सशङ्कित हुनुपर्ने कुनै कारण छैन र नेपालगञ्जको हकमा पनि यो कुरा लागु हुन्छ ।

तर मुलुकमा अल्पसंख्यक र नेपालगञ्जमा संख्यात्मक रूपमा एकढिके हुनाको कारण स्थानीय रूपमा देखिने आक्रामक भाव मुसलमानहरूको क्रियाकलापबाट प्रकट हुनेगर्छ । सुरुमा विद्यालय खोल्ने र पछि त्यस ठाउँलाई धार्मिक स्थलमा रूपान्तरण गर्ने तथा विहानबेलुकी नित्य मस्जिदबाट माइक घन्काउने क्रियाकलाप सहिष्णुताको परिचायक मान्न धर्मसित असम्पृक्त व्यक्तिलाई समेत गाह्रो पर्छ ।

शिवसेना नेपालको जन्म र नेपालगञ्जमा त्यस संस्थाको विशेष सक्रियतालाई त्यसैको प्रतिक्रिया मानेर पनि हेर्न सकिन्छ ।

सहरी इलाकामा आधुनिक पुस्ताका बीच चिनजान र सम्पर्कको अभाव बढिरहेको अवस्थामा नेपालबाहिरका साम्प्रदायिक तागतहरूले नेपालगञ्जमा हिन्दू र मुस्लिम युवाहरू माझ शत्रुता बढाइदिने काममा घ्यू थपिदिने गरेको पनि हुनसक्छ । यसरी शत्रुतापूर्ण भावना बोकेर हिँडेको युवापुस्ता एउटा सामान्य बहानाको भरमा उत्तेजित बन्न पुग्छ, अनि शान्ति सुरक्षाको कमजोरस्थितिको फाइदा उठाएर उनीहरू आपसी भिडन्त सुरु गर्छन् । यस्तै भएको छ नेपालगञ्जमा ।

शान्ति सुरक्षाको स्थिति कमजोर हुनु, दोषीउपर कडा कारबाही नगरिनु र निरन्तर निरीक्षण गर्ने परिपाटी नहुनुले यस्ता घटना उक्साउनेहरूलाई फाइदा पुगेको छ । तर अब समस्याको दीर्घकालीन समाधान पहिल्याउने हो भने हिन्दू र मुसलमान दुवै पक्षले आत्मसमीक्षा गर्नुपर्ने आवश्यकता देखिन्छ । अझै पनि मस्जिद र मदरसाको शिक्षाप्रणाली अँगालिरहेको मुसलमान समुदायले नेपालको इतिहास र भूगोललाई पाठ्यक्रममा समावेश गरेर मुलुकलाई राम्ररी बुझ्ने प्रयत्न नगरेसम्म राष्ट्रिय प्रवाहमा सामेल हुन गाह्रो छ भन्ने बुझ्नु आवश्यक देखिएको छ । त्यसैगरी हिन्दूत्वको रक्षाको नाममा साम्प्रदायिक तागतहरूले अरूको संवेदनालाई कुल्चने र आफूलाई शक्तिको हरियार त बनाइरहेको छैन भनी हिन्दूयुवाहरूले ध्यान दिनु आवश्यक छ । राजनैतिक दलहरूले पनि 'भोट ब्याङ्क'को रूपमा कुनै एउटा धर्मसम्प्रदायलाई प्रयोग गर्ने तुष्टीकरणको नीतिलाई छाडेर दीर्घकालीन समाधानको लागि सोच्नु आवश्यक देखिन्छ ।

धर्म नितान्त व्यक्तिगत मामिला हो, यसलाई यतिमै सीमित गरिनुपर्छ । मस्जिदको छतबाट बज्ने माइकको आवाज र इँटा ढुङ्गा जे बोके पनि 'जय श्री राम' भनिने नाराले आफूभित्रको आस्था त प्रकट होला तर यस्तो कार्यले चुपचाप आफ्नो गन्तव्यमा हिँडिरहेकाहरूलाई पनि समर्थन र विरोधमा उतार्छ । त्यसैले धर्मलाई व्यक्तिगत मामिलामा सीमित गर्नसके समाज र परिवारमा शान्ति स्थापना हुन्छ, परवेज र मुन्निको परिवारजस्तै ।

## शिवसेना के हो ?

विश्वको एक मात्र हिन्दूराष्ट्र नेपालको प्रचारप्रसार गर्ने, परम्परादेखि कायम रहँदै आएको हिन्दूधर्म र परम्परागत भाषा लिपिहरूको संरक्षण गर्ने, सम्पूर्ण भाषा

सँस्कृति र कलाको आदर सत्कार गर्ने तथा नेपाल चार जात छत्तीस वर्णको फूलबारी भनिएकाले परम्परागत मूल्य तथा मान्यताहरूको संरक्षण गर्ने जस्ता उद्देश्यहरू राखेर २०४७ साल पुस ९ गते काठमाडौं जिल्ला कार्यालयमा दर्ता भएको गैरसरकारी संस्था हो- शिवसेना नेपाल ।

भारतको शिवसेनासँग शिवसेना नेपालको निकट सम्बन्ध छ । भारतका शिवसेना प्रमुख बाल ठाकरेले आफ्नी श्रीमतीको सम्झनामा शिवसेना नेपाललाई एउटा एम्बुलेन्स पनि उपहार दिएका छन् ।

तर सोही एम्बुलेन्स हस्तान्तरण गर्ने समारोहमा बाल ठाकरेका प्रतिनिधिले उनलाई हिन्दूहरूका 'हृदय सम्राट्' भनी सम्बोधन गरेकाले त्यसबाट श्री ५ महाराजाधिराजको अपमान भएको ठानी केन्द्रीय सदस्य हरि बराल, बाँकेका जिल्ला अध्यक्ष दीपेश बि.सी. लगायत ८५ जना कार्यकर्ताहरूले शिवसेना नेपाल परित्याग गरेका थिए । राजीनामा दिने दीपेश बि.सी. भन्छन्- "शिवसेना नेपाल एउटा सामाजिक संस्थाका रूपमा दर्ता पाएको गैरसरकारी संस्था हो । बाल ठाकरेलाई हिन्दूहरूका सम्राट् भनेर यहाँ हिन्दू र मुस्लिमबीच लडाइँ चलाउन खोजियो, हामी त्यसमा सहमत हुन सकेनौं ।"

शिवसेनाको गठन गरिएपछि नेपालगञ्जमा हिन्दू र मुस्लिमबचि सोझो भिडन्तको सुरुवात भएको हो भन्ने भनाइप्रति असहमति जनाउँदै शिवसेना नेपालका पश्चिमी कमान्डर बुढाथोकी भन्छन्- "हिजोसम्म हामी सहेर बसेका थियौं । अब हामीले अरूको थिचोमिचो सहन छाडेपछि अशान्ति फैलिएको दोष हामीलाई लगाइँदै छ ।"

## मुस्लिम संघ-संस्थाहरू

मुस्लिम समाजको हितका लागि काम गर्न भनेर नेपालमा दर्जनौं मुस्लिम संघहरू खडा भएका छन् । इस्लामिक युवा संघ मुस्लिम समाजका लागि सक्रीय रूपमा कार्यरत एउटा संस्था हो । समाजसुधार र शिक्षाको क्षेत्रमा सक्रीय रहेको वताउने यस संस्थाले दरबारमार्गस्थित आफ्नो कार्यालयमा एउटा क्लिनिक पनि सञ्चालन गरेको छ । नेपाल मुस्लिम इत्तेहाद संघ मुस्लिमहरूको अर्को सक्रीय संस्था हो । यसको कार्यालय बागबजार काठमाडौंमा छ । नेपाल मुस्लिम युवा संघ, नेपाल मुस्लिम संघ, नेपाल मुस्लिम समाज कल्याण संघ आदि पनि अस्तित्त्वमा छन् तर तीमध्ये सबै सक्रीय भने छैनन् ।

## क्षति र क्षतिपूर्तिका कुरा

हालैको साम्प्रदायिक दङ्गाबाट पुग्न गएको क्षतिबारे जिल्ला प्रहरी कार्यालय बाँकेमा सामूहिक र व्यक्तिगत रूपमा ८० वटा जाहेरीहरू परेका छन् । ती जाहेरीहरूमा रु. ८० लाखभन्दा बढीको धनमालको क्षति भएको दावी दङ्गा पीडितहरूले गरेका छन् । त्यसरी जाहेरी गर्नेहरूमा तीन-चारजना छाडेर बाँकी जम्मै मुस्लिमहरू छन् । जाहेरीमा रु. १ लाखभन्दा बढी रकमको क्षति भएको उल्लेख गर्नेहरूमा १६ जना, ५० हजारदेखि १ लाख रुपियाँसम्मको क्षति देखाउनेहरूमा २८ जना र ५० हजार रुपियाँभन्दा कमको क्षतिको विवरण दिने हरूमा ३६ जना छन् । वि.सं. २०५१ मा नेपालगञ्जमै भएको हिन्दू मुस्लिम दङ्गामा सरकारले क्षतिपूर्ति उपलब्ध गराएको थियो । शिवसेना नेपालको क्षेत्रीय कमान्डर बुढाथोकी भन्छन्- "उनीहरू आफ्नो घरपसलमा आगो लगाइदिए भन्ने बहानामा सरकारसँग क्षतिपूर्ति माग्न पल्किएका छन् । त्यसबाहेक यो क्षति देखाएर अरब देशहरूबाट उनीहरू थप आर्थिक सहायता भित्र्याउन चाहन्छन् ।" एकजना प्रहरी अधिकृत भन्छन्- "हिन्दू हुन् वा मुसलमान सबैले वास्तविक क्षति लुकाएर सरकारलाई ठग्न खोज्दैछन् ।"

प्रहरीले पनि करीब एकसाता आगलागी, तोडफोड र लुटपाट भएका ठाउँहरूको निरीक्षण गरेको बताएको छ । "जाहेरी परेपछि थप अनुसन्धान गर्‍यौं, तर जाहेरीमा उल्लेख भएको भन्दा ज्यादै कम मात्रामा मात्र क्षति भएको पाइयो" ती प्रहरी अधिकृत भन्छन्– "नेपालगञ्जमा भएको यस पटकको भिडन्तमा २० देखि २५ लाख रुपियाँ बराबरको क्षति भएको प्रतिवेदन हामीसँग छ !"

यस्ता घटनाहरूबाट नोक्सानी परेकालाई सरकारले क्षतिपूर्ति दिने कार्यप्रति असहमति जनाउनेहरू पनि छन् । उनीहरूका विचारमा घरमा आगो लगाउने, तोडफोड गर्ने र लुटपाट मच्चाउने काम फौजदारी अपराधहरू हुन् । त्यसैले घटनाका सूत्रधारहरूलाई कानूनी कारवाही गर्नुपर्दछ । व्यक्तिहरूले अपराध गर्ने त्यसको क्षतिपूर्ति सरकारले बेहोर्ने तरिका ठीक नभएको बताउँदै पत्रकार लियाकत अली भन्छन्- "क्षति जसले पुर्‍याएको छ उसैबाट असुलउपर गर्नुपर्छ । तबमात्र यस्तो अपराध नियन्त्रण हुन्छ ।"

*(२०५४ असार-साउनको हिमालमा प्रकाशित ।)*

# जतातते विषैविष

– मोहन मैनाली

प्रयोग हुन नसकेका र म्याद नाघेका घातक विषादीहरू नष्ट गर्ने चलन नेपालमा छैन । तिनलाई पुरातात्विक बस्तु झैँ थन्क्याएर राख्ने गरिएको छ । अहिले नेपालका विषादी गोदाममा संसारमा उत्पादन हुन छाडेका विषादीहरू पनि अलपत्र पारेर राखिएका छन् । एशियाली विकास बैंकको परामर्शदाताका हैसियतमा नेपालमा पुराना विषादीको समस्याको अध्ययन गरिरहेका डा. जेम्स लिट्सिंगरले त "नेपालले घातक विषादी लामो समयसम्म थुपारेर राख्ने काममा विश्व कीर्तिमान कायम गरेको छ" भनेर सार्वजनिक रूपमा आलोचना नै गरेका थिए ।

काठमाडौँको खुमलटारस्थित नेपाल कृषि अनुसन्धान परिषद्को गोदाम यस्तै खतरायुक्त विषादी गोदाममध्येको एक हो । परिषद्को कीट विज्ञान शाखाको गोदाममा दुई ट्रकजति काम नलाग्ने विषादी छन् । झोल र धूलो दुवै किसिमका यी विषादीहरूका बट्टा र भाँडा खिया परेका छन्, बिर्को खुलेका छन् । विषादी भूइँभरि पोखिएको छ । अहिलेकै अवस्थामा गोदामभित्र पस्ने आँट कसैले गर्दैन किनभने घातक विषादीबाट जोगिन चाहिने सुरक्षाका साधनहरू पनि त्यस कार्यालयमा उपलब्ध छैनन् ।

नेपालको कृषि विकासमा योगदान पुगोस् भनेर दाताहरूले दिएका यी विषादीहरू २५/३० बर्ष पुराना भइसकेका छन् । समयमा उपयोग गर्न नसकिएका यी विषादी कृषि उत्पादन बढाउन सहायक त भएनन् नै अहिले यिनलाई कसरी धुल्याउने समस्या थपिएको छ ।

अनुसन्धान परिषद्कै प्लान्ट प्याथोलोजी विभागको गोदाममा चार फिट अग्ला १२ वटा सिलिण्डरमा मिथाइल ब्रोमाइड नामक अझ घातक ग्याँस १५ वर्षभन्दा अघिदेखि राखिएको छ । यो गोदाममा कुनै किसिमको दुर्घटना भयो भने त्यसको परिणाम काठमाडौंका लागि भयावह हुनेछ ।

यस्तैगरी, पश्चिम नेपालमा कपास खेतीको विकास गर्न भनेर गठित कपास विकास समितिले पनि बर्दियाको आफ्नो गोदाममा म्याद नाघेको १० हजार लिटर विषादी थुपारेर राखेको छ । ३४ लाख रुपियाँमा किनेको यी विषादीलाई नष्ट गर्न कति पैसा खर्च गर्नुपर्ने हो, अनुमान गर्न गाह्रो छ ।

विष मुख्य कारोबारको विषय नभएका संस्थाहरूको यो हालत छ भने लामो सयमसम्म विष किन्ने र बेच्ने मुख्य काम लिएको कृषि सामग्री संस्थान त पुराना विषादी राख्ने मामलामा झन् बद्नाम बन्न पुगेको छ । नेपालका पूर्वदेखि पश्चिम तराईसम्म छरिएर रहेका संस्थानका गोदामहरूमा झण्डै ७० टन विषादी खतरा बोकेर बसिरहेका छन् ।

## राख्दा पनि खतरा.....

२ हजार ३ सय लिटर झोल र आठ टन धूलो विषादी राखिएको कृषि सामग्री संस्थानको एउटा गोदाम नेपालगञ्ज बजारमा छ । कृषि मन्त्रालयअन्तर्गतको विषादी बोर्डले तयार गरेको मापदण्डलाई आधार मान्ने हो भने यो गोदाम विषादी राख्न उपयुक्त छैन । यो गोदाम बजारका बीचमा छ । गोदामको एउटा कोठामा कृषि सामग्री संस्थानको स्वामित्वका विषादी राखिएका छन् भने अर्को कोठामा साझा संस्थाका सामानहरू । गोदामको आँगनमा काठ थन्क्याएको छ । विषादी ह्वास्सै गन्हाउने, गोदामसँगै जोडिएको कोठामा मान्छे बस्ने गर्छन् । उनीहरू गोदामको हातामा रहेको ट्युववेलको पानी खान्छन्, त्यही पानीले नुहाउँछन् ।

नेपालगञ्ज बजारलाई बितेका केही वर्षयता मुसलमान र हिन्दूहरूले धर्मयुद्ध गर्ने

थलो बनाएका छन् । हत्या, लुटपीट, आगलागी, कर्फ्यु नेपालगञ्जका लागि आकस्मिक घटना होइनन् नियमित बनेका छन् । यसैले यहाँको विषादी भण्डार अत्यन्त असुरक्षित मानिएको छ ।

कपास विकास समितिको गोदाममा रहेका विषादी पनि सुरक्षित तवरले राखिएका छैनन् । गोदामभित्र विषादी पोखिएका छन् । "सामान्यतया, प्रयोग गर्न नहुने भनेपछि व्यवस्थित ढङ्गले नराख्ने चलन हामीकहाँ छ" कपास विकास समितिका परियोजना प्रवन्धक सचेतबहादुर नेपालीको यस भनाइले विषादी गोदामको व्यवस्थापनको अवस्था झल्काएको छ ।

कृषि सामग्री संस्थानको अमलेखगञ्जस्थित गोदाममा ५० मेट्रिक टनभन्दा बढी विषादी अझ बढी खतराजनक अवस्थामा रहेको छ । केही वर्षअगाडि श्री ५ को सरकारले राष्ट्र संघीय विकास कार्यक्रम (यु.एन.डी.पी.) र एशियाली विकास बैंकको सहयोगमा नेपालका विभिन्न भागबाट विषादी जम्मा पारेको थियो । त्यसमध्येका धेरै विषादी हेटौँडा सिमेन्ट कारखानाको भट्टीमा डढाउने प्रयास गरेको थियो तर त्यो प्रयास असफल भएपछि यिनलाई ड्रममा हालेर अमलेखगञ्जको गोदाममा राखिएको छ ।

तीस-चालीस वर्ष पुराना यी विषादीहरूको रासायनिक गुण निर्माण हुँदाको अवस्थाभन्दा बिग्रेको छ । एशियाली विकास बैंकको कन्सल्टेन्सी टोलीका अनुसार कहिलेकाहीँ विषादीहरूको परिवर्तित स्वरूप निर्माण हुँदाको अवस्थाको भन्दा खतरनाक हुन्छ । धेरैजसो झोल विषादीमा विषको मात्रा बढी (अर्थात् ८५ प्रतिशतसम्म पनि) हुन्छ । (प्रयोगमा आउने विषादी अन्य पदार्थसँग मिसाइएको हुन्छ- जसको मात्रा विषादीपिच्छे भिन्नभिन्न हुन्छ ।) अहिले ड्रममा राखिएका यस्ता विषादीले ड्रम छेडेर बाहिर निस्कने सम्भावना छ । एशियाली विकास बैंकको टोलीले यस्ता विषादीलाई ६ महिनाभित्र पुन: प्याकिङ्ग गर्नु अति आवश्यक ठहऱ्याएको छ ।

झोल विषादीहरू पेट्रोलजस्तै सजिलैसँग बल्ने पदार्थसँग मिसाइएका हुन्छन् । अमलेखगञ्जमा राखिएका केही विषादीहरू सजिलैसँग आगोले टिप्ने खालका छन् । विषादी गोदाम अमलेखगञ्जको बीचबजारमा पूर्व-पश्चिम राजमार्गको छेउमा छ । गोदामको आँगनमा उम्रेका झारमा सुख्खा याममा आगो लाग्नु सामान्यजस्तै बनेको छ ।

## हाम्रो बहादुर !

नेपालका गोदामहरूमा केही यस्ता घातक प्रकृतिका विषादीहरू थुप्रिएका छन् जसको उपयोगलाई धेरै देशहरूमा प्रतिवन्ध लगाइएको छ, केही विषादीहरूको उत्पादन नै बन्द भएको छ । केही विषादीको प्रयोगमा कटौती गर्नुपर्छ भनेर संसारभर आवाज उठिरहेको छ ।

डी.डी.टी. नेपालका गोदाममा रहेको एउटा यस्तो विषादी हो जसलाई संसारका ४९ वटा देशमा प्रतिवन्ध लगाइएको छ, २३ देशमा यसको प्रयोगलाई अत्यधिक मात्रामा नियन्त्रण गरिएको छ । अमलेखगञ्जको गोदाममा यो विषादी ३ टनभन्दा बढी छ ।

यस्तैगरी ५८ देशमा प्रयोग गर्न रोक लगाइएको इन्ड्रिन झोल नेपालमा कम्तीमा एक हजार २०० लिटर छ । नेपालमा भएको साढे सात टन अर्गेनो मर्करी सीड ड्रेसिङ्गको उत्पादन नै बन्द भएको छ । यस्ता विषादी अत्यन्तै विषालु हुन्छन् ।

राष्ट्रिय कृषि अनुसन्धान परिषद्को गोदाममा मिथाइल ब्रोमाइड नामक अर्को खतरनाक विष पनि थन्किएको छ जसको प्रयोगले वरपरको वातावरणलाई त असर पार्छ नै, ओजोन तह विनाशका लागि पनि यसलाई जिम्मेवार ठहऱ्याइएको छ । ओजोन तह विनाश गर्ने काममा यो क्लोरोफ्लोरो कार्बनभन्दा ५० गुणासम्म शक्तिशाली भएको बताइन्छ । यसको प्रयोगमा प्रतिवन्ध लगाउन विश्वव्यापी दवाव बढिरहेको छ ।

विश्व डरले भयभित भएका विषादी हामीले निर्धक्कसँग आफ्नै बस्तीमा राखेका छौं ।

संसारका विभिन्न भागमा रहेका विषादी गोदाममा आगो लागेका घटनाहरूका आधारमा यस गोदामका विषादीबाट पनि स्थानीय मानिस र वातावरणलाई उत्तिकै खतरा छ भन्न सकिन्छ । निजी क्षेत्रमा सञ्चालित नेपाल इन्भाइरोमेन्टल एन्ड साइन्टिफिक सर्भिसेजका डा. तोरण शर्माका अनुसार "नेपालमा विषादी

भण्डारको अवस्था भयावह छ । यहाँ भोपाल काण्ड दोहोरियो भने हामीले आश्चर्य मान्नु पर्दैन ।"

सन् १९८४ को डिसेम्बर महिनामा भारतमा 'युनियन कारवाइड' नामक विषादी कारखानामा 'मिथाइल आइसोसाइनेट' नामक विषालु ग्याँस चुहिँदा कम्तीमा पनि सात हजार मानिसको ज्यान गएको थियो भने साढे तीन लाख मानिसहरू घाइते भएका थिए । त्यस दुर्घटनाले गर्दा अहिलेसम्म पनि त्यहाँका मानिस तथा पशुपक्षीले रोगी जीवन बिताउनु परेको छ ।

## धुल्याउँदा पनि खतरा....

नेपालमा सन् १९८९ देखि नै प्रयोग गर्न नमिल्ने भनिएका विषादीहरू धुल्याउने काम थालिएको हो । राष्ट्रसंघीय विकास कार्यक्रम र एशियाली विकास बैंकले यस कामका लागि ५ लाख ७७ हजार अमेरिकी डलर बराबरको रकम खर्च गरेका थिए । यस कामको जिम्मा पाएको न्युजिल्याण्डको एन्जडेक लिमिटेडले ११४ टन विषादी पुन: प्रयोग गरेर, नयाँविषादी बनाएर, जङ्गलमा छर्केर र गाडेर धुल्याएको थियो । स्थानीय, राष्ट्रिय र अन्तर्राष्ट्रिय तहमा आवाज उठाएका कारण हेटौंडा सिमेन्ट कारखानामा जलाउन ठिक्क पारिएको विषादी अमलेखगञ्जको गोदाममा राख्नु परेको थियो ।

श्री ५ को सरकारले सन् १९९७ नोभेम्बरको अन्त्यतिर यी विषादी धुल्याउन एशियाली विकास बैंकको सहयोगमा कृषि विभागद्वारा तयार पारिएको योजनालाई स्वीकृति दिएको छ । यस योजनाअनुसार नोभेम्बर १९९७ देखि फेब्रुअरी १९९८ सम्म योजना कार्यान्वयन समिति गठन गर्ने, विषादी धुल्याउने कामको तयारीका लागि आवश्यक सुरक्षा सामग्री खरिद गर्ने र यस काममा संलग्न हुने मानिसहरूलाई तालिम दिने काम गरिनेछ । जनवरी १९९८ देखि सन् २००० अक्टोबरसम्ममा विषादी गोदाम निरीक्षण, विषादी रिप्याकिङ्ग र सफाइ गर्ने, वातावरणीय प्रभाव मूल्याङ्कन गर्ने, सम्भाव्यता अध्ययन गर्ने, विषादी धुल्याउने र विषादी धुल्याइसकेपछि त्यसको प्रभाव हेर्ने काम गरिनेछ ।

जतिसुकै सावधानी र जुनसुकै प्रक्रिया अपनाए पनि विषादी धुल्याउने काम बिल्कुलै सुरक्षित भने हुन सक्दैन । डा. लिट्सिङ्गरका अनुसार विषादी धुल्याउने पूर्ण सुरक्षित उपाय छैन । यसलाई जसरी धुल्याए पनि जनस्वास्थ्य र वातावरणमा त्यसको केही न केही प्रतिकूल असर त परी नै हाल्छ ।

सन् १९९० मा विषादी धुल्याउन  अपनाइएको तरिका देखनेहरू  यसबाट ठूलो असर पर्ने हो कि भनेर सशङ्कित भएका छन् । त्यतिबेला विषादी धुल्याउने क्षेत्रका मानिसलाई समेत यससम्बन्धी कामको जानकारी दिइएको थिएन । विषादी जलाउन ठिक्क पारिएको हेटौँडा सिमेन्ट फ्याक्ट्रीका मजदूर नेता चित्र के.सी.का अनुसार त्यतिबेला सैनिक र प्रहरीको बल लिएर विषादी जलाउन खोजिएको थियो ।

विषादी जलाउनेसम्बन्धी काम कारवाही केन्द्रदेखि लिएर स्थानीय तहसम्म र पत्रकारदेखि सम्भावित पीडित पक्षसम्म सबैका लागि गोप्य राखिएको थियो- जुन भर्खरै प्राप्त नेपाली प्रजातन्त्रको आकांक्षाको बिल्कुलै विपरीत थियो । विषादी धुल्याउने कामको विरोध भएपछि पुनरावलोकनका लागि आएका विदेशी विशेषज्ञ स्टेभेन डिवन्लले सिमेन्ट कारखानामा जलाउने निर्णय गर्नुअघि पर्याप्त अध्ययन नभएको निष्कर्ष निकालेका थिए । यसबाहेक त्यतिबेला आपराधिक हदसम्मका लापरवाही पनि गरिएका थिए । पश्चिम नेपालको जङ्गलमा विषादी छर्ने काममा संलग्न कृषि सामग्री संस्थानका एक अधिकृत अहिले पनि “स्थानीय बासिन्दालाई थाहै नदिईकन ब्र्यापभ्रुप पारेर विषादी फाल्न सकेकोमा” गर्व गर्छन् ।

त्यतिबेला अमलेखगञ्ज जङ्गलमा सिफारिस गरिएभन्दा १० गुणा बढी मात्रामा विषादी छरिएको थियो । कसैलाई थाहै नदिईकन भुक्याएर विषादी छरेको अमलेखगञ्ज छेउको जङ्गलमा चर्ने बस्तुहरू मरेको गुनासो अमलेखगञ्जवासीहरू अहिले पनि गरिरहेका छन् । गाड्न नहुने भनिएको डेढ टन मर्करी कम्पाउण्ड गाडेको पाएपछि डिवन्लले ती विषादी भिकेर गोदाममा ल्याउन लगाएका थिए ।

यसैले पनि विषादी धुल्याउने चर्चा चल्नासाथ सम्भावित ठाउँका मानिसहरू सशङ्कित हुन्छन् । विषादी जलाउने कुराले हेटौँडा र उदयपुर सिमेन्ट कारखानाका मजदूर र कारखाना क्षेत्र वरपरका मानिसहरू चिन्तित देखिन्छन् भने विषादी छर्ने सम्भावित क्षेत्रका मानिसहरू पनि कम त्रसित छैनन् । यस्तै क्षेत्र मध्येको कपास विकास समितिको बर्दियास्थित अनुसन्धान फार्मका कर्मचारीहरू फार्म हेर्न जाने पत्रकार, वकिल वा जोसुकै मानिसलाई एउटा प्रश्न नबिराईकन सोध्ने गर्छन् “यहाँ म्याद नाघेका विषादी छरेर धुल्याउन उचित होला त ?” आफूले काम गर्ने फार्ममा विषादी धुल्याउँदा पछि कस्तो परिणाम आउँछ भन्ने कुरासँग उनीहरू निकै सतर्क छन् ।

सबै अप्ठ्यारा र विश्वासको सङ्कटलाई विषादी धुल्याउने हालको योजना बनाउँदा ध्यान दिइएको दावी गरिएको छ । कृषि मन्त्रालयका प्रवक्ता नारायण रेग्मीका अनुसार विषादी धुल्याउने योजनामा स्थानीय वासिन्दा, मजदूरका साथै यससम्बन्धी चासो राख्ने सबैलाई यस कामसम्बन्धी सबै जानकारी उपलब्ध गराउने, सम्पूर्ण प्रक्रियामा उनीहरूलाई सहभागी गराउने र वातावरणीय प्रभाव मूल्याङ्कन गर्ने जस्ता कामहरू प्रस्तावित गरिएका छन् ।

तर यी काम विश्वासनीय ढङ्गले गरिन्छन् भन्ने कुराप्रति सरकारबाहिर बस्ने मानिसहरू शङ्का गर्छन् । "हामीकहाँ सरकारी हाकिमहरूले (आफ्नै मन्त्रालयसँग सम्बन्धित, पछि आफैँले निर्णय गर्नुपर्ने विषयमा पनि) वातावरणीय प्रभाव मूल्याङ्कन गर्ने चलन छ । यसो भयो भने शङ्का, उपशङ्का अझ बढ्नु स्वाभाविक हो" डा. शर्मा यी सबै काममा निष्पक्ष मानिसहरूको संलग्नताको आवश्यकता देखाउँदै भन्नुहुन्छ ।

१९९७ को अप्रिलयता यी विषादी धुल्याउने कामप्रति नेपाल अचम्मलाग्दो गरी सम्वेदनशील देखिएको छ । नेपालमा विषादीसम्बन्धी काम कुरा हेर्ने कृषि मन्त्रालयको विषादी समितिले मे १९९४ देखिका तीन वर्षका तीनवटा बैठकमा दुईवटा निर्णय गरेको थियो । विषादी ऐन लागु गराउने तयारी गर्नुपर्ने महत्त्वपूर्ण समयमा बोर्डले यससम्बन्धी धेरै निर्णय गर्नुपर्थ्यो, तर समितिको पहिलो बैठकले विषादी ऐन कार्यान्वयन गर्न महत्त्वपूर्ण कुराहरूलाई त्यसै छाडेर एउटा मात्रै निर्णय गऱ्यो - त्यो पनि व्यापारीको हितमा - भविष्यमा दर्ता नहुने विषादी एक वर्षसम्म बिक्री गर्न दिने भन्ने । यसको १४ महिनापछि बसेको समितिको दोस्रो बैठकमा पनि यही निर्णय दोहोऱ्याइयो । अक्टोबर १९९६ को बैठकमा प्राविधिक र कानूनी उपसमिति बनाउने निर्णय भयो । १९९७ अप्रिलयता मात्र बोर्ड सक्रीय भएको छ । श्री ५ को सरकारका अधिकारीहरू विषादी धुल्याउने कामप्रति चिन्ता व्यक्त गर्दैछन् ।

तर यी सबै सक्रियता र चिन्ता नेपालमा डरलाग्दो अवस्थामा रहेका विषादीले सृजना गरेको होइन रहेछ भन्ने कुरा अहिले आएर प्रमाणित भएको छ । सरकारका काम, कारवाही र सोचाइमा परिवर्तन गर्ने प्रेरणा त एशियाली विकास बैंकबाट पो आएको रहेछ । दोस्रो कृषि कार्यक्रम अन्तर्गतको ऋणसम्बन्धमा एडीबीको बोर्डले विचार गर्नुअघि बैंकद्वारा तयार पारिएको विषादी धुल्याउने

योजनालाई नेपालले अनुमोदन गर्नुपर्ने पूर्व शर्त राखिएको थियो । दोस्रो कृषि कार्यक्रम अन्तर्गत ऋण पाउन अनुमोदन गरिएको विषादी धुल्याउने योजनाको कार्यान्वयन चरणमा भने ऋण पाइसकेको हुनाले सरकार सम्वेदनशील हुन छाडेको छ । सो योजनाअनुसार सन् १९९८ को फेब्रुअरीसम्ममा विषादी गोदामको निरीक्षण गर्ने, विष धुल्याउने समिति गठन गर्ने, विषलाई पुन: प्याकिङ्ग गर्न आवश्यक सुरक्षा सामग्री खरिद गर्ने, त्यसका लागि कर्मचारीलाई तालिम दिने, विष पुन: प्याकिङ्ग गर्ने र विष धुल्याउन प्रस्ताव गरिएका विभिन्न उपायको वातावरणीय प्रभाव मूल्याङ्कन गर्न आवश्यक गृहकार्य गर्ने काम गरिसक्नु पर्थ्यो । तर सरकारले अहिलेसम्म यीमध्ये कुनै पनि काम गरेको छैन । तैपनि कृषि मन्त्रालयका प्रवक्ता "यसमा शङ्का गर्नु पर्दैन, सरकार यस काममा सम्वेदनशील छ" भन्नुहुन्छ ।

पुराना विषादीको हालको समस्या सफलतापूर्वक हल गर्न सकियो भने पनि भविष्यमा थोरै मात्रामा भए पनि विषादी धुल्याउने समस्या आइरहन्छ भन्ने कुरा कृषिसँग सम्बन्धित मानिसहरू सहमत छन् । विषादी ऐनलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्दा विषादी निरीक्षकले विभिन्न ब्यापारी/निकायबाट जफत गर्ने विषादीको मात्रा बर्षेनी ५ देखि १० टन हुने अनुमान गरिएको छ । श्री ५ को सरकार अन्तर्गतका विभिन्न समिति र निगमहरूमा आवश्यकताअनुसार मात्र विषादी खरिद गर्ने बानी बसाउन निकै गाह्रो भइरहेको छ । विषादी रजिष्ट्रार ईश्वर रिजालका अनुसार विषादी समितिलाई कस्तो विषादी उत्पादन, आयात र प्रयोग गर्ने अनुमति दिने भन्ने कुरा मात्र निर्णय गर्ने अधिकार छ । कसैले आयात गर्न लागेको विषादी साँच्चिकै आवश्यक छ कि छैन भन्ने कुरा हेर्ने र आवश्यक नभए त्यसलाई रोक्ने अधिकार प्राप्त निकाय नेपालमा छैन ।

अत्यन्त विषालुको श्रेणीमा राखिएका विषादीहरू आयात हुने सम्भावना अझै प्रचुर छ । पूर्व विषादी रजिष्ट्रार डा. भीमसेन के.सी.का अनुसार विश्व स्वास्थ्य संगठनले अत्यन्त विषालु र विषालुको श्रेणीमा राखेका विषादी नेपालमा प्रयोग गर्न नदिने हो भने सम्भवत: नेपालमा विषादीको कुनै समस्या नै हुँदैन ।

विभिन्न गैरसरकारी संस्था र विशेषज्ञहरूले यस्ता विषादीमाथि प्रतिवन्ध लगाउनुपर्ने माग गरिरहेका छन् । तर यस्ता विषादीमा प्रतिवन्ध लगाउँदा स्थानीयस्तरमा कस्तो प्रभाव पर्ला भनी विषादी समितिले सोधनी गर्दा जिल्लास्तरका जिम्मेवार सरकारी अधिकारी विषादी निरीक्षकहरूले भयावह स्थिति उत्पन्न हुने कुरा

बताएका छन् । उनीहरूका अनुसार किसानहरूले अत्यधिक मात्रामा प्रयोग गर्ने विषादी यस्तै श्रेणीमा पर्ने हुनाले यस्ता विषादीमा प्रतिबन्ध लगाउँदा ऐन कार्यान्वयन गर्न अप्ठ्यारो पर्छ ।

विषादी रजिष्ट्रार रिजालका अनुसार अहिले विषादीको कम प्रयोग गर्ने प्रणालीलाई प्रोत्साहन दिइएको छ । कपास विकास समिति र तरकारी उत्पादन गर्ने किसानहरूको पनि भनाइ यस्तै छ । सरकारका नीतिहरूमा पनि यस्तै प्रावधान छ । तर तिनको कार्यान्वयन गर्ने बेलामा, बजेट छुट्याउने बेलामा भने अर्कै नीतिले काम गर्छ । विषादी रजिष्ट्रारको कार्यालय र बाली नियन्त्रण महाशाखा बजेट नभएर आवश्यक कर्मचारी र सुविधाको पीडा भोगिरहेछ । कृषि मन्त्रालयले विषादी कम गर्ने विषयमा प्रस्ताव गरेको तालिम कार्यक्रमका लागि अर्थ मन्त्रालयले जहिल्यै पनि बजेट काट्ने गर्छ । सरकारले रसायनिक विषादीको कारोबारमा भ्याट छुट दिएको छ । तर कीरा नियन्त्रण गर्ने गैररसायनिक उपायमा भने भ्याट छुट दिएको छैन । सरकारले जानेर वा नजानिकन रसायनिक विषादीलाई प्रोत्साहन दिने पुरानो चलन छोडेको छैन ।

## कसरी थुप्रिए यी विषादी ?

आवश्यकताभन्दा बढी मात्रामा खपत भएर र खरिद भएका विषादी प्रयोग गरी नसक्दै तिनको प्रयोगमा प्रतिवन्ध लागेर संसारका पुराना विषादीको समस्या आउने गरेको छ । तर नेपालमा थुपारिएका कुनै पनि पुराना विषादीमा प्रयोग गर्ने म्याद नाघ्नुअघि प्रतिवन्ध लगाइएको थिएन । नेपालमा यो समस्या नचाहिने विषादी खरिद गर्ने वा दान लिने चलनले गर्दा नै सृजना भएको हो ।

नेपालले सन् १९५१ मा आफूलाई विश्वका सामु खोलेपछि स्वास्थ्य र कृषिका क्षेत्रमा विदेशीहरूबाट दानका रूपमा विषादी भित्रिने क्रम आरम्भ भएको हो । नेपालको उर्बर फाँट तराईमा औलो नियन्त्रण गर्न र कृषि उत्पादन बढाउन विषादीलाई एक मात्र विकल्प ठानेर प्रयोग गरियो । चिया र कपासजस्ता बढी विषादी प्रयोग हुने बस्तुहरूको उत्पादनमा सरकारी स्तरबाट जोड दिइयो । सरकारले सम्पूर्ण कृषि उत्पादन बढाउन विषादीको प्रयोग गर्ने महत्त्वकांक्षी योजना बनायो र त्यहीअनुसार विषादी खरिद गरियो । तर सन् १९८१/८७ बीचमा विषादीको बिक्री लक्ष्यको ४० प्रतिशतभन्दा कम हुन गयो । फलत: विषादी भण्डारमा थन्किन पुगे र म्याद नाघेका विषादीको समस्या उत्पन्न भयो ।

कृषि प्रसार र विषादीको व्यापार गर्ने मानिसहरूको अज्ञानताका कारणले मात्र यो मानवनिर्मित समस्या उत्पन्न भएको होइन । यसका पछाडि विषादी खरिद गर्नेहरूले खरिद गर्दा पाउने आर्थिक लाभ पनि उत्तिकै जिम्मेवार छन् । त्यसैले विषादीका कारण उत्पन्न समस्याको वास्तविक रूप थाहा पाउनेबित्तिकै पनि यो समस्या हल हुनसक्ने देखिन्न ।

उदाहरणका लागि १९९० भन्दा अगावै कृषि सामग्री संस्थानको विषादी सम्बन्धी अज्ञानता हटिसकेको थियो । त्यतिबेला उसले आफूसँग भएका विषादी धुल्याउने काम कति गाह्रो रहेछ भन्ने कुरा बुझिसकेको थियो । तर त्यसपछि पनि कृषि सामग्री संस्थानमा पुराना विषादी थुपार्ने काम रोकिएन । संस्थानले नेपालगञ्जको गोदाममा म्याद नाघेका विषादी सन् १९९३ मा नष्ट गरिसकेको थियो तर अहिले त्यहाँ म्याद नाघेका थप विषादी पाइएका छन् ।

नेपालगञ्जमा अहिले समस्याका रूपमा रहेका विषादी संस्थानले कपास खेतीमा उपयोग होला भन्ने अनुमानका आधारमा ल्याएको थियो । संस्थानको गोदाममा विषादी हुँदाहुँदै कपास खेतीको विकासमा सक्रिय कपास विकास समितिले आफ्ना लागि आवश्यक विषादी बजारबाट धमाधम किनिदियो । श्री ५ को सरकार अन्तर्गतका यी दुई निकायबीच समन्वय भएको भए कपास विकास समितिले विषादी किन्न ठूलो रकम खर्च गर्नुपर्ने थिएन । कृषि सामग्री संस्थानका गोदाममा म्याद नाघेर धुल्याउने समस्या आउन लागेका विषादी सस्तैमा उसले प्रयोग गर्न सक्थ्यो ।

कपास विकास समितिका गोदाममा थुप्रेररहेका विषादी पनि अज्ञानताका कारणले थुप्रेका होइनन् । "हामीहरूले कहिलेकाहीँ हासिल गर्न नसक्ने महत्त्वकांक्षी लक्ष्य राख्यौँ" कपास विकास समितिका परियोजना प्रवन्धक सचेतबहादुर नेपाली भन्नुहुन्छ । कपास उत्पादन हुने क्षेत्रका किसानहरूलाई बीउ, विषादी र प्रविधि उपलब्ध गराउँदै आएको समितिले एक वर्ष ४ हजार ५ सय हेक्टर जमिनमा कपास खेती गर्ने लक्ष्य राख्यो । खेतीचाहिँ भयो तीन हजार हेक्टरमा मात्र । यसैले खरिद भएको विषादी खपत हुन सकेन र थुप्रन गयो । किसानहरूले कपास खेती गर्ने क्षेत्रफल वर्षेनी घटाइरहेको कुरा थाहा हुँदाहुँदै पनि कपास विकास समितिले प्राप्त गर्न नसकिने लक्ष्य राखेर बढी विषादी खरिद गऱ्यो ।

एकपटक खरिद भएको विषादी सामान्यतया दुई वर्षसम्म मात्र प्रयोग गर्न सकिन्छ । तर सन् १९८९ देखि पुराना विषादी गोदाममा राखेको समितिले हरेक वर्ष बढीभन्दा बढी मात्रामा नयाँविषादी किनिरह्यो, पुराना म्याद नाघ्न लागेका विषादी पहिला प्रयोग गर्नुपर्छ भन्ने कुरा उसले ध्यानै दिएन ।

सन् १९९४-९५ मा कपास विकास समितिले २० हजार लिटर विषादी खरिद गर्न लागेको थाहा पाएर नेपाल वातावरण पत्रकार समूहको विषादी निगरानी टोलीले यसरी जथाभावी विषादी खरिद गर्नु उचित छ ? भनी प्रश्न उठाएपछि मात्र कपास विकास समितिले कम विषादी खरिद गर्न थाल्यो । यसअघिसम्म कपास विकास समितिले वर्षेनी १ करोड २० लाख रुपियाँ बराबरको विषादी किन्ने गर्दथ्यो । नेपालका सरकारी वा सार्वजनिक निकायले खरिद गरेका बस्तु वा सेवाको मूल्यको कम्तीमा १० प्रतिशत रकम खरिदकर्ताले पाउने चलन वैधानिकजस्तै भएको छ ।

## विषादी धुल्याउने सम्भावित तरिकाहरू

धनी देशहरूमा गह्रौं धातु नमिसिएका, झोल विषादीहरू जलाएर नष्ट गर्ने गरिएको छ । तर गरिब देशहरूमा विषादी जलाउने प्रविधि छैन । त्यसैले गरिब देशहरूले विषादी जलाउने प्रविधि भएका देशमा पठाएर जलाउने गरिआएका छन् । तर यसो गर्नु खर्चिलो (यमनले केही वर्षअघि युरोपीय देशमा पठाएर विषादी जलाउँदा प्रति टन तीनदेखि चार हजार डलर खर्च लागेको थियो ।) र एक ठाउँबाट अर्को ठाउँमा विषादी लैजाने काम खतरनाक भएकाले हाल आएर सिमेन्ट फ्याक्ट्रीका भट्टीमा जलाउन थालिएको छ ।

एशियाली विकास बैंकको अध्ययन टोलीले नेपालमा विषादी धुल्याउन सम्भावित विभिन्न उपायहरूमध्ये सिमेन्ट फ्याक्ट्रीमा जलाउने उपायलाई एक ठानेको छ । नेपालमा यस कामका लागि हेटौंडा र उदयपुर सिमेन्ट कारखाना उपयुक्त हुन्छन् कि भन्ने उसको राय छ ।

सबैखाले विषादी डढाएर नष्ट गर्न सकिन्न । जलाएर नष्ट गर्न नसिकिने विषादीलाई जमिनमा छरेर र जमिनमुनि गाडेर पनि नष्ट गर्ने चलन छ । यस कामका लागि कपास विकास समितिको अनुसन्धान फार्म, विजुलीको हाइटेन्सन लाइनमुनिको जमिन र चुरे पहाडलाई सम्भावित ठाउँका रूपमा हेरिएको छ ।

जैविक ढङ्गले नष्ट हुन दिएर पनि विषादी धुल्याउन सकिन्छ । तर यसो गर्न बढी समय लाग्नुका साथै अत्यन्त कुशल व्यवस्थापन पनि चाहिन्छ ।

विषादी नष्ट गर्ने एउटै तरिका सबै विषादीका लागि प्रयोग गर्न सकिँदैन । कुनै विषादी गाड्नु हुँदैन, कुनै विषादी जमिनमा छर्दा खतरा हुन्छ र कुनै विषादी डढाउन हुँदैन । अमलेखगञ्जको गोदाममा रहेका साढे सात टन मर्करी मिसिएका विषादी धुल्याउने एउटै मात्र सुरक्षित तरिका त्यसलाई पुन: प्रयोग गर्ने सुविधा भएका युरोपीय अथवा अमेरिकी देशमा पठाउनु हो ।

*(२०५५ सालमा काठमाडौं दुडे तथा हाका-हाकी पत्रकारिता प्रकाशित)*

# न्यायमा अन्याय : अब के गर्ने ?

– शिव गाउँले

न्यायको पवित्र मन्दिर मानिने न्यायपालिकाको स्वच्छताप्रति अहिले सार्वजनिक रूपमा प्रश्नहरू उठिरहेका छन् । न्यायालय भ्रष्टाचारको अखडा भयो र केही न्यायकर्मीहरूको व्यवहारकै कारण न्यायपालिकाको शुद्धतामा प्रश्नचिन्ह लाग्यो भन्ने निष्कर्ष यस क्षेत्रकै भुक्तभोगी र पेशेवरहरू निकालिरहेका छन् । अदालतभित्र भ्रष्टाचारको आकार बढ्दै गएको गुनासोलाई नेपाली प्रेसले ठाउँ दिन थालेपछि न्यायाधीशहरूको तर्फबाट पनि त्यसलाई संगठित रूपमा प्रतिकार गर्ने प्रयास समेत गरियो । न्यायाधीश समाजको पछिल्लो सार्वजनिक विज्ञप्तिपछि नेपालको न्यायपालिका विवादबाट धेरै टाढा रहेन । यो विज्ञप्तिले भ्रष्टाचारको आडमा अकुत सम्पत्ति जोड्ने र न्यायपालिकालाई नै तहसनहस पार्न समेत पछि नपर्नेहरूलाई समेत न्यायपालिकाले बचाउ गर्ने प्रयत्न गरेको भान हुन्छ । अब नेपाली प्रेस र न्यायपालिकालाई एक-अर्काविरुद्ध उभ्याउन खोज्नेहरूको चाहना यसबाट पूरा हुने सङ्केत देखिएको छ किनभने नेपाली न्यायप्रणालीको इतिहासमा स्वच्छ र प्रभावकारी न्याय सम्पादन गर्ने परिपाटी बसाउने हरिप्रसाद प्रधानको मात्रै नाम आउँदैन त्यहाँ भ्रष्टाचारको अभियोग लागेर सेवाबाट निस्कासित

रामेश्वरमान अधिकारी र ध्रुवलालराजहरूको नाम पनि आउँछ ।

न्यायका लागि अदालतको ढोका घच्घच्याउन पुग्नेहरू अदालतभित्र भ्रष्टाचार व्याप्त भएको गुनासो मात्र गर्दैनन्, त्यसकै कारण मुद्दाको फैसला प्रभावित भएको पनि निर्धक्क बताउँछन् । कुनैकुनै मुद्दामा त न्यायाधीशले फैसला सुनाएपछि मिशिल (फाइल) फाँटवाला समक्ष आइनपुग्दै अदालतभित्रै जोडघटाउ र लेनदेनको चर्चा चल्छ । तर निरीह छन् त्यहाँभित्रका इमान्दारहरू जो चुपचाप आफ्नो काम सकेर घर फर्कन्छन् । वरिष्ठ अधिवक्ता कृष्णप्रसाद भण्डारीका शब्दमा "न्यायाधीशहरू भ्रष्टाचारबाट आर्थिक सम्पन्न मात्र होइन समाजमा प्रतिष्ठितसमेत भएका छन् । जो घुस खाँदैनन् उनीहरू निराश छन् । यसले न्याय खोज्नेहरूमाथि अन्याय थपेको छ ।"

घुस र भ्रष्टाचारजस्ता राजनीतिका क्षेत्रमा देखिएका विकृतिहरूले प्रवेश पाएको हुनाले न्यायपालिकाप्रतिको आस्था घट्दै गएको अनुभव यो क्षेत्रका पेशेवर र भुक्तभोगीहरू व्यक्त गर्न थालेका छन् । तीन वर्षअगाडि मात्र सेवानिवृत्त एकजना जिल्ला न्यायाधीश भन्नुहुन्छ- "हामी हुँदासम्म कहींकहीं अनियमितता भयो भन्नेसम्म सुनिन्थ्यो तर अब त सिधै ठेक्कापट्टाको कुरा सुनिन्छ । मलाई लाग्छ - अदालतभित्रको यो अनियमितता रोकिएन भने हामीले अदालतभित्र पनि प्रजातन्त्र ल्याउन अर्को ०४६ साल निम्त्याउनुपर्ने हुन्छ ।"

अदालतभित्र भ्रष्टाचार तीव्र गतिमा मौलाइरहेको तथ्यलाई न्यायक्षेत्रका बुद्धिजीवी र विशेषज्ञहरूले मात्र होइन स्वयं न्यायपालिकाको उच्च ओहोदामा बस्नेहरूले पनि स्वीकार गर्दै आएका छन् । प्रधानन्यायाधीश ओमभक्त श्रेष्ठले पदमा वहाल छँदै न्यायपालिकाभित्र भइरहेको भ्रष्टाचारलाई सङ्केत गर्दै भन्नुभएको थियो - "कानुनी व्यवस्थाको अभावले भ्रष्टाचार नियन्त्रण प्रभावकारी भएको छैन ।" तर व्यवहारमा यो भनाइ त्यति वस्तुनिष्ठ देखिँदैन । एउटा प्रधानन्यायाधीशले मात्र चाहेमा अदालतभित्रका ८० प्रतिशतभन्दा बढी अनियमितताहरू नियन्त्रण हुनसक्छ भन्ने दावी कानुनविद्हरूको छ । अदालतभित्र हुने भ्रष्टाचारका सम्बन्धमा औपचारिक रूपमा कुनै निकायले खुलेर नबोलिरहेको बेला मानव विकास प्रतिवेदन सन् १९९८ ले किटेर भनेको छ- "अदालतभित्र भ्रष्टाचार हुने गरेको छ ।"

## भ्रष्टाचार थरिथरिका

अदालतमा मुख्यतया दुई किसिमबाट आर्थिक भ्रष्टाचार हुने गरेको पाइन्छ । राजश्वबाट 'न्यायपालिका' का निम्ति विनियोजित रकममा हुने भ्रष्टाचार र दोस्रो मुद्दामा हुने भ्रष्टाचार । सरकारी राजश्वबाट प्राप्त रकममा हुने भ्रष्टाचारअन्तर्गत विकास निर्माण तथा भौतिकवस्तुको खरिद गर्ने क्रममा सानातिना भ्रष्टाचारहरू हुने गर्छन् । तर यस्ता भ्रष्टाचारहरू कानुनको आँखामा सामान्यत: भ्रष्टाचार देखिँदैनन् । किनभने त्यस्ता निर्माण र खरिदसम्बन्धी प्रक्रियामा कानुनत आवश्यक प्रक्रिया पूरा गरिएको हुन्छ । सर्वोच्च अदालतका एक अधिकृतका अनुसार काठमाडौं उपत्यकाभन्दा बाहिरका अदालतहरूमा कार्यालय प्रयोजनका लागि खरिद गरिएका वस्तुहरू सम्बन्धित अदालतका न्यायाधीश र माथिल्लो तहका कर्मचारीहरूले निजी रूपमा प्रयोग गरिरहेका हुन्छन् । "आफूलाई आवश्यक पर्ने स्टोभपिन पनि अदालतको बजेटबाट खरिद गरेर बिल मिलाउने तथा कार्यालय प्रयोजनका लागि किनेको टाट (कार्पेट) निजी रूपमा प्रयोग गरेका थुप्रै उदाहरण हामीसँग छन्" सर्वोच्च अदालतकै एक कर्मचारी बताउँछन् ।

त्यतिमात्र होइन, बजेटबाट हुने अनियमितताहरूमा इन्धन, मोटर मर्मत तथा विभिन्न कार्यक्रमहरूका लागि भत्ता सुविधाजस्ता विषयहरूमा पनि आर्थिक अनियमितता हुने गरेको बताउने ती कर्मचारी भन्छन्- "तर यी सबै विषयमा सोझै भ्रष्टाचार हुँदैन, अन्य सरकारी कार्यालयमा जस्तै कम लागतमा काम भए पनि बढी पैसाको बिल, कम समय काम गरेर बढी समयको भत्ता माग गर्नेजस्ता घटनाहरू भने हुने गर्छन् ।" तर अदालती लेखा प्रशासनसँग सम्वद्ध अर्का एक पदाधिकारी भन्छन्- "बजेटमा हुने सामान्य अनियमिततालाई अदालतभित्रको भ्रष्टाचार भनेर चित्रण गर्न मिल्दैन । श्री ५ को सरकारका कार्यालयहरूमा हेरी यहाँ त पाँच प्रतिशत पनि भ्रष्टाचार छैन ।" पुनरावेदन अदालत विराटनगरका न्यायाधीश परशुराम झाले सुविधामा किनेको मोटर भाडामा लगाएर भारतीय गाडी प्रयोग गर्ने गरेको र उक्त गाडीकै लागि अदालतबाट तेल सुविधा लिएको भन्ने सार्वजनिक समाचारप्रति भने ती वरिष्ठ कर्मचारीले आफूलाई थाहा नभएको बताए ।

अदालतभित्र हुने भ्रष्टाचारको मुख्य सम्बन्ध झगडियाहरूसँग हुन्छ । जब कुनै व्यक्ति विवादित विषयमा न्याय माग्न अदालतमा प्रवेश गर्छ, तब उसलाई

भ्रष्टाचारीहरू दुहुनो गाई ठानेर व्यवहार शुरु गर्छन् । मुद्दा दर्ता हुँदा इमान्दार फाँटवालाकहाँ परेन भने मुद्दा दर्ता भएकै दिनदेखि झगडिया दुहिन सुरु हुन्छ । यो क्रम इमान्दार न्यायाधीशकहाँ मुद्दा परेर फैसला नभएसम्म जारी रहन्छ । मुद्दाको क्रममा हुने भ्रष्टाचारप्रति मुख्यतया दुईवटा क्षेत्रमा भ्रष्टाचार हुने गर्छ । पहिलो, मुद्दाको प्रक्रियामा हुने भ्रष्टाचार र दोस्रो मुद्दाको निर्णयमा हुने भ्रष्टाचार ।

सामान्यतया मुद्दा दर्ता भएपछि पेशी चाँडो गर्न र न्यायाधीशबाट भएको आदेश बमोजिम गरिनुपर्ने पत्राचार तथा मुद्दालाई अगाडि बढाउन आवश्यक पर्ने प्रक्रियामा भ्रष्टाचार हुने गर्दछ । चाँडो पेशी तोक्न, म्याद तामेल गर्न र फैसला कार्यान्वयन गर्ने क्रममा मुद्दाका पक्षले सम्वन्धित फाँटवालाले भनेअनुसार 'चिया खर्च' दिनैपर्छ । नत्र हरेक काम 'अर्को साता मात्र' भन्ने जवाफ पाइन्छ । करिब सत्र वर्षदेखि मुद्दा लड्दैआएकी मैतीदेवीकी उमादेवी उपाध्याय भन्नुहुन्छ- "कर्मचारीहरूलाई पैसा दिएन भने अदालतमा वरको कागज पर पनि सर्दैन ।" त्यस्तै काठमाडौं खड्का भद्रकाली गाविसका रेशमबहादुर खड्काका अनुसार उनका आफन्तको मुद्दा फैसला भएको वर्ष दिनसम्म पनि कार्यान्वयनमा आलटाल भएपछि पैसा खुवाएर फैसला कार्यान्वयन गराउनु पऱ्यो ।

तर पुनरावेदन अदालत पाटन ललितपुरमा वर्षौंदेखि सुब्बा तहमा बसेर काम गर्दैआएको बताउने एक कर्मचारी भन्छन्- "अदालतमा सबै कर्मचारीहरूलाई मुछेर भ्रष्टाचारी भन्न खोज्नु इमान्दारमाथिको अन्याय हो ।" उनी भन्छन्- "अहिले पनि नेपालका सम्पूर्ण अदालतमा करिब ७० प्रतिशत कर्मचारीहरू इमान्दार छन् । उनीहरू मुद्दामा झगडियाहरूबाट 'पाँच पैसा' पनि लिँदैनन् । तर समाजमा फटाहा र बदमासहरू जहींतहीं छन्, अदालतमा पनि होलान् ।" उनका अनुसार राजधानी र अलिक आर्थिक गतिविधि हुने क्षेत्रमा कुनै कर्मचारीले कोहीबाट अतिरिक्त रकम माग गऱ्यो भन्दैमा नेपाल अधिराज्यभर फैलिएका अदालतका सम्पूर्ण कर्मचारीमाथि आरोप लगाउने काम गर्नु हुँदैन ।

निर्णयमा हुने भ्रष्टाचारको अङ्क प्रक्रियामा हुने भ्रष्टाचारको अङ्कभन्दा ठूलो हुन्छ । मुद्दाको प्रक्रियामा हुने भ्रष्टाचारमा सामान्यत: अदालतका कर्मचारीहरूको संलग्नता हुन्छ । प्रक्रियामा हुने भ्रष्टाचारले न्याय प्रणालीलाई जनतामाझ बद्नाम बनाउन सक्ने भए पनि सर्वोच्च अदालतका रजिष्टार नै यसको उपचारका लागि काफी हुनसक्नु हुन्छ । सर्वोच्च अदालतका रजिष्टारले कर्मचारी प्रशासनबाट हुने गैरआचरण नियन्त्रण गर्नसक्ने अधिकार राख्नुहुन्छ ।

## तेह्र वर्षअघि पनि भ्रष्टाचारको चर्चा

(न्याय सुधार आयोगको प्रतिवेदन, २०४२ बाट जस्ताको तस्तै)

३.१ अदालतहरूबाट जनताले निष्पक्ष न्याय प्राप्त गर्न सकेनन् भने मुद्दाका पक्षहरूले आफूमाथि परेको अन्याय सहेर बस्ने वा अन्यायको उपचारका लागि अदालतमा जानुको सट्टा शक्तिको आधारमा आफैँले बदला लिने भावना लिन थाल्दछन् । यी दुवै स्थितिले राज्य, व्यवस्था, राजनैतिक स्थिरता, सामाजिक न्याय र देशको आर्थिक विकास आदि कुरामा गम्भीर असर पार्दछ र देशमा अमनचयन कायम गर्ने राज्यको प्रथम र महत्त्वपूर्ण कर्तव्य नै पूरा गर्न गाह्रो पर्दछ । अदालतबाट निष्पक्ष न्याय नहुने वा न्याय परेको नदेखिएमा अदालतप्रति जनआस्था कायम रहन नसक्ने अवस्था पर्छ र अन्ततः यसले समाज, व्यक्ति र राज्यकै लागि हितकारी परिणाम ल्याउन सक्दैन । अदालतप्रतिको जनआस्था वृद्धि गर्नु अदालतका लागि मात्र नभई राज्यको आदर्श अनुकूल वातावरण सृजना गर्नलाई समेत आवश्यक कुरा हो । अदालतबाट हुने न्याय नै अदालतप्रतिको जनआस्थाको मुख्य आधार भएकोले न्याय व्यवस्थालाई शुद्ध र सुदृढ पारेर मात्रै अदालतबाट निष्पक्ष न्यायको आशा गर्न सकिन्छ ।

३.३ अदालतबाट हुने न्याय निसाफमा भ्रष्टाचारले प्रभाव पार्दै गएको छ भन्ने जनगुनासो छ । यस्ता काम कुराको निवारणका लागि रहेका अख्तियार दुरूपयोग निवारण आयोग र विशेष प्रहरी विभागजस्ता निकायबाट प्रभावकारी ढङ्गले काम कारवाही हुने गरेको देखिएन । भ्रष्टाचार समेतमा न्याय सेवा आयोगले विभागीय कारबाही चलाई सजायका लागि सिफारिस गर्नसक्ने व्यवस्था रहेको छ । तर, यसलाई प्रभावकारी रूपमा कार्यान्वयन भएको देखिएन । अदालतहरूमा भएका वा हुनसक्ने भ्रष्टाचारको समुचित अनुसन्धान गरी त्यसको निवारणका लागि न्यायपालिकाको आफ्नो छुट्टै यन्त्र पनि छैन । यसले गर्दा अदालतमा भ्रष्टाचार भएको छ भने शङ्कास्पद स्थिति विद्यमान रहिरहन जान्छ ।

यसबाट जनभावना गुम्सिएर रहन गई भ्रष्टाचार विरुद्ध प्रभावकारी कारवाही नभई भ्रष्टाचार अझ फस्टाउने अवस्था रहन जान्छ । विवादको शान्तिपूर्ण समाधानका लागि अदालतमा प्रवेश गरी निष्पक्ष र स्वतन्त्र न्यायको आशा मुद्दाका पक्षले राख्ने र अदालतबाट सही रूपमा न्याय सम्पादन गरिने विश्वासले नै समाजमा कानून नियमले अधिशासित गर्ने हुनाले अदालतप्रतिको भ्रष्टाचारको आरोप वा जनगुनासोलाई बहुतै सम्वेदनशील भएर हेर्नुपर्दछ । अरू क्षेत्रको भ्रष्टाचारले भन्दा अदालतमा हुने भ्रष्टाचारले राष्ट्र र समाजमा बढी नराम्रो प्रभाव पार्दछ । अदालतमा भ्रष्टाचार हुन्छ भन्ने धारणासम्मले पनि न्यायिक प्रक्रियाको प्रभावकारिता र अदालतप्रतिको आस्थामा गम्भीर रूपमा असर गर्दछ । यस अवस्थाको समुचित निराकरण गर्नका लागि कारवाही गर्ने प्रभावकारी यन्त्रको व्यवस्था हुनु आवश्यक देखिन्छ ।

३.४ न्याय सम्पादनको सिलसिलामा न्यायाधीशले निर्णय गर्दा उसले न्यायिक मनको प्रयोग कति गरेको छ भन्ने कुरा बोल्न नसक्ने पक्षको आत्माले पनि फैसला हेर्दा अनुभव गरेको हुन्छ । पक्षले आफूले किन हारियो र विपक्षले किन जित्यो भन्ने कुरा केही फैसलामा स्पष्ट रूपमा उल्लेख भएको पाउँदैनन् । तल्लो तहको निर्णयहरू माथिल्लो तहका अदालतहरूबाट उल्टिरहन्छन् । कुनैकुनै फैसलामा कानुनी आधारसम्म पनि उल्लेख गरेको पाइँदैन । सर्वोच्च अदालतको नजीर यो मुद्दामा लाग्दैन भनी मातहतका न्यायाधीशले निर्णयमा उल्लेख गरी आफ्नो कर्तव्य पूरा भएको सम्झने गरेका छन् । सर्वोच्च अदालतबाट पनि एकैजना न्यायाधीशले एकै प्रकृतिको मुद्दामा बेग्लाबेग्लै बेञ्चमा बसी गरेका निर्णयहरू र विभिन्न क्षेत्रबाट भएका निर्णयहरू पनि एक-अर्कामा अकारण बाझिन गएको पनि केही उदाहरणहरू नभेटिएका होइनन् । यस्तो अवस्थाले न्यायाधीशहरूलाई केही स्वेच्छाचारी बनाउन मद्दत पुऱ्याई राखेको हुन्छ । यस्तो अन्योल स्थितिबाट कसैले इन्साफ पाइहाले पनि अन्तिम भइसकेको निर्णय फेरि उल्टिने हो कि ? भनी आशङ्कित भएर बस्नुपर्ने अवस्था पर्दछ । न्यायको बाटो सर्वसाधारणका लागि सरल र बोधगम्य हुनुपर्दछ ।

३.५ कतिपय ठाउँमा विनाकारण केही मुद्दाहरू मुल्तवी पनि राखिएको र केही मुद्दामा कार्यविधि ऐनको अङ्क नपुऱ्याई निर्णय गरेको, समयमा कारबाही नगर्ने म्याद पुग्न लागेपछि अङ्क पुगेको भए पनि नभए पनि वेरीतसँग मुद्दा छिन्ने र पुनरावेदन सुन्ने अदालतले म्यादभित्र मुद्दा किनारा गरेको देखाउनका लागि सुरु मिसिल नमगाएरै मुद्दा छिन्ने गरेको बुझियो । अदालतबाट हुने यस्तो काम कारबाहीले अदालतप्रतिको जनआस्थामा प्रतिकूल असर पारेको देखिन्छ । अदालतप्रतिको जनआस्था घटाउन र बढाउनमा मूलतः अदालत जवाफदेही हुनुपर्ने अवस्था छ ।

३.६ न्यायसेवा अन्तर्गतका प्रत्येक पदाधिकारीहरू, खासगरी इन्साफ गर्ने न्यायाधीशहरूले आफ्नो अधिकारको प्रयोग र कर्तव्य पालन गर्दा पद अनुरूपको आचरणमा रही इमान्दारी र निर्भयतासाथ ऐन-कानुनलाई प्रभावकारी रूपमा लागु गरेको खण्डमा अदालतप्रति आस्था स्वतः बढ्न जान्छ ।

मुद्दाको फैसला अर्थात् निर्णयलाई प्रभावित पार्ने खालका भ्रष्टाचारहरूमा भने अदालतका कार्मचारी, कानुन व्यवसायी र विचौलियाका अलावा स्वयं सम्बद्ध न्यायाधीश वा न्यायाधीशहरूको संलग्नता अनिवार्य हुन्छ । न्याय क्षेत्रको भ्रष्टाचारको मूल प्रसङ्ग यस्तै भ्रष्टाचारसँग जोडिएको छ । बजेट र राजश्व हिनामिनाका कुराहरू यहाँ गौण हुन जान्छन् ।

## शैलीका कीर्तिमानहरू

पियन, भान्से र चौकिदारहरू 'भ्रष्ट' न्यायाधीशका 'विशेष टीम'का सदस्य मानिन्छन् । यसमा 'भ्रष्ट' न्यायाधीशका नाता-गोताहरूको अझै मुख्य भूमिका हुन्छ । मुद्दाको निर्णयमा प्रभाव पार्न कुनै पनि व्यक्तिले सामान्यतया सोझै न्यायाधीशलाई भेट्न सक्दैन । उसले त्यस्ता नाता-गोता, पियन, भान्से, ड्राइभर र चौकिदारमार्फत् सम्बद्ध न्यायकर्मी समक्ष प्रस्ताव पुऱ्याउँछ । यसपछि ऊ र रकमी व्यक्तिबीच मोलतोल गरेर निर्णय अनुकूल बनाइन्छ । अक्सर गरेर यस्तो प्रभाव विशेष काम वा सद्भाव दर्शाएर पनि व्यक्त हुने गर्छ । नेपाली समाज

निकै सानो र केही थोरै जाति र वर्गमा सीमित रहेको कारणले पनि यो असम्भव छैन ।

आफूलाई सर्वोच्च अदालतको कुनै न्यायाधीशको 'खास मान्छे' ठान्नेले अधिराज्यको कुनै पनि जिल्ला अदालतमा र पुनरावेदन अदालतमा फुर्ति लगाउँछ । त्यही धम्कीकै भरमा ऊ अन्यत्र सरुवा हुँदैन । मुद्दा दर्तादेखि फैसला हुँदासम्म यस्ता कर्मचारीहरूको व्यवहार त्यस्तो हुन्छ मानौँ उनीहरू नै न्यायाधीश हुन् । त्रिलोकप्रताप राणा प्रधानन्यायाधीश भएको बेला काठमाडौँ जिल्ला अदालतमा एकजना कर्मचारीको फुर्ति हेर्नलायक थियो । उनी अघिल्लै दिन फलानो मुद्दा कुन न्यायाधीशको बेञ्चमा पर्छ भन्ने आफूलाई थाहा हुने बताउँथे तर यस वापत उनी पैसाको प्रस्ताव गर्थे । काठमाडौँ जिल्ला अदालतमा कार्यरत एकजना अर्का कर्मचारी भन्छन्- "हरेक पटक जब प्रधानन्यायाधीशको परिवर्तन हुन्छ तब यहाँ नयाँनयाँ मान्छेको फुर्ति बढ्छ ।" उनका अनुसार प्रधानन्यायाधीशको 'खास मान्छे' भन्ने प्रमाणित गराएपछि उसले आफूले चाहेबमोजिम गराउन सक्ने वातावरण बनाउन थाल्छ ।

२०५५ जेठको पहिलो सातामा सर्वोच्च अदालतमा एउटा हल्ला चल्यो । एकजना वरिष्ठ न्यायाधीशले प्रधानन्यायाधीशले तोकेबमोजिम पेशीसूची ननिकालिएको भनी गर्नुभएको गुनासो अदालतका अरू कर्मचारीहरूले पनि सुने । त्यसबेलासम्म सर्वोच्च अदालतका कर्मचारी ८:०० बजे प्रधानन्यायाधीशकहाँ जान्थे र ८:३० बजे प्रधानन्यायाधीशले तोके बमोजिमको दैनिक पेशीसूची लिएर फर्कन्थे । अदालतमा हरेक दिन बिहान ९:०० बजे दैनिक पेशीसूची प्रकाशित गरिन्थ्यो । तर यसबीचमा मुद्दाका ठेकेदारहरू सर्वोच्च अदालत पुगिसकेका हुन्थे र उनीहरूलाई दिउँसो कुन मुद्दा कहाँ पर्दैछ भन्ने जानकारी बिहान ९:०० बजे नै हुने गर्थ्यो । यसबीचमा उनीहरूलाई मोलतोल र सिफारिस गर्न समय पर्याप्त हुन्थ्यो । तर सर्वोच्च अदालतमा भएको सानो टिप्पणी र चर्चापछि अहिले समय परिवर्तन गरिएको छ । अहिले दैनिक पेशीसूचीको लिस्ट ९:०० बजे मात्र सर्वोच्च अदालतमा आउँछ र टाइप गरेर टाँस गर्दा करिब १० बज्छ, त्यसबेलासम्म सबै न्यायाधीशहरू अदालत आइपुग्नुभएको हुन्छ । सर्वोच्च अदालतका मुद्दा शाखासँग सम्वद्ध कर्मचारीहरू भन्छन्- "पछिल्लो समयमा पेशीसूची प्रकाशित गरिने शैलीले थोरै भए पनि राम्रो भएको छ । तर भ्रष्टाचार नियन्त्रण गर्न यो प्रयास कुनै ठूलो भने होइन ।"

## इतिहासमा के के भयो ?

नयाँ वर्ष २०५५ को शुरुवातमै नवनियुक्त प्रधानन्यायाधीश मोहनप्रसाद शर्माले नेपालको अदालतका कामकारवाहीमा तीन किसिमका सुधार गर्ने घोषणा बीबीसी नेपाली सेवा मार्फत् गर्नुभएको छ । उहाँका अनुसार मुद्दा छिन्नमा भइरहेको ढिलासुस्ती हटाइनेछ । कुनै पनि तहका अदालतमा मुद्दा परेको दुई वर्षभित्र मुद्दा छिनिनेछ । अदालतका कर्मचारी अनुशासित हुनेछन् ।

पश्चिममा न्याय प्रशासन प्रणाली पढेका धेरै नेपालीहरूले पश्चिमे शैलीको प्रणाली लागु गर्नुपर्छ भन्लान् किनभने नेपालका शैक्षिक संस्थाहरूमा कुनै सयममा नेपालमा गतिलो न्याय प्रशासन थियो भन्ने कुरा पढाइएको छैन । जनताप्रति अनुत्तरदायी राणाकालीन न्याय प्रशासन राम्रो हुनु आवश्यक थिएन भन्ने व्यापक विश्वास भए पनि अहिले अदालतमा सुधारका खाँचो देखिएका क्षेत्रहरूमा सुधारका लागि आवश्यक उपायहरू अवलम्बन गरिएका थिए ।

पहाड अदालत र अपील अदालतहरूले २००३ सालमा गरेको काम, विभिन्न तहका न्यायालयमा काम गर्ने मानिसहरूका विरुद्ध परेको मुद्दा, अदालतको ढिलासुस्ती र बहादुरी हेरेर २००३ सालमा कमान्डर इन चिफ जनरल मोहन शमशेरले कसैलाई जरिवाना गरेका थिए, कसैलाई इनाम दिएका थिए । भ्रष्ट आचार भएका मानिसको जागिर पनि खाइदिएका थिए त्यतिबेलाका कमान्डरहरूले ।

मोहन शमशेरले २००३ सालमा म्याद नाघेका मुद्दा बाँकी राख्नेलाई मुद्दैपिच्छे पचास पैसा (हालको ६२५० रुपियाँ) र म्याद नघाइ मुद्दा छिन्नेलाई मुद्दैपिच्छे पच्चीस पैसा जरिवाना गरेका थिए । थुप्रै अदालतहरू यस निर्णयबाट प्रभावित भए । पाल्पा, स्याङ्जा, बाग्लुङ्ग, प्यूठान, सल्यान, डोटी, दैलेख, डँडेलधुरा, सुर्खेत, जुम्ला, श्री ३ सरकारतर्फ पोखरा, श्री ५ सरकारतर्फ पोखरा, पश्चिम २ नं. धादिङ्ग, नुवाकोट, चिसापानी, चितौन, धनकुटा, पूर्व ६ नं. भोजपुर, खोटाङ्ग, पूर्व ३ नं. उदयपुर, पूर्व २ नं. सिन्धुली, सिन्धुपाल्चोक अदालत तथा पाल्पा, डोटी र धनकुटा अपील

अदालतले म्यादभित्र मुद्दा छिनेका रहेनछन्, म्याद नाघेर मात्र मुद्दा छिनेका रहेछन् ।

कुनै अदालतले म्यादभित्र मुद्दा छिन्न नसकिने पर्याप्त कारण खुलाएमा त्यस्ता अदालतलाई कारवाही नगर्ने चलन पनि त्यतिबेला थियो । "नुवाकोट अदालत, पूर्व २ नं. र धनकुटा अदालतले अड्काउ भएको बेहोरा जाहेर गरेकाले जरिवाना गर्नु नपर्ने" २००२ सालमा पहाड अदालत र अपील अदालतहरूले गरेका काम हेरी २००३ साल फागुन १७ गते लगाएको खड्ग निशानामा उल्लेख गरिएको छ ।

राम्रो काम गर्नेहरूलाई प्रोत्साहनस्वरूप तलव बढाइदिने चलन पनि थियो त्यतिबेला । आफूलाई मन परेका मानिसलाई बिनाकारण, बिनायोगदान मन लागेको पुरस्कार दिने चलन भएको वर्तमान अवस्थामा राम्रो काम गर्दा तलव बढ्ने र तलव बढाउँदा त्यसको कारण खोल्ने राणाकालीन चलनबाट पनि केही सिक्न सकिन्छ ।

अदालत न हो, कर्मचारीहरूले त्यतिबेला पनि घुसमा पनि नाम कमाएका थिए । काभ्रेपलाञ्चोक अदालतका डिट्ठा धर्ममान श्रेष्ठले चोरी मुद्दामा समेत पहिले भइसकेको कारबाहीलाई आफैंले बदर गरी वेरितसँग कारबाही गरी जाहेर गरेकोमा मो. रु. ५० जरिवाना तिर्नु पर्‍यो । मोहन शमशेरले त यिनको जागिर थामिदिए । तर २००६ सालमा बबर शमशेरले यिनको जागिरै खोसिदिए । डोटी अदालतका सुब्बा वेदप्रसाद धिताल र धादिङ अदालतका डिट्ठा टीकानिधिलाई त बबर शमशेरले पजनी अगावै जागिरबाट हटाइदिए ।

मोहन शमशेरले २००३ सालमा घुसमा पक्राउ परेका, आम्दानी भएको रुपियाँ स्याहामा नबाँधेका, घाउ जाँच नगराइदिएको, नकुटेको मान्छेको घाउ जाँच गरेको, बेहिसाबसँग घाउ जाँच गराएको, रैतीबाट सो रु. असुल गरी वहीमा कम्पनी आम्दानी बाँधी सरकारको नोक्सान पारेको आरोप लागेका अदालतका कर्मचारीहरूको मुद्दा पनि हेरेका थिए ।

मोहन शमशेरका उत्तराधिकारी मिनिस्टर एन्ड कमान्डर इन चिफ जनरल बबर शमशेरले २००४ सालमा न्यायालयले गरेको काम हेरेर मुद्दा परेअनुसार

अदालतलाई खर्च थपिदिने निर्णय गरेका थिए । डँडेलधुरा, नुवाकोट, खोटाङ्ग, बझाङ्ग, पश्चिम २ नं. पाल्पा र डोटी अदालतले साविकभन्दा ७३२ रुपियाँ थप पाएका थिए ।

२००६ सालमै बबर शमशेरले महँगी भएकाले म्याद नघाइ मुद्दा छिनेकोमा जरिवाना गरेनन् तर म्याद नाघेका मुद्दा नछिनी बाँकी राख्नेलाई जरिवाना दर बढाएर मुद्दैपिच्छे दुई रुपियाँ जरिवाना गरेका थिए ।

नेपालको न्याय प्रणालीमा प्रजातन्त्र स्थापना भएपछि राम्रो प्रथाको सुरुवात भएको पाइन्छ । २००८ सालमा तत्कालीन गृहमन्त्री विश्वेश्वरप्रसाद कोइरालाले आफ्ना मित्र हरिप्रसाद प्रधानलाई काठमाडौं बोलाउनुभयो र न्याय व्यवस्थाको उच्चतहमा नियुक्त भएर हरिप्रसाद प्रधानले काम शुरु गर्नुभएको थियो । थुप्रै वाद र राजनैतिक दर्शनमा विभाजित नेपालका न्यायविद्हरू अहिले पनि उहाँको मुक्तकण्ठले प्रशंसा गर्दछन् । स्वतन्त्र व्यक्तित्वका रूपमा परिचित अधिवक्ता प्रकाश वस्ती भन्नुहुन्छ- “न्यायप्रणालीको सन्दर्भमा आज पनि हरिप्रसाद प्रधान इतिहास होइन उद्देश्य बन्नुपर्छ ।” त्यस समयमा हरिप्रसाद प्रधानले न्यायपालिकाभित्र साँच्चै न्यायिक वातावरणको सृजना गर्नुभएको थियो । हरिप्रसाद प्रधानले सम्पादन गरेका कार्यहरूको विवरण खोज्ने काम नेपालको न्यायिक इतिहासले नगरे पनि न्यायक्षेत्रका सम्पूर्णजसो व्यक्तित्वहरू आज पनि पूजा गर्छन्, हरिप्रसाद प्रधानको ।

नेपालको इतिहासमा न्यायपालिकाको नेतृत्व गर्नेहरू सबै इमान्दार देखिएनन् । त्यसकारण बेलाबखत विवादहरू उठ्ने गरे । जब अदालत र यसले सम्पादन गर्ने कार्यहरूका बारेमा सार्वजनिक प्रश्नहरू उठ्थे तब श्री ५ बाट आयोगहरू बनाएको तथ्य इतिहासमा पाइन्छ । अदालतमा ढिलासुस्ती भयो, मुद्दा छिटो छरितो भएन भन्ने सन्दर्भमा २०२७ साल साउन २८ गते तत्कालीन प्रधानन्यायाधीश रत्नबहादुर विष्टको अध्यक्षतामा एउटा उच्चस्तरीय न्यायिक सुधार आयोग बन्यो । आयोगले आफ्नो प्रतिवेदन तत्कालीन न्यायिक अदाधिकारीहरूमाथि इङ्गित गर्दै भनेको छ- “न्यायपालिकाको मर्यादा स्वतः बढ्ने कुरा होइन । मर्यादा बढाउनेतर्फ सम्बन्धित सबैले चिन्तित हुनुपनि त्यत्तिकै आवश्यक छ ।” उक्त आयोगको उपाध्यक्ष तथा वरिष्ठ अधिवक्ता

बासुदेव ढुङ्गाना भन्नुहुन्छ- "त्यसबेला न्यायाधीशको कार्यक्षमता र आचरण प्रमुख समस्याको विषय थिएन, सबैको ध्यान मुद्दा छिटोछरितो कसरी गर्ने भन्ने थियो ।"

तर, यो आयोग बनेको १५ वर्षभित्र न्यायपालिकामा भ्रष्टाचार हुने चर्चा झन्झन् बढ्न थाल्यो । न्यायपालिकाभित्र भ्रष्टाचार हुने गरेको तथ्यलाई मनन् गरेर २०४२ सालमा तत्कालीन सर्वोच्च अदालतका न्यायाधीश ईश्वरराज मिश्रको अध्यक्षतामा शाही न्याय सुधार आयोग बन्यो । उक्त आयोगले आफ्नो प्रतिवेदनमा भनेको छ- "अदालतबाट हुने न्याय निसाफमा भ्रष्टाचारले प्रभाव पार्दै लगेको जनगुनासो छ ।" "०४६ सालअघि अदालत दरबार र पञ्चायतबाट प्रभावित भए पनि अन्य मुद्दामा स्वच्छ नै थियो" वरिष्ठ अधिवक्ता कृष्णप्रसाद भण्डारी भन्नुहुन्छ- "तर ०४६ सालपछि केन्द्रबाट भ्रष्टाचार जिल्लाजिल्लामा दौडियो ।"

तर प्रतिवेदनहरू दराजमै थन्किए । ०४६ सालको परिवर्तनले पनि न्यायपालिकाभित्र प्रजातन्त्र ल्याउन सकेन । बल्लतल्ल २०५० सालमा आएर डोल्पा जिल्ला अदालतका न्यायाधीश ध्रुवलालराज र अर्का न्यायाधीश राजेश्वरमान सिंह अधिकारी भ्रष्टाचारकै अभियोगमा पदमुक्त गरिए । तर रामेश्वरमान अधिकारीहरू पदमुक्त भएको पाँच वर्षमा यो चरित्र निरुत्साहित भएको छैन बरु प्रोत्साहित हुँदैगएको छ । कानुन क्षेत्रको इतिहासका अध्ययनकर्ताहरू भन्छन्- आज पनि ध्रुवलालराजहरूमाथि कारबाहीको खाँचो छ । उनीहरूको तर्क छ- ध्रुवलालराजहरू सधैँ जिल्ला अदालत मात्रै बसिरहँदैनन् । उनीहरू अहिले सर्वोच्च अदालत पनि पुगिसकेका हुनसक्छन् ।

अदालतभित्र भ्रष्टाचार चरम मात्रामा बढेकोतर्फ सङ्केत गर्दै अधिवक्ता प्रकाश वस्ती भन्नुहुन्छ- "१० वर्षअगाडिसम्म म अदालत जाँदा जित्छु र हार्छु भनेको मुद्दा ९५ प्रतिशत मिल्थ्यो तर अहिले ठीक उल्टो छ अर्थात् ९५ प्रतिशत मिल्दैन ।"

अदालतमा हुने भ्रष्टाचारको तथ्यबारे जति विस्तारपूर्वक चर्चा गरे पनि शायद एउटा पनि यस्तो उदाहरण पाइँदैन जहाँ झगडियाहरूले सोझै न्यायाधीशलाई भेटेर पैसा बुझएका होऊन् ।

अदालतभित्र भ्रष्टाचार गर्ने संयन्त्रमा संलग्न काठमाडौं उपत्यकाभित्रको एउटा गिरोहका सदस्यहरू (कानुनी कारणले नाम उल्लेख नगरिएको) प्रायः सातामा एक दिन राजधानीका केही खास होटल र निजी घरहरूमा जम्मा हुन्छन् । 'गुड फ्राइडे' मनाउने नाममा जम्मा हुने उक्त गिरोहमा केही वर्तमान र केही भू.पू. न्यायाधीशहरू, केही वरिष्ठ कर्मचारीहरू, सार्वजनिक जीवनमा प्रतिष्ठित भनिएका केही वकिलहरू त्यहाँ उपस्थित हुने गर्छन् । निजी घरमा आयोजना गरिने यस्ता भोजहरूमा एक हजार रुपियाँ प्वाइन्टसम्म पप्लु खेल्ने गरेको चर्चा कानुन व्यवसायीहरूबीच नै चल्ने गर्छ । अदालती समाचार सूत्रहरूका अनुसार त्यस्ता घर र भोजहरू नै नेपालको न्याय प्रणाली ध्वस्त पार्ने अखडाहरू हुन् । जहाँ मुद्दाको खरिदबिक्री, मोलतोल मात्र होइन मुद्दा जितेपछि रकमको बाँडफाँडसमेत गरिन्छ । अदालत र न्याय क्षेत्रका धेरै मानिसहरू बताउँछन्- बानेश्वरको एक घरमा ठूलै भीडभाड हुने गर्छ ।

कानुनले तोकेभन्दा बढी भत्ताहरू लिने, आयकर नतिर्नेजस्ता कार्यहरू न्यायाधीशहरूबाट भएको छ भन्दै महालेखा परीक्षकको वार्षिक प्रतिवेदन ०५३/५४ मा भनिएको छ "राजश्वमार्फतको श्रेस्ता परीक्षण गर्दा गम्भीर त्रुटिहरू देखिन आएकोले कानुनी कारवाही हुनु अत्यावश्यक देखिएको छ ।" प्रतिवेदनले काठमाडौं जिल्ला अदालतले रसिद सच्याई घटी कारोबार गरेको देखाएर राजश्व रकम हिनामिना गरेकोमा कानुनी कारवाही गर्नुका साथै बिगो बमोजिमको जरिवाना ५ लाख २० हजार ७ सय ४० असुल गर्नुपर्ने देखिन्छ भनेको छ । महालेखाले उल्लेख गर्ने भ्रष्टाचार आफ्नो अधिकार क्षेत्रभित्र परेको अवस्थामा मात्र उल्लेख गर्छ । यसले सबै प्रकारका भ्रष्टाचारलाई आफ्नो अधिकार क्षेत्रभित्र उल्लेख गर्न सक्दैन ।

## जङ्गबहादुरहरूको उदय

अधिवक्ता प्रकाश वस्तीका अनुसार- "नेपाल अधिराज्यको संविधान, २०४७ ले न्यायपालिकालाई स्वतन्त्र र न्यायाधीशहरूलाई बलियो बनायो । न्यायपालिका सरकारी हस्तक्षेप, आग्रह र पूर्वाग्रहबाट मुक्त हुनुपर्छ भन्ने सोचाइ संविधानले राख्यो । जो सैद्धान्तिक रूपमा ठिकै पनि हो । तर ७ वर्षको अनुभवले के देखायो भने न्यायाधीशहरूले स्वतन्त्रतालाई नियन्त्रणहीनताको रूपमा बुझे । जनताको लडाईंबाट आएको प्रजातन्त्रले उनीहरूलाई अधिकार दिएको थियो, जसको सम्मान

गर्ने तत्परता देखाइएन । एउटा पदाधिकारीले भोलि म सेवानिवृत्त भएर गएपछि एउटा नागरिकको हैसियतले पनि बाँच्नुपर्छ भन्ने तथ्य बिर्सिन थाल्यो । ऊ सँधै आफूलाई पदाधिकारी मात्र देख्न थाल्यो । फलतः न्यायपालिकाभित्र प्रजातन्त्र झन्झन् टाढा हुँदैगयो ।

जिल्ला अदालत र पुनरावेदन अदालतमाथि न्यायपरिषद् नाम गरेको अङ्गले नियन्त्रण गर्ला भन्ने विश्वास जाहेर गर्ने हो भने पनि सर्वोच्च अदालत न्यायाधीशहरूमाथि भने नियन्त्रण गर्ने कुनै प्रभावकारी निकाय छैन । २०४७ सालको संविधान निर्माताहरूले यस्तो ठाने– "न्यायाधीश भनेका अरू कुनै लोकबाट आउने प्राणी हुन् । उनीहरू सबै दूधले धोएका हुन्छन् फलतः आम जनताले जङ्गबहादुरको शासन समाप्त भएको झण्डै ५० वर्षपछि फेरि न्याय क्षेत्रमा केही जङ्गबहादुरको उदय देख्नु पर्न थाल्यो । आज सर्वोच्च अदालतमा कुनै न्यायाधीशले गल्ती नै गरेछ भने पनि त्यो कामउपर कारवाही गर्ने कुनै निकाय छैन ।" यो प्रसङ्गमा धेरैले संसदलाई सम्झन सक्छन् । महाभियोग लगाउन संसदले सक्ने वैधानिक व्यवस्था हुँदाहुँदै पनि आफ्नै आयुको टुङ्गो नभएको संसदले र आफैं बेरुजू र अनियमितताको भासमा डुबेका सांसदले यो क्षेत्रमा केही गर्न सक्लान् भन्ने अनुमान गर्न सकिन्न ।

तर, सभामुख रामचन्द्र पौडेल चाहिं आशावादी हुनुहुन्छ । यो जिज्ञासाको उत्तर दिँदै २०५४/५५ चैत-जेठको असल शासन बुलेटिनमा उहाँले भन्नुभएको छ- "अख्तियार दुरूपयोग अनुसन्धान आयोगले पेश गरेका अधिकांश भ्रष्टाचारका मुद्दाहरू हार्नुका पछाडि धेरै कारणहरूमध्ये वर्तमान संविधानले न्यायपालिकालाई अपरिवर्तनीय तथा असीमित अधिकार दिएकोले त्यस्ता ठाउँमा बस्ने अधिकारीहरूबाट अखण्डित अधिकारको प्रयोग गर्दा स्वविवेकीय अधिकार प्रयोग गर्ने र सामाजिक मूल्य, मान्यता र उपयोगिताको अस्तित्वलाई आफ्ना अकाट्य बोली र शब्दको प्रयोजनबाट निस्तेज पार्ने गरेको महसूस भएको छ । यो प्रवृत्तिलाई हामीले संसद्बाट हेरिरहेका छौं । यो व्यवहार अझै आउँदा दिनमा पनि देखिने निश्चित छ । किनभने यहाँ गरिमामय संस्थाहरूबाट नै ऐन, नियम, कानूनको अवहेलना हुने गरेको छ । जनता टुलुटुलु हेरिरहेका छन् ।

तर तपाईंलाई थाहा छ कसैले पनि रमिता लामो समयसम्म हेरिरहँदैन । उसको धैर्य कुनै पनि क्षण टुट्न सक्दछ । त्यसैले न्याय क्षेत्रमा यदि लामोसमयसम्म

अराजक र अविवेकी निर्णयहरू भइरहे भने एकदिन संसद बाध्य हुनेछ, ५२ जना सांसदको सहयोगमा त्यस्ता भ्रष्ट अधिकारीहरूलाई महाभियोग लगाउन सकिनेछ, जुन प्रजातान्त्रिक संविधानले संसदलाई अधिकार दिएको छ । कुनै पनि व्यक्ति वा समुदायबाट संविधानको भावनाविपरीत कार्य भएको बलियो आधार भएमा संसद् आफ्नो अधिकार प्रयोग गर्न सदैव सचेत छ ।"

न्यायपरिषद् नेपालको न्यायपालिकाको नेतृत्वकारी अङ्ग हो । यसमा प्रधानन्यायाधीशको नेतृत्वमा सर्वोच्च अदालतका वरिष्ठ दुई न्यायाधीशहरू, श्री ५ बाट मनोनीत एकजना कानुनवेत्ता र कानुन तथा न्यायमन्त्री रहने व्यवस्था छ । कानून तथा न्यायविद्हरूका अनुसार न्यायपरिषद् नाम गरेको यो निकाय नै वास्तवमा यति पङ्गु छ कि यसले सही मौका सही निर्णय भएको भन्न सकिने काम गरेको छैन । अझ वरिष्ठ अधिवक्ता कृष्णप्रसाद भण्डारीका शब्दमा भन्दा "न्यायपरिषद्ले न्यायाधीशको नियुक्ति नै गर्दैन, यसले त भ्रष्टाचारीहरूको सेवा मात्रै गर्छ र यसको उपादेयता शून्यप्रायः छ ।" न्यायाधीशहरूको नियुक्ति गर्ने निकाय अपवित्र भएपछि त्यसले गरेका नियुक्तिहरू पवित्र हुने कुरै भएन । तर न्यायपरिषद्ले यस सम्बन्धमा आफ्नो कुनै धारणा सार्वजनिक गर्न चाहेन । परिषद्को काम र जिम्मेवारीका सम्बन्धमा उठेका यस्ता प्रश्नहरूका सम्बन्धमा त्यसका सचिव इन्दिरा राणा पनि मौन नै बस्न रुचाउनुभयो ।

न्यायपरिषद्जस्तो यस्तो संवेदनशील निकाय कोहीप्रति जिम्मेवार हुनुपर्ने व्यवस्था छैन । सर्वोच्च अदालतका प्रधानन्यायाधीशलाई महाभियोगमार्फत् कारबाही गर्न सकिने प्रावधान संविधानमा भएपनि सत्ता र विपक्षको नाममा चर्को विभाजन रहेको हाम्रो संसदले यो अधिकार प्रयोग गर्नसक्ने राजनीतिक अवस्था छैन । संसदभित्रको तीव्र विभाजनको यो फाइदाको भरपूर उपयोग गर्ने निकायमध्ये न्यायपरिषद् पनि एउटा निकाय भएको छ । तर प्रजातान्त्रिक प्रणालीभित्र जन्मिएका जङ्गबहादुरको जगजगी बढ्दै गएकोले यसलाई नियन्त्रण गर्नेतर्फ कदम उठ्ने सम्भावना बढ्न थालेका छन् । संसदको कानुन तथा न्याय र संसदीय व्यवस्था सम्बन्धी समितिले पनि अदालतप्रतिका गुनासाबारे चासो राख्न थालेको छ । समितिका एकजना सदस्य भन्छन्- "समिति भनेको आफैंमा संसद हो, यसले आफ्नो अधिकार प्रयोग गर्नुपर्ने हो वा होइन भन्नेतर्फ हामी ध्यान दिन थालेका छौं ।" त्यस्तै कानुनविद् तथा वर्तमान संविधान निर्माताामध्येका एक वरिष्ठ

अधिवक्ता मुकुन्द रेग्मी भन्नुहुन्छ- "न्यायपरिषद्मा अदालतकै बहुमत रहने प्रावधानमा पुनर्विचार हुनुपर्थ्यो कि जस्तो लाग्छ ।"

भ्रष्टहरू र आचरणहीनहरू अकुत सम्पत्ति कमाउँछन्, कालो धन जोड्छन् उनीहरूको यो कर्तुत सार्वजनिक हुने सङ्केत मात्र पाए भने उनीहरू मानहानि र गाली वेइज्जतीको डण्डा लिएर अघि सर्छन् । 'मानहानि' 'गाली वेइज्जती'जस्ता संवेदनशील प्रावधानहरू अदालती कमी कमजोरीबाट रक्षा गर्ने रक्षाकवच बनाउने प्रयत्न भइरहेको छ । वरिष्ठ अधिवक्ता गणेशराज शर्माको अनुसार, मानहानि सर्वोच्च अदालतको अहङ्कार बन्नु हुँदैन र प्रजातान्त्रिक वातावरणमा यो अधिकार प्रयोग गर्दा बहुत ध्यान पुऱ्याउनु पर्छ । त्यस्तै मानव विकास प्रतिवेदन १९९८ मा भनिएको छ- "अदालतको अपहेलनासम्बन्धी नियमलाई संशोधन गर्नुपर्छ, किनभने आधुनिक प्रजातान्त्रिक व्यवस्थामा त्यस्तो नियम सान्दर्भिक हुँदैन ।"

## के गर्न सकिएला ?

"भ्रष्टाचार कदापि क्षम्य हुने छैन" प्रधानन्यायाधीश मोहनप्रसाद शर्माले कानुन अङ्क ८ मा अन्तर्वार्ता दिँदै भन्नुभएको छ- "भ्रष्टाचारको चर्चा हुनु र आधार हुनु बेग्लाबेग्लै कुरा हुन् चर्चाको भरमा मात्र कारबाही गर्न सकिन्न ।" नवनियुक्त प्रधानन्यायाधीश मोहनप्रसाद शर्माको यो वचनलाई सबैले स्वागत गरेका छन् ।

अझ यसअघि प्रधानन्यायाधीश रहनुभएका ओमभक्त श्रेष्ठले पनि यस्तै वचन सार्वजनिक गर्नुभएको थियो । उहाँको भनाइ थियो- "अदालतभित्रका सबैखाले अनियमितताहरू नियन्त्रण गरिनेछन् ।" उहाँले त अझ यस कार्यमा प्रेसले पनि 'वाच डग'को भूमिका निर्वाह गर्नुपर्ने बताउनुभएको थियो ।

प्रधानन्यायाधीश पदमा औपचारिक रूपमा नियुक्त हुँदा दुईचार शब्द औपचारिकताका लागि बोल्नु एउटा कुरा हो र न्यायपालिकामा साँच्चै सुधार गर्ने हो भने त्यस अनुसार काम गर्नु अर्को कुरा हो । त्यसकारण वर्तमान प्रधानन्यायाधीश मोहनप्रसाद शर्माबाट अदालती क्षेत्रसँग सम्बन्धितहरूले मात्र होइन, वर्तमान प्रजातान्त्रिक संरचनामा आस्थावान् सबैले ठूलो आशा राखेका छन् । न्यायपालिका भ्रष्ट भयो भने यो आफू मात्र समाप्त हुँदैन यसले कार्यपालिका र व्यवस्थापिकासँग राख्ने शक्ति सन्तुलनको हैसियत पनि समाप्त गर्छ । फलत: जनताले बहुदलीय व्यवस्था भनेकै स्वेच्छाचारिताको पराकाष्ठा हो भन्ने ठान्न पुग्छन् ।

अधिकारको अध्ययन गर्दा नेपालको न्यायपालिका भनेको एक अर्थमा प्रधानन्यायाधीश पनि हो । प्रधानन्यायाधीशले ठीक बाटोमा हिँडाउन खोजे न्यायपालिका आफैँ ठीक बाटोमा हिँड्छ । अझ न्याय क्षेत्रका विशेषज्ञहरू भन्छन् - एउटा प्रधानन्यायाधीशले मात्र चाह्यो भने न्यायपालिकाभित्रका अधिकांश समस्या समाधान हुन्छन् ।

अदालतभित्र भ्रष्टाचार बढ्नुमा राजनैतिक नियुक्तिको रूपमा आएका पुनरावेदन अदालतका न्यायाधीशहरूको पनि हात रहेको चर्चा न्यायक्षेत्रभित्रै सुनिँदै आएको छ । कार्यपालिका भ्रष्ट भयो भनेर औंला उठाइरहेको वर्तमान अवस्थामा त्यसको दवावमा नियुक्त व्यक्तिहरूले भ्रष्टाचार गरेनन् होला भन्ने ठाउँ छैन । तर अब कार्यपालिका र व्यवस्थापिका भ्रष्ट भयो भनेर मात्र प्रधानन्यायाधीशले उम्कने ठाउँ छैन । अदालत त्यहाँको भ्रष्टाचारलाई पनि नियन्त्रण गर्ने निकाय हो ।

नेपाली समाजका सबैजसो क्षेत्रमा भ्रष्टाचार बढ्नुमा नेपालीहरूको मनोवृत्ति पनि दोषी छ । यो अदालतको मात्र नभएर सबैका लागि चुनौतीको विषय हो । न्याय-कानुन क्षेत्रमा भ्रष्टाचार छ कि छैन भन्ने कुरामा विवाद गरिरहनु पर्दैन । मुद्दा गरेपछि कुनै झगडिया सबैभन्दा पहिले वकिल, फाँटवाला अथवा सम्बद्ध अरू कोही व्यक्ति चिनेको छ कि भनेर चाहर्छ । यो नेपाली मानसिकताको उपज हो ।

आफ्ना मान्छे भएनन् भने मुद्दा जितिँदैन भन्ने मनोवृत्ति नेपाली मानसिकताले आत्मसात गरिसकेको छ । यस्तो अवस्थामा अदालतजस्ता न्यायरूपी मन्दिरहरूले निष्पक्ष र स्वच्छ न्याय सम्पादन गरेर मात्र पुग्दैन, जनताको मानसपटलमा जरो गाडेर बसेको मनोवृत्ति हटाउन पनि सक्रीय हुनुपर्छ । यस अर्थमा न्यायालयले न्याय निष्पक्ष र स्वच्छ भएको देखाउनु पनि जरुरी छ ।

अदालतभित्र सुधार र सुव्यवस्था आवश्यक मात्र होइन अनिवार्य नै भइसकेको छ । प्रजातान्त्रिक संरचनाभित्र न्यायपालिकाले पनि आफूमा भएका गल्ती कमजोरीहरूलाई सुधार गर्नुबाहेक अर्को विकल्प छैन । फेरि व्यवस्थापिका र कार्यपालिकाबीच शक्ति सन्तुलनको महत्त्वपूर्ण निकाय भएकोले पनि यसो संस्था पवित्र रहनु आवश्यक छ । आकारको हिसाबले भन्नुपर्दा कार्यपालिका र व्यवस्थापिकामा भन्दा न्यायपालिकाभित्र भ्रष्टाचारको आकार निश्चय नै सानो

छ । तर न्यायपालिकाजस्तो पवित्र संस्थाभित्र साना नै भए पनि भ्रष्टाचार हुनुचाहिँ आफैंमा ठूलो विषय हो । तसर्थ यस्तो पवित्र मन्दिरभित्र बसेर अपवित्र गतिविधि गर्ने केही व्यक्तिहरूमाथि सबैले औंला उठाउनै पर्छ । र, न्याय प्रशासनको ध्यान यसतर्फ केन्द्रित हुनैपर्छ, किनभने प्रजातान्त्रिक प्रणालीमा न्यायपालिकासँग सुध्रनुबाहेक अरू कुनै विकल्प छैन ।

*(२०५५ साउन १ गतेको काठमाडौँ टुडे नामक मासिक पत्रिकामा प्रकाशित ।)*